
# बालबिकास तथा सिकाइ

## प्रशिक्षक निर्देशिका

## पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम
## (प्रथम सेमेष्टर)

२०६०




श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति बिकास केन्द्र
सानोठिमी, भक्तपुर

परीक्षणको लागि

155.4
NCE-b
2060

परीक्षणको लागि

# बालविकास तथा सिकाइ
## पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम
### प्रथम सेमेष्टर

प्रशिक्षक निर्देशिका

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

प्रथम संस्करण २०६०

G420

लेखन समूह
१. श्री ईश्वरीप्रसाद ज्ञवाली
२. श्री भोजबहादुर बलायर
३. श्री मुक्ति सिंह ठकुरी
४. श्री माया राई

विषयवस्तु सम्पादन
श्री लक्ष्मीप्रसाद खत्री

भाषा सम्पादन
श्री गीरमान थापा

संयोजन
श्री रामहरि श्रेष्ठ
श्री ईश्वरीप्रसाद ज्ञवाली

प्राविधिक सल्लाहकार
१. डा. गजेन्द्रमान श्रेष्ठ
२. डा. विष्णु सिं राई

आवरण डिजाइन
सुमन बज्राचार्य

कम्प्युटर सेटिङ
श्री अनिल कार्की

परीक्षणको लागि

# बालबिकास तथा सिकाइ

## पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम

### प्रथम सेमेष्टर

प्रशिक्षक निर्देशिका

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

२५८६८

**प्रकाशक**

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

प्रथम संस्करण २०६०

G420

**लेखन समूह**
१. श्री ईश्वरीप्रसाद ज्ञवाली
२. श्री भोजबहादुर बलायर
३. श्री मुक्ति सिंह ठकुरी
४. श्री माया राई

**विषयवस्तु सम्पादन**
श्री लक्ष्मीप्रसाद खत्री

**भाषा सम्पादन**
श्री गीरमान थापा

**संयोजन**
श्री रामहरि श्रेष्ठ
श्री ईश्वरीप्रसाद ज्ञवाली

**प्राविधिक सल्लाहकार**
१. डा. गजेन्द्रमान श्रेष्ठ
२. डा. विष्णु सिं राई

**आवरण डिजाइन**
सुमन बज्राचार्य

**कम्प्युटर सेटिङ**
श्री अनिल कार्की

# भूमिका

बालविकास तथा सिकाइ विषयको प्रस्तुत प्रशिक्षार्थी स्रोतसामग्री १० महिने पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिममा सहभागी हुने प्रशिक्षार्थीहरूका लागि अध्ययन सामग्रीको रूपमा तयार गरिएको हो। यो प्रशिक्षार्थी स्रोतसामग्री पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम पाठ्यक्रममा आधारित छ। यस सामग्रीको प्रयोगबाट प्राशिक्षार्थीहरूले तालिममा सिकेका कुराहरूलाई अझ सबलीकरण गर्ने एवम् कक्षाकोठामा प्रयोग गर्न सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ।

यस सामग्रीभित्र सफल प्राथमिक शिक्षक बन्न आवश्यक पर्ने आधारभूत विषयवस्तुहरू, जस्तै- प्राथमिक विद्यालय उमेरका बालबालिकाका विशेषता, आवश्यकता, रूचिहरू, बालबालिकाको विकासमा शिक्षकहरूको भूमिका, बालबालिकाहरूका सिकाइ तरिका, अभिप्रेरणा तथा व्यवहार परिवर्तनजस्ता विषयवस्तु समावेश गरिएकाछन्।

सामग्री तयारी गर्नका लागि प्रमुखरूपमा पूर्वसेवाकालिन प्राथमिक शिक्षक तालिम पाठ्यक्रमको आधार लिइएको छ। लेखक तथा सम्पादकहरूका लागि प्राविधिक सल्लाहकारबाट अभिमुखीकरण कार्यशाला सञ्चालन भई सामग्रीको स्वरूप निर्धारण गरी तदनुरूप लेखनकार्य अगाडि बढाइएको थियो। लेखनकार्यको क्रममा विभिन्न पुनरावलोकन कार्यशालाबाट आवश्यक सुधार गरी यस रूपमा तयार गरिएको छ।

प्रस्तुत सामग्री शैक्षिक जनशक्ति विकास केन्द्रबाट तयार गरी परीक्षणको रूपमा प्रयोगमा ल्याइएको छ। शिक्षक, प्रशिक्षक, अनुसन्धानकर्ता, शिक्षाविद्लगायत यस सामग्रीको प्रयोग तथा अध्ययन गर्ने सम्पूर्ण पाठक वर्गबाट यस सामग्रीमा भएका कमीकमजोरी औंल्याई सुधारका लागि आवश्यक सुझावको अपेक्षा यस केन्द्रले राखेको छ। प्राप्त हुने रचनात्मक सुझावहरूलाई आगामी संस्करणमा समावेश गरिनेछ।

प्रस्तुत सामग्री तयारी गर्ने कार्यमा संलग्न लेखक, सम्पादक, प्राविधिक सल्लाहकार एवम् सबै महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ।

२०६० साल, असार

अर्जुनबहादुर भण्डारी
कार्यकारी निर्देशक

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| एकाइ १ | प्राथमिक विद्यालय उमेरका बालबालिकाका विशेषता, आवश्यकता तथा रूचिहरू | १ |
| एकाइ २ | प्राथमिक विद्यालय उमेरका बालबालिकाको विकासमा शिक्षकको भूमिका | २२ |
| एकाइ ३ | बालबालिकाको सिकाइ | २७ |
| एकाइ ४ | अभिप्रेरणा | ६० |
| एकाइ ५ | व्यवहार परिमार्जन | ७२ |
| एकाइ ६ | बालबालिकाको सामाजिकीकरण | ८७ |
| एकाइ ७ | विशेष प्रकृतिका बालबालिकाहरूको विशेषताहरू | ९६ |

## एकाइ – १

**समय – २८ घण्टा**

### १. एकाइ शीर्षक

प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको विशेषता, आवश्यकता एवम् अभिरूचिहरू

### २. एकाइ परिचय

नेपालको प्राथमिक शिक्षामा समयानुसार विभिन्न संरचनाहरू प्रस्तुत भएको पाइन्छ। सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, २०१८ ले प्राथमिक तहलाई कक्षा १ देखि ५ सम्म कायम गरेको थियो। राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ ले कक्षा १ देखि ३ सम्मलाई प्राथमिक तहमा व्यवस्थित गऱ्यो भने यस संरचनालाई वि.सं. २०३८ सालदेखि परिवर्तन गरी कक्षा १ देखि ५ सम्म नै कायम गरियो। यो वर्तमान अवस्थामा पनि कायमै छ। प्राथमिक तहसम्मको विद्यालयीय शिक्षाको संरचनाअनुसार ६ वर्षदेखि १० वर्षसम्मका बालबालिकाहरू क्रमशः कक्षा १ मा भर्ना भएर कक्षा ५ वा प्राथमिक तह पूरा गर्दछन्। विकासात्मक मनोविज्ञानले मानव विकासलाई विभिन्न अवस्थाहरूमा वर्गीकरण गरेको छ। तिनीहरूमध्ये एउटा अवस्था उत्तरबाल्यावस्था (Late childhood) हो। उत्तरबाल्यावस्थाका बालबालिकाहरूले सामान्यतया प्राथमिक विद्यालय तहमा अध्ययन गर्नुपर्दछ। घरायसी वातावरणबाट सिधै विद्यालयीय वातावरणको सम्पर्कमा रहनुपर्दा बालबालिकाहरूलाई विविध समस्याहरू भेल्नुपर्ने पनि हुन्छ। यसको लागि शिक्षकले उनीहरूसँग सामिप्यता र घनिष्टता स्थापित गर्नुपर्ने हुन्छ। जबसम्म बालबालिकाहरूको विशेषता, अभिरूचि र आवश्यकताबारे शिक्षकबाट गहिरो अध्ययन हुँदैन तबसम्म बालबालिकाहरूको समस्याहरू सुल्झाउन व्यावहारिक उपायहरू पत्ता लगाउन पनि गाह्रो हुन्छ। त्यसैले प्राथमिक तहका विद्यार्थीहरूको विकासात्मक विशेषताहरू, आवश्यकता र अभिरूचिहरूका बारेमा शिक्षकलाई ज्ञान हुनु अनिवार्य हुन्छ। प्रस्तुत एकाइमा यिनै कुराको बारेमा शिक्षकहरूलाई परिचित गराउने प्रयास गरिएको छ।

### ३. एकाइको उद्देश्य

यस एकाइको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्नेछन्:-

(क) प्राथमिक विद्यालय जाने बालबालिकाहरूको सामान्य विशेषताहरूको सूचि तयार गरी वर्णन गर्न।

(ख) प्राथमिक तहका बालबालिकाहरूको आवश्यकताहरू पहिचान गरी वर्णन गर्न।

(ग) प्राथमिक तहका बालबालिकाहरूको अभिरूचिहरूको सूचि तयार गरी वर्णन गर्न।

### ४. शिक्षण सामग्रीहरू

(क) चार्टहरू

(१) कारकतत्त्वसम्बन्धी चार्ट

(२) प्राथमिक तहका बालबालिकाहरूको विशेषतासम्बन्धी चार्ट

(३) बालबालिकाहरूको परिवेश उल्लेख गरिएको चार्ट

(४) आवश्यकता र अभिरूचिसम्बन्धी चार्ट

(५) बालबालिकाहरूको शारीरिक, सामाजिक, आर्थिक, बौद्धिक, संवेगात्मक विकास जगाउने चित्रहरू

(ख) कार्डबोर्डका टुक्राहरू (व्यक्तिगत रूपमा विशेषता, आवश्यकताहरू पत्ता लगाउन लेख्न प्रयोग गरिने कार्डबोर्डका टुक्राहरू)

(ग) न्यूज प्रिन्ट, साइनपेन, मार्करपेन, कैंची, गम, टेप आदि ।

## ५. मुख्य क्रियाकलापहरू



| | समय |
|---|---|
| (क) प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको विशेषताहरूको सूची तयार एवम् वर्णन | ६ घण्टा |
| (ख) प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको आवश्यकताहरूको पहिचान र वर्णन | ४ घण्टा |
| (ग) प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको अभिरूचि पहिचान र वर्णन | ३ घण्टा |
| (घ) शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक सीपहरूको आधारमा प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको विशेषताहरूको वर्गीकरण | ३ घण्टा |


## ६. विस्तृत क्रियाकलाप

### ६.१ प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको सामान्य विशेषताहरू

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| १. प्रशिक्षार्थीहरूलाई उनीहरूका अभिरूचि, आवश्यकता र क्षमताहरू पहिचान गर्ने warm up activity :-<br><br>प्रशिक्षार्थीहरूलाई न्युजप्रिन्ट वितरण गरी आफूलाई सबैभन्दा कुन कुराको आवश्यकता छ र कुन क्षेत्रमा बढी अभिरूचि छ लेख्न निर्देशन दिने । | १. प्रशिक्षकको निर्देशनबमोजिम सबैले आ-आफ्नो अभिरूचि र आवश्यकता टिप्ने । |
| २. न्युजप्रिन्ट सबैले देख्ने गरी राख्ने र के कस्ता आवश्यकता र अभिरूचिहरू आए, समानता के कतिमा देखियो र विविधता कति सङ्ख्यामा आए विभिन्न रङ्गद्वारा चिन्ह लगाउने । | २. समान र फरक आवश्यकता र अभिरूचिहरू छुट्याउन प्रशिक्षकलाई सहयोग गर्ने । |
| ३. यस क्रियाकलापबाट के पत्ता लगाउनुभयो भन्ने प्रश्न गरी समूहमा छलफल गरी मूल सार प्रत्येक समूहलाई बताउन लगाई कालोपाटीमा टिप्ने । | ३. समूहमा छलफल गर्ने र त्यसको सार बताउने । |


| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ४. व्यक्ति पिच्छे विभिन्न आवश्यकता र अभिरूचि हुन्छन् भन्ने निष्कर्षबाट प्राथमिक तहका बालबालिकाहरूमा पनि विभिन्न आवश्यकता र अभिरूचिहरू हुन्छन् र यसमा व्यक्तिको वैयक्तिक विभिन्नताको ठूलो भूमिका हुन्छ । जसको परिणाम उनीहरूको क्षमता (सिकाइ क्षमता) मा ठूलो असर पारेको हुन्छ । भन्ने निष्कर्ष निकाल्ने । | ४. प्रशिक्षकको क्रियाकलापबाट निम्न निष्कर्ष निकाल्ने:- <br>(क) प्राथमिक विद्यालय तहका बालबालिकाहरूका विभिन्न आवश्यकता हुन्छन् । <br>(ख) प्राथमिक विद्यालय तहका बालबालिकाहरूका विभिन्न अभिरूचि हुन्छन् । <br>(ग) सबै बालबालिकाहरूको सिक्न सक्ने क्षमतामा विभिन्नता हुन्छ । |
| ५. यस क्रियाकलापलाई स्पष्ट पार्न तलको घटना अध्ययन गरी निष्कर्षमा पुग्न लगाउने- "गणेश, सुवास र सुवर्ण कक्षा २ मा अध्ययन गर्ने विद्यार्थी हुन् । गणेशलाई पढ्न भनेपछि ज्यादै अल्छी लाग्छ र खेल्न पाए दङ्ग हुन्छ । सुवास साथीहरूसँग मिलेर बस्न सक्छन् र धेरैबेर एकै ठाउँमा बस्न सक्दैन तर खेल्न ज्यादै उत्सुक हुन्छन् । सुवर्ण शिक्षकले भनेको कुरालाई ध्यानपूर्वक सुन्ने र निर्देशनको पालना गर्ने गर्दछ तर कक्षामा चञ्चलता देखाउँछ । यी सबैलाई आवश्यक पौष्टिक आहार, खेलकुद, स्याहार-सुसार, माया-ममता आदिको साझा आवश्यकता छ । | ५. नं. ४ मा प्रस्तुत निष्कर्षलाई पुन: बढावा दिनेछन् । |
| ६. प्रस्तुत घटनाबाट बालबालिकामा विभिन्न प्रकारका आवश्यकता, अभिरूचिहरू हुन्छन् । तिनबाट सिक्ने क्षमतामा पनि असर पर्दछ भन्ने निस्कर्ष दिई समग्र रूपमा बालविकासको लागि असर पार्ने केके तत्त्वहरू हुन सक्दछन् भनी समूहसमूहमा छोटो छलफल गर्न लगाउने । प्रत्येक समूहबाट प्रश्नको जवाफ लिदै कालोपाटीमा टिप्ने र उत्तर मिल्यो मिलेन, निम्नानुसार तयार पारिएको चार्ट प्रदर्शन गरी छानविन गर्न लगाउने । | ६. समूहमा छलफल गर्ने र उत्तर दिनुका साथै प्रदर्शन गरिएको चार्टसँग आफूले दिएका उत्तरहरू मिले मिलेनन् छानविन गरी मुख्यमुख्य कारक तत्त्वहरू टिपोट गर्ने । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| **नमूना चार्ट**<br><br> | |
| ७. विविध आवश्यकता, अभिरूचि र सिक्ने क्षमताहरूमा फरकपन भएका बालबालिकाहरूको खासखास विशेषताहरू पहिचान र वर्णन गर्न शिक्षकको लागि आवश्यक भएको कुरा बताउने । साथै उक्त कार्य किन आवश्यक छ भन्ने बारेमा सामान्य छलफल गराउने ।<br><br>**प्राथमिक विद्यालय उमेर समूह ६ देखि १० वर्ष**<br><br> | ७. आवश्यक हुनाको कारणका बारेमा छलफल गर्ने । |
| ८. प्रशिक्षार्थीलाई एकएक कार्डबोर्डको टुक्राहरू वितरण गरी उक्त कार्डबोर्डको टुक्रामा ६ देखि १० वर्ष उमेरका प्राथमिक विद्यालय उमेर समूहका बालबालिकाहरूको आवश्यकता, अभिरूचि र क्षमताको आधारमा बानी, व्यवहार र स्वभावजस्ता क्षेत्रमा देखापर्ने विशेषताहरू उनीहरूको अनुभवका आधारमा टिप्न लगाउने । | ८. प्रत्येक प्रशिक्षार्थीहरूले विशेषताहरू कार्डबोर्डका टुक्रामा टिप्ने । |
| ९. सबैले टिपोट गरेका कार्डलाई समूहमा सङ्कलन गर्न लगाउने । | ९. सङ्कलनमा प्रशिक्षकलाई मद्दत गर्ने । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
| --- | --- |
| १०. समूहमा केही कार्डबोर्डका खाली टुक्रा दिने र गलत एवम् दोहोरो परेकालाई हटाउन लगाउने साथै थपथाप गर्न उक्त खाली टुक्राहरूको प्रयोग गर्ने । | १०. गलत र दोहोरो परेकालाई हटाउने र थप केही कुरा भए खाली कार्डबोर्डका टुक्रामा लेख्ने । |
| ११. समूहहरूलाई एउटाएउटा ठूलो कार्डबोर्ड दिई बीचमा वृत्ताकारमा प्राथमिक विद्यालय उमेर समूह लेखी त्यसको चारैतिर समूहबाट प्रस्तुत भएका साना कार्डबोर्डहरूका टुक्रा गम वा सेलोटेपले टाँस्न लगाउने । | ११. सबै समूहले निर्देशन वमोजिम गर्ने ।<br>**नमूना चार्ट**<br> |
| १२. प्रत्येक समूहद्वारा तयार गरिएको चार्टलाई भित्तामा टाँस्न लगाई क्रमश: आ-आफ्नो समूहको प्रस्तुतीकरण गर्न लगाउने अन्य सहभागीहरूलाई सुधारात्मक सुझावहरू थप गर्न लगाउने । | १२. प्रशिक्षकको निर्देशनवमोजिम प्रस्तुतीकरण गर्ने र सुधारात्मक सुझावहरू दिई चार्टलाई पूर्ण रूप दिने । |
| १३. प्रशिक्षकले पाठ्यक्रमले निर्दिष्ट गरेवमोजिमको विशेषताको चार्ट प्रस्तुत गरी प्रशिक्षार्थीहरूद्वारा प्रदर्शन गरिएका विभिन्न विशेषताहरूसँग तुलनात्मक दृष्टिकोणबाट अध्ययन गर्न समूह छलफल गराउने ।<br>**नमूना चार्ट**<br> | १३. प्रशिक्षकद्वारा प्रदर्शन गरिएको चार्टमा आफ्नो समूहले प्रस्तुत गरेका बुँदाहरू कुनसँग सम्बन्धित छन् सोको पछाडि सङ्केतद्वारा चिन्ह लगाउने र मेल नखानेलाई छलफल गरी हटाउने । |
| १४. माथिका विशेषताहरू पालैपालो वर्णन गर्ने र वर्णन गरिसकेपछि प्रत्येक विशेषता प्रशिक्षार्थीलाई समेत वर्णन गर्न लगाउने । | १४. प्रशिक्षकको निर्देशनमा प्रत्येक विशेषताहरू वर्णन गर्ने । |
| १५. माथिका विशेषताहरू कुनकुन विकासात्मक अवस्थाहरू (जस्तै: शारीरिक, सीपसम्बन्धी, सामाजिक, भाषिक, बौद्धिक, संवेगात्मक विकास) अन्तर्गत पर्दछन्, प्रशिक्षार्थीलाई सोधी छलफलद्वारा सही उत्तरको समीक्षा गर्ने । | १५. छलफलद्वारा विशेषताहरूलाई विकासका विभिन्न क्षेत्रहरूअन्तरगत समावेश गर्ने । |

## ६.२ प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको अवश्यकताहरू

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| १. तलको घटनालाई अध्ययन गर्न लगाउने: मुनेश कक्षा ३ मा अध्ययन गर्ने विद्यार्थी हुन् । उनी शारीरिक रूपमा दुब्लो र कमजोर छन् । कक्षाकोठामा सक्रिय भएर शिक्षणसिकाइ क्रियाकलापहरूमा सहभागी हुन सक्दैनन् । साथीहरूसँग खेल्न रूचाउँदैनन् र विद्यालयमा पनि दिन विराएर मात्र आउने गर्छन् । | १. घटनालाई ध्यानपूर्वक अध्ययन गर्ने । |
| २. माथिको घटनाबाट के कुरा पत्ता लाग्दछ ? समूहमा व्यक्तिगत टिपोटका आधारमा छलफल गर्न लगाउने र प्रशिक्षकले सोको समीक्षा गर्ने । | २. प्रस्तुत घटनाको सार निकाल्ने:-<br>• प्रत्येक बालबालिकाहरूका फरक आवश्यकताहरू हुन्छन् ।<br>• आवश्यकताहरूलाई ध्यान दिइ सो पूरा गरेमा बालविकास सम्भव हुन्छ ।<br>• सिकाइको लागि वैयक्तिक आवश्यकताहरू पूरा गर्नु पर्दछ । |
| ३. नेपालमा प्राथमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको परिवेशहरू पत्ता लगाउन सबैलाई आ-आफ्नो अध्ययन गरेको प्राथमिक विद्यालयको परिवेशका बारेमा सोच्ने र सोको टिपोट गर्न लगाउने । | ३. आ-आफ्नो अध्ययन गरेको विद्यालयको परिवेशका बुँदाहरू टिपोट गर्ने । |
| ४. प्रशिक्षार्थीले टिपोट गरेका परिवेशहरू निम्नानुसारको मुख्य परिवेश उल्लेख गरिएको चार्टसँग कतिको मेल खान्छन् दाँज्न लगाउने । | ४. प्रशिक्षकद्वारा प्रस्तुत गरिएको चार्टसँग आफूले टिपोट गरेमा बुँदाहरू दाँज्नेछन् । |



| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
| --- | --- |
| ५. प्रस्तुत गरिएको चार्टको आधारमा प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूको आवश्यकताहरू पहिचान गर्न समूहमा छलफल गर्न लगाउने । | ५. सबै समूहले प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूको आवश्यकताहरू के-के हुन्छन्, समूहमा छलफल गर्ने । |
| ६. सबै समूहलाई एउटाएउटा कार्डबोर्ड दिई समूहमा छलफल भएका बुँदाहरू टिप्न लगाउने । | ६. समूहबाट प्राप्त बुँदाहरू टिपोट गर्नेछन् ।<br><br>**सम्भाव्य उत्तर:**<br>• पौष्टिक आहार<br>• सामाजिक सीप प्राप्त गर्ने<br>• खाजा र पानीको व्यवस्था<br>• क्षमता प्रदर्शन गर्ने<br>• सरसफाई<br>• नैतिक मूल्य र आदर्श प्राप्त गर्ने<br>• विद्यालय पोशाक<br>• माया, ममता (शिक्षकको/सहपाठीको/ परिवारको)<br>• मातृभाषाद्वारा सिकाइ<br>• प्रशस्त खेल्ने<br>• प्रसन्न रहन चाहने<br>• सबैबाट मान्यता पाउनु<br>• परीक्षामा राम्रो अङ्क ल्याउनु<br>• उनीहरूको सामाजिक, सांस्कृतिक मूल्य मान्यताहरूलाई मान्यता दिनु ।<br>• कापी, कलम, किताब |
| ७. प्रशिक्षार्थीहरूलाई आ-आफ्नो समूहले तयार पारेको चार्टलाई भित्तामा टाँस्न लगाई समूह नेताबाट प्रस्तुत गर्न लगाउने । थप गर्नुपर्ने भए अन्य सहभागीहरूलाई त्यसमा थप्न लगाउने । | ७. प्रस्तुतिकरण गर्ने र गलतलाई हटाउने । छलफलबाट थप गर्नुपर्ने ठहर भएका बुँदाहरू थप गर्ने । |
| ८. पाठ्यक्रमले निर्देशन गरेबमोजिमका आवश्यकताहरू भएको चार्ट प्रस्तुत गर्ने र प्रशिक्षार्थीहरूद्वारा प्रस्तुत भएका बुँदाहरू कुन शीर्षक अन्तर्गत पर्दछन्, छलफल गर्न लगाउने ।<br><br>**प्राथमिक तहका बालबालिकाहरूका आवश्यकताहरू**<br>(१) प्राकृतिक आवश्यकता<br>(भोग, प्यास, खुसी, माया, ममता र सुरक्षाजस्ता)<br>(२) शैक्षिक उपलब्धि | ८. प्रशिक्षकद्वारा प्रस्तुत भएका बुँदाहरूमा छलफल गर्ने र तिनलाई आ-आफ्नो अभ्यासपुस्तिकामा टिपोट गर्ने । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
| --- | --- |
| (३) एकअर्कासँग सहयोगात्मक अन्तरक्रिया<br>(४) भाषाको प्रयोगमा विकास गर्नु<br>(५) सृजनात्मक विचारहरू स्वतन्त्रतापूर्वक अभिव्यक्ति गर्नु<br>(६) खोज, अनुसन्धान गर्न उत्साही हुनु<br>(७) विभिन्न सामाजिक मूल्य, मान्यताहरू प्राप्त गर्न खोज्नु<br>(८) खेलहरूद्वारा मनोरञ्जन प्राप्त गर्नु<br>(९) स्वस्थ प्रतिस्पर्धात्मक वातावरण प्राप्त गर्नु | |
| ९. प्रशिक्षार्थीहरूलाई प्रस्तुत पाठको मूल सार वर्णन गर्न लगाउने । प्रशिक्षकले पनि वर्णन गर्ने । | ९. पाठको निचोड वर्णन गर्ने । |
| १०. प्राथमिक विद्यालयमा आउने बालबालिकाहरू विभिन्न परिवेशबाट आउने गर्छन् । उनीहरूलाई विद्यालय जीवनसँग सामन्जस्यता स्थापित गर्न एवम् शिक्षण सिकाइलाई जीवनोपयोगी बनाउनको लागि उनीहरूका आवश्यकताहरू पत्ता लगाउनुपर्छ । उक्त आवश्यकता परिपूर्ति गरी शिक्षण सिकाइमा सक्रिय सहभागी बनाउन शिक्षकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ भन्ने निस्कर्ष बताउने । | १०. निस्कर्ष टिपोट गर्ने । |

६.३ प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको अभिरूचिहरू

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
| --- | --- |
| १. प्रशिक्षार्थीहरूलाई व्यक्तिगतरूपमा प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको अभिरूचि/चाहना/इच्छा के कस्ता हुन्छन्, अनुभवको आधारमा सोचेर आ-आफ्नो अभ्यासपुस्तिकामा टिप्न लगाउने । | १. प्रत्येक प्रशिक्षार्थीले प्रशिक्षकको निर्देशनबमोजिम आ-आफ्नो अभ्यासपुस्तिकामा प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको अभिरूचि/चाहना/इच्छा/अनुभवको आधारमा टिपोट गर्ने । |
| २. प्रशिक्षकले ४ ओटा कार्डबोर्ड भित्तामा टाँस्ने र विभिन्न समूह निर्धारण गरी क्रमश: प्रत्येक समूहका प्रशिक्षार्थीलाई एकएक ओटा अभिरूचि चाहना/इच्छा लेख्न निर्देशन दिने । | २. प्रत्येक प्रशिक्षार्थीले आ-आफ्नो समूहको कार्डबोर्डमा लेख्नेछन्-<br><br>**सम्भाव्य उत्तर**<br>• विभिन्न प्रकारका खेल खेल्ने<br>• गीत गाउने |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| | • नाच्ने<br>• कथा, कविता, कमिक सुन्ने र पढ्ने<br>• समूहमा बस्ने<br>• समूहमा काम गर्ने<br>• श्रव्यदृश्य सामग्री हेर्ने<br>• नाटक हेर्ने<br>• नाटकमा अभिनय गर्ने<br>• विद्यालय आउने<br>• विद्यालयका क्रियाकलापमा सहभागी हुने<br>• चित्र कोर्ने<br>• शरिरका अङ्गबारे जानकारी लिने<br>• सामाजिक सीप प्राप्त गर्ने<br>• आफ्नो वातावरणबारे थाहा पाउने<br>• खेल खेल्ने<br>• ठीक बेठीक क्रियाकलापबारे ज्ञान लिने |
| ३. प्रत्येक समूहका समूहनेतालाई आ-आफ्नो समूहका साथीहरूबाट लेखिएका अभिरूचिहरूलाई पढ्न लगाउने । | ३. सबैले ध्यान दिएर सुन्ने । |
| ४. एकजना प्रशिक्षार्थीलाई ठीक उत्तरलाई सही चिन्ह (✓) एवम् गलत र दोहरिएकोलाई बेठीक (×) चिन्ह दिन लगाउने र सहीजलाई शुद्ध भाषासहित कालोपाटीमा लेख्न निर्देशन दिने । | ४. प्रशिक्षकको निर्देशनवमोजिम गर्ने र अन्य सहभागीहरूले साथीलाई सहयोग गर्ने । |
| ५. प्रशिक्षकले आफूले तयार गरेर ल्याएको "अभिरूचि चार्ट" लाई भित्तामा टाँस्ने र एकजना प्रशिक्षार्थीलाई पढ्न लगाउने । अघिल्लो क्रियाकलापका बुँदाहरू यससँग कतिको मेल खान्छन् ? छानविन गर्न लगाउने ।<br><br>**अभिरूचि चार्ट**<br>( ) विभिन्न प्रकारका खेलहरू खेल्ने<br>( ) आफ्नो शरीरका विभिन्न अङ्ग थाहा पाउन इच्छुक हुने<br>( ) आफ्नो सेरोफेरोको बारेमा थाहा पाउने<br>( ) समूहमा काम गर्न इच्छुक हुने<br>( ) सामाजिक सहयोगका क्रियाकलापहरूमा सरिक हुन चाहने | ५. छानविन गर्ने । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ( ) विभिन्न सामग्रीहरू पढ्न इच्छा राख्ने<br>( ) श्रव्यदृश्य सामग्रीहरूप्रति ध्यान गर्ने<br>( ) विद्यालयका क्रियाकलापमा सरिक हुने<br>( ) बातपत्रपत्रिका र कार्यक्रमहरूप्रति आकर्षित हुने ।<br>( ) कथा, गीत, कविता सुन्न र सुनाउन इच्छुक हुने ।<br>( ) विभिन्न पेशाहरूको बारेमा जानकारी लिने । | |
| ६. प्रशिक्षकले अन्तिम सुचीलाई सबैले सुन्ने गरी एकजना पढ्न सहभागीलाई निर्देशन दिने । | ६. एकजनाले पढ्ने र अन्यले ठीक भए नभएको छुट्याउने । |
| ७. माथिका प्रत्येक अभिरूचिहरूअन्तर्गत केके कुराहरू समावेश हुन्छन्, पालैपालो वर्णन गर्ने र प्रशिक्षार्थीलाई समेत वर्णन गर्न लगाउने । जस्तै: खेल- पुतली खेल्ने, भकुण्डो खेल्ने आदि । | ७. प्रशिक्षकको निर्देशनमा प्रत्येक अभिरूचिहरूको छुट्टाछुट्टै वर्णन गर्ने । |

### ६.४ प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको विशेषताहरूको वर्गीकरण

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| १. बालबालिकाहरूको शारीरिक, सीप, सामाजिक, भाषिक, बौद्धिक, संवेगात्मक विकास जनाउने चित्रहरू प्रदर्शन गरी चित्रमा केके देखिन्छन् ? वर्णन गर्न लगाउने । | १. चित्रहरू वर्णन गर्ने । |
| २. बालबालिकाहरूमा कुनकुन कुराको विकास हुन्छ ? चित्रको आधारमा टिपोट गर्न लगाउने । सबैले लेखेका कुराहरू सङ्कलन गरी भित्तामा टाँस्न समूह नेतालाई निर्देशन दिने । | २. सीपहरू टिपोट गर्ने, सङ्कलन गर्ने र भित्तामा टाँस्ने ।<br><br>**सम्भाव्य उत्तर**<br>● भाषाका<br>● बोलीका<br>● सामुहिक भावना<br>● नक्कल गर्ने<br>● अभिनय गर्ने<br>● खेल खेल्ने<br>● दौड्ने, उफ्रने<br>● लेख्ने, पढ्ने<br>● सहयोग गर्ने |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ३. प्रशिक्षार्थीहरूबाट टाँसिएका बुँदाहरूलाई एकजनाबाट पढ्न लगाउने । दोहोरो परेकोलाई एवम् गलतलाई हटाउनको लागि समूहमा छलफल गराउने । | ३. स्पष्टसँग पढ्ने । दोहोरो र गलतलाई छलफल गरी हटाउने । |
| ४. सबैको सहमतिबाट अन्तिम सूचीमा रहेका बुँदाहरूलाई क्रमश: कालोपाटीमा एकजनालाई लेख्नको लागि निर्देशन दिने । | ४. सूची कालोपाटीमा लेख्ने । |
| ५. प्रशिक्षार्थीहरूबाट प्रस्तुत गरिएका बुँदाहरूलाई तलका विभिन्न विकासका शीर्षकअन्तरगत राख्न समूहलाई छुट्टाछुट्टै जिम्मा दिने, जसमा- | ५. प्रत्येक समूहले आफूलाई जिम्मा दिइएको कार्यहरू निम्नानुसार सम्पन्न गर्ने:- |
| समूह 'क' - शारीरिक विकास | (क) शारीरिक विकास जनाउने कुराहरू: खेल्ने, चित्र कोर्ने, दौड्ने, उफ्रने, आफ्नो शारीरिक अङ्ग (दाँत, आँखा आदि) सफा गर्ने, आफ्नो लुगा लगाउने, किताब कापी मिलाउने आदि । |
| समूह 'ख' - बौद्धिक विकास | (ख) बौद्धिक विकास जनाउने कुराहरू: तर्क दिने, निबन्ध लेख्ने, विश्लेषण गर्ने, ठीक/बेठीक छुट्याउने, सृजनशील कार्य गर्ने, सारांश बताउने, कथा, कविता सुनाउने । |
| समूह 'ग' - सामाजिक विकास | (ग) सामाजिक विकास जनाउने कुराहरू समूहमा बस्ने, नेतृत्व लिने, सहयोग गर्ने, काममा सघाउने । |
| समूह 'घ' - संवेगात्मक विकास | (घ) संवेगात्मक विकास जनाउने कुराहरू: रिसाउने, डराउने, उत्सुक हुने, खेल प्रदर्शन गर्ने । |
| समूह 'ङ' - भाषिक विकास | (ङ) भाषिक विकास जनाउने कुराहरू: नयाँ शब्द लेख्ने र खेल्ने, वाक्यगठन, व्याकरणको प्रयोग गर्ने । |
| ६. प्रत्येक समूहबाट छलफल गरिएका बुँदाहरूलाई क्रमश: समूह नेताबाट प्रस्तुतीकरण गर्न लगाउने र अन्य सहभागीहरूलाई छलफलमा आ-आफ्ना जिज्ञासा राख्न निर्देशन दिने । | ६. सबै समूहले क्रमश: प्रस्तुतिकरण गर्ने र अन्य सहभागीले छलफलमा भाग लिने । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ७. प्रशिक्षार्थीहरूद्वारा प्रस्तुत गरिएका कुराहरू बातबातिकाहरूका विभिन्न विकासका विशेषताहरू जनाउने कुराहरू भएको जानकारी दिने र निम्नानुसार प्रश्न सोधी पालैपालो प्रशिक्षार्थीहरूलाई ती विशेषताहरू वर्णन समेत गर्न लगाउने ।<br>(१) शारीरिक विकासजनित विशेषताहरू के-कस्ता हुन्छन् ?<br>(२) सीप विकास जनाउने विशेषताहरू के-कस्ता हुन्छन् ?<br>(३) सामाजिक विकास भएको जानकारी दिने विशेषताहरू के-के हुन् ?<br>(४) भाषिक विकास जनाउने विशेषताहरू के-कस्ता हुन्छन् ?<br>(५) बौद्धिक विकास जनाउने विशेषताहरू के-कस्ता हुन्छन् ?<br>(६) संवेगात्मक विकास जनाउने विशेषताहरू के-कस्ता हुन्छन् ? | ७. विशेषताहरू वर्णन गर्ने । |

**समय - ...... घण्टा**

## १. एकाइ शीर्षक

प्रयोगात्मक कार्य

## २. एकाइ परिचय

प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूमा अन्तर्निहित सिर्जनशीलता र प्रतिभाहरूलाई प्रस्फुटन गर्न शिक्षकले सर्वप्रथम प्रत्येक बालबालिकाको अन्तरआत्मालाई नजिकबाट विश्लेषण गर्न जरुरी छ। बालबालिकाहरू के चाहन्छन् ? कुन बालबालिकालाई कसरी सिकाउन सकिन्छ ? तिनीहरूको साझा विशेषताहरू केके छन् ? घरपरिवारको संस्कारलाई विद्यालयले कसरी सामिप्य गरेको छ ? आदि विभिन्न क्षेत्रहरूप्रति शिक्षकलाई जानकारी हुन अति नै आवश्यक रहन्छ। बालविकासको अवधारणा दिने क्रममा प्रशिक्षार्थीलाई यी क्षेत्रको सैद्धान्तिक परिवेशलाई प्रायोगिक गर्न अत्यन्त जरुरी छ।

शिक्षण एक कला हो। शिक्षकको कुशलता र रोचक प्रदर्शनीबाट मात्रै विद्यार्थीहरूले आवश्यक सीपहरू विकसित गर्न सक्दछन्। यसको लागि शिक्षकमा भएका सीपहरूलाई कार्यपरक (action oriented) र व्यवहारोन्मुख गर्न प्रयोगात्मक पक्षलाई बढी जोड दिनु पर्दछ। सिकेका कुराहरूलाई कक्षाकोठाभित्र प्रयोग गर्न सक्ने दक्षताको विकासको लागि र विद्यार्थीहरूमा निहित विभिन्न सीपहरूको पहिचान र प्रस्फुटनको लागि बालविकासका सबै पक्षहरूको सैद्धान्तिक र प्रयोगात्मक दुबै किसिमले विश्लेषण गरी बालविकाससम्बन्धमा शिक्षकलाई जानकारी गराउने क्रममा यस एकाइबाट शिक्षकहरूलाई थप अध्ययन अनुसन्धनात्मक सीपहरूका बारेमा जानकारी प्राप्त हुनेछ।

## ३. एकाइको उद्देश्य

यस एकाइको प्रशिक्षणपश्चात् प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्।

(क) कार्यको तयारी: तयारी गर्ने क्रममा निम्न पक्षलाई ध्यान दिने।
(ख) नजिकको विद्यालयमा गई पूर्व स्वीकृति लिने।
(ग) विभिन्न क्रियाकलापहरूको वर्गीकरण
(घ) समूह विभाजन
(ङ) समूहहरूलाई कार्यको जिम्मेवारी बाँडफाँड
(च) समय निर्धारण

### प्रशिक्षक क्रियाकलाप नं. १

तयारी गर्ने क्रममा प्रशिक्षकले चारओटा समूहमा विभाजन भएका प्रशिक्षार्थीहरूलाई समूहगत रूपमा कार्य जिम्मा दिने। यसको लागि निम्नानुसारका चारओटा क्रियाकलापहरू जिम्मा गराउनुपर्नेछ।

| समूह | कक्षा | क्रियाकलाप |
|---|---|---|
| (क) | १, २, ३, ४, ५ | प्राथमिक तहका बालबालिकाहरूको विशेषताको जानकारी प्राप्त गर्ने सीपहरू |
| (ख) | १, २, ३, ४, ५ | प्राथमिक तहका बालबालिकाहरूको आवश्यकता पहिचानसम्बन्धी सीप विकास |

| | | |
|---|---|---|
| (ग) | १, २, ३, ४, ५ | प्राथमिक तहका बालबालिकाहरूको अभिरूचि पत्ता लगाउने सीप विकास । |
| (घ) | १, २, ३, ४, ५ | प्राथमिक तहका बालबालिकाहरूमा विकसित हुने विकासात्मक सीपहरू पत्ता लगाउने । |

**प्रशिक्षक क्रियाकलाप नं. २**

समूहलाई आ-आफ्नो अध्ययनको क्षेत्रबारे अवगत भैसकेपछि सबैलाई आ-आफ्नो जिम्मेवारी, समय निर्धारण र अवलोकन गर्ने कक्षाबारे जानकारी गराउने । यसमा समूहनेताको चयन, प्रतिवेदन प्रस्तुत गर्नेको चयन लगायत सम्पूर्ण सामूहिक कार्यको वर्गीकरण, कक्षाकोठामा अवलोकन गर्ने, अध्ययन-अनुसन्धान गर्ने तरिका समेत स्पष्ट रूपमा जानकारी गर्ने ।

| **मुख्य क्रियाकलापहरू** | **अनुमानित समय** |
|---|---|
| (क) पूर्व तयारी | १ घण्टा |
| (ख) अवलोकन/अध्ययन | ६ घण्टा |
| (ग) समूह छलफल र प्रतिवेदन प्रस्तुत | ५ घण्टा |

## ४. अध्ययन अवलोकन

**समूह 'क'**

**प्राथमिक तहका बालबालिकाहरूको विशेषताहरूको अवलोकन**

यस क्रियाकलापको लागि प्रशिक्षार्थीहरूलाई कक्षागत रूपमा विभाजन गर्ने । प्रत्येकले अवलोकन गर्न तोकिएको कक्षाका २ जना छात्र र २ जना छात्रा विद्यार्थीको विशेषता अवलोकन गर्नुपर्ने निर्देशन दिने । यसमा विद्यार्थीलाई आफ्नो बारेमा कसैले अवलोकन गर्दैछ भन्ने थाहा हुनुहुँदैन र प्रशिक्षार्थीले पनि कसको अवलोकन गर्दैछ त्यसको बारेमा अरू कसैलाई भन्नुहुँदैन । तिनीहरूले कक्षाकोठाभित्रको अध्ययनअध्यापन र त्यसपछिको खाली समयमा केके क्रियाकलाप के कसरी प्रदर्शन गरे पूरै आफ्नो अवलोकन/अध्ययन कापीमा टिपोट गर्ने । अवलोकन कार्य समाप्त हुने समयभन्दा १ घण्टा अगाडि ती चारैजना केटाकेटीलाई बोलाई नाम, थर, ठेगाना, पारिवारिक परिवेश आदिबारे सरल प्रश्न सोधी टिपोट गर्ने ।

## विद्यार्थी अवलोकन फारामको नमूना

विद्यालयको नाम:

अवलोकन कक्षा:

अवलोकन समय:

मिति:

अवलोकनकर्ता:

| अवलोकन गरिएको विद्यार्थीको नाम | ठेगाना | बुबाआमाको नाम | पेशा | अवलोकन गर्दा प्रदर्शित विशेषताहरू |
|---|---|---|---|---|
| A (छात्रा) | | | | |
| B (छात्र) | | | | |
| C (छात्रा) | | | | |
| D (छात्र) | | | | |

अवलोकनकर्ताको थप टिपोट:-

समूह 'ख'

## प्राथमिक तहका बालबालिकाहरूको आवश्यकता पहिचान

यस क्रियाकलापको लागि प्रशिक्षार्थीहरूलाई विभिन्न कक्षाको लागि वर्गीकरण (विभाजन) गरिसकेपछि बालबालिकाहरूको आवश्यकता पहिचान गर्न के कस्ता क्रियाकलापमा कस्तो सहभागिता छ ? उनीहरूले के चाहन्छन्, शिक्षकले के कस्तो व्यवहार देखायो ? साथै सहपाठीबाट के महसुस गरेको छ पत्ता लगाई बालबालिकाहरूको आवश्यकता वर्गीकरण गर्नुपर्दछ ।

विद्यालयको नाम: अवलोकन समय:

कक्षा: मिति:

| शिक्षकद्वारा कक्षाकोठामा प्रदर्शित क्रियाकलापहरू | बालबालिकाहरूको सहभागिता | बालबालिकाले महशुस गरेको आवश्यकता |
|---|---|---|
| शिक्षक 'A' | | |
| शिक्षक 'B' | | |
| शिक्षक 'C' | | |
| शिक्षक 'D' | | |
| शिक्षक 'E' | | |

| |
|---|
| अवलोकनकर्ताको थप टिपोट:- (यसमा कक्षाकोठामा प्रदर्शित क्रियाकलापबाहेक थप के कस्ता आवश्यकताको बालबालिकाहरूलाई खाँचो छ ? अवलोकन गरी केटाकेटीलाई सरल प्रश्न सोधी थप टिपोट लेख्ने) |

समूह 'ग'

## प्राथमिक तहका बालबालिकाहरूको अभिरूचि

बालबालिकाहरूको अभिरूचि पत्ता लगाउन उनीहरू के कस्ता क्रियाकलापहरूमा कसरी सक्रियतासाथ सहभागिता देखाउँछन् भन्ने कुराबाट स्पष्ट हुने हुँदा क्रियाकलापहरूमा सहभागिताबारे अवलोकन गर्नुपर्दछ ।

विद्यालयको नाम: अवलोकन मिति:

कक्षा: अवलोकनकर्ता:

| अवलोकन गरिएका क्रियाकलापहरू | विद्यार्थीको सहभागिता | रूचि कस्तो रह्यो ? |
|---|---|---|
| * | | |
| | | |
| | | |
| | | |
| | | |

अवलोकनकर्ताको थप टिपोट:- (राम्रो र नराम्रो सहभागिता रहेको क्रियाकलापप्रतिको बालरूचि पत्ता लगाउन २/२ छात्रछात्रालाई सरल प्रश्न राखी कस्ता रूचिहरू हुन्छन् थप उल्लेख गर्ने ।)

समूह 'घ'

## प्राथमिक तहका बालबालिकाहरूका विकासात्मक सीपहरू

सामाजिक, सम्वेगात्मक एवम् भाषिक क्षमता विकाससम्बन्धी कुन कक्षा र उमेर समूहमा कस्ता सीप विकास हुन्छन् भनी पत्ता लगाउन अध्ययनको जिम्मा दिनुपर्दछ । यसको लागि १ देखि ५ कक्षा सम्मका कुनै कक्षाको एक छात्र र एक छात्रा गरी २ बालबालिकाहरूको अवलोकन र अध्ययन गर्न सबैलाई जिम्मेवारी दिनुपर्दछ । प्रशिक्षार्थीहरूलाई सजिलोको लागि विभिन्न सीप क्षेत्रसँग सम्बन्धित Indicators (सूचकहरू) निर्माण गर्नु पर्दछ ।

**नमुना अवलोकन फाराम र सूचकहरू:**

विद्यालयको नाम: अवलोकन मिति:

कक्षा: अवलोकन गर्ने विद्यार्थीको नाम:

| सीपहरू | सूचकहरू | उत्तम | मध्यम | सुधार गर्नुपर्ने | अन्य थप |
|---|---|---|---|---|---|
| (I) बौद्धिक विकाससम्बन्धी सीपहरू | - शब्द र वाक्य गठन | | | | |
| | - अक्षर चिनारी | | | | |
| | - चित्रबाट क्रमिक रूपमा कथा बनाउन | | | | |
| | - कक्षाको सारांश बताउन | | | | |
| | - दुई वस्तुबीच तुलना गर्न | | | | |
| | - सिकाइ धारणाको स्थानान्तरण गर्न | | | | |
| | - अनुमान गर्न सक्ने | | | | |
| | - दायाँ/बायाँ अगाडि/पछाडिसम्बन्धी ज्ञान | | | | |
| | - अङ्कको गणना | | | | |
| | - अङ्क चिनारी | | | | |
| | - वस्तुको परिणाम बताउन | | | | |
| | - वस्तुहरूको वर्गीकरण गर्न | | | | |
| | - क्रम मिलाएर अङ्क र सङ्ख्यालाई बताउन | | | | |
| | - जोड, घटाउ, गुणन, भागसम्बन्धी धारणाको व्यवहारिक प्रयोग | | | | |
| | - नयाँ विषयवस्तुको अनुसन्धान र खोज | | | | |
| | - आफ्नो वरिपरिको वातावरणबारे जानकारी | | | | |
| | - समय र स्थानबारे अवधारणा | | | | |
| | - रङ्गहरूबारे धारणा | | | | |
| | - शरीरका अङ्गहरूबारे धारणा | | | | |
| | - मौसम र महिना, वर्षबारे धारणा | | | | |

| सीपहरू | सूचकहरू | उत्तम | मध्यम | सुधार गर्नुपर्ने | अन्य थप |
| --- | --- | --- | --- | --- | --- |
| (II) सामाजिक सीपहरू | - साथीहरूसँगको व्यवहार | | | | |
| | - मिलेर काम गर्ने क्षमता | | | | |
| | - खेलकुद र अन्य सहक्रियाकलापमा सहभागिता | | | | |
| | - अधिकारको कदर | | | | |
| | - आदर सत्कार | | | | |
| | - सामाजिक कार्यमा भूमिका | | | | |
| | - सबै सदस्यहरूको भूमिका बुझ्ने क्षमता | | | | |
| | - समयको परिपालन | | | | |
| | - विद्यालयका नीतिनियमको पालना | | | | |
| | - छलफतमा भूमिका | | | | |
| | - प्रश्नोत्तर, वार्तालापमा सहभागिता | | | | |
| | - अरूलाई आवश्यकता अनुसारको सहयोग | | | | |
| | - मिलनसारता | | | | |
| | - पालो पर्खने | | | | |
| | - नेतृत्व दिन सक्ने | | | | |
| | - अरूलाई सम्मान | | | | |
| | - अरूलाई माया ममता | | | | |
| | - अरूको भनाइको सम्मान | | | | |
| | - ध्यानपूर्वक ग्रहणशीलता | | | | |
| (III) सम्वेगात्मक सीपहरू | - आफू र आफ्नो क्षमताप्रतिको स्वअवधारणा | | | | |
| | - अरूलाई दुःख पर्दा प्रकट गर्ने व्यवहार | | | | |
| | - प्रश्न सोध्दा डराउने, फर्कने | | | | |
| | - समस्या समाधान गर्दा डराउने | | | | |
| | - समस्याप्रति जिज्ञासा | | | | |
| | - विवादास्पद समस्या समाधान गर्ने क्षमता | | | | |
| | - अरूलाई हेर्ने दृष्टिकोण | | | | |
| | - रिस प्रकट गर्ने | | | | |
| | - लजाउने व्यवहार | | | | |
| | - आफ्नो हठलाई निरन्तरता दिने | | | | |

| सीपहरू | सूचकहरू | उत्तम | मध्यम | सुधार गर्नुपर्ने | अन्य थप |
|---|---|---|---|---|---|
| (IV) भाषिक विकाससम्बन्धी सीपहरू | - अक्षर, शब्दहरू पढ्ने र उच्चारण गर्ने क्षमता | | | | |
| | - शब्दहरूको वाक्यमा प्रयोग गर्ने क्षमता | | | | |
| | - वाक्य गठन | | | | |
| | - भाषाको शुद्धिकरण | | | | |
| | - कथा, कविता, जीवनी आदिहरूमा नयाँ शब्द जोडी सारांस खिच्ने क्षमता | | | | |
| | - वर्णन गर्न सक्ने क्षमता | | | | |
| | - विश्लेषणात्मक रूपमा वर्णन गर्ने | | | | |
| | - लयबद्ध कविता पठन | | | | |
| | - शब्दहरूको अर्थ बताउने | | | | |
| | - उल्टो, सुल्टो शब्द निर्माण | | | | |
| | - हिज्जे मिलाएर लेख्ने क्षमता | | | | |
| | - व्याकरणको प्रयोग | | | | |
| (V) शारीरिक विकाससम्बन्धी सीपहरू | - शरीरको सन्तुलन क्षमता | | | | |
| | - दौड्ने, उफ्रने क्षमता | | | | |
| | - निर्दिष्ट गरेको स्थानमा बल र वस्तुहरू फाल्न सक्ने क्षमता | | | | |
| | - सङ्गीतको धुनमा नाच्ने र ताली बजाउने | | | | |
| | - पठनपाठनको लागि आवश्यक सामग्रीहरूको प्रयोग क्षमता (कैंची, स्केल ....) | | | | |
| | - रङ्ग भर्ने क्षमता | | | | |
| | - सिसाकलम, रङ्ग लगाउने ब्रुसको प्रयोग गर्ने क्षमता | | | | |
| | - लेख्न सक्ने क्षमता | | | | |
| | - आदेशअनुसार शरीरका अङ्गहरूको सञ्चालन क्षमता | | | | |

समूह 'ग'

## समूह छलफल र प्रतिवेदनको प्रस्तुतिकरण

विद्यालयको निरीक्षण अध्ययन अनुसन्धान गरिसकेपछि समूहका सबै सदस्यहरूले सामुहिक छलफल गर्नेछन् । छलफलमा प्रशिक्षार्थीहरूले आ-आफूलाई दिइएको जिम्मेवारी अनुसारको अध्ययनबाट प्राप्त Findings हरूलाई के कस्तो अवस्थामा प्राप्त गरे सोको प्रतिवेदन आ-आफ्नो समूहमा प्रस्तुत गर्नेछन् । समूहका सबै सदस्यहरूबाट प्राप्त सूचनाहरूलाई प्रतिवेदनको रूपमा प्रस्तुत गर्न क्रमिक रूपमा भाषिक शुद्धतासहित अन्तिम रूप दिनुपर्नेछ ।

**प्रतिवेदनको नमूना**

१. **अध्ययनको परिचयः**

२. **अध्ययनको प्रविधिः**

अध्ययन गर्दा के कस्ता विधिहरू अपनाइए सो को छोटो वर्णनसहित निम्नलिखित विषयहरूको पनि जानकारी दिने ।

(क) अध्ययन गरेको क्षेत्रः

(ख) अध्ययन गरिएको कक्षाहरू

(ग) विद्यार्थीहरूको उमेर समूह

(घ) अध्ययन गरिएको सङ्ख्या

(ङ) अध्ययनको सीमा

३. **अध्ययनको उद्देश्य एवम् औचित्यः**

४. **अध्ययनबाट प्राप्त Findings हरूको विश्लेषणः**

(यसमा सैद्धान्तिक रूपमा केके अध्ययन गरिएको थियो र अनुसन्धानपछि केकस्ता प्रयोगात्मक Findings हरू प्राप्त भए विश्लेषणात्मक रूपमा लेख्नुपर्ने)

५. **प्राप्त Findings हरूमा सुझाव**

६. **अनुसन्धानको निस्कर्ष**

# एकाइ - २

समय - १० घण्टा

## १. एकाइ शीर्षक

प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको विकासमा शिक्षकको भूमिका

## २. एकाइ परिचय

बालबालिकाहरूमा विभिन्न किसिमका विशेषता, आवश्यकता र अभिरुचिहरू हुन्छन् । यसैबाट उनीहरूले फरकफरक व्यवहार प्रदर्शन गर्दछन् । यसले उनीहरूको सिक्ने क्षमतालाई पनि फरक पारेको हुन्छ । बालमनोवैज्ञानिक एवम् शिक्षाविद्हरूले व्यापक अध्ययन अनुसन्धानका बावजुद पनि सबै प्रकृतिका बालबालिकाहरूको लागि एकै प्रकारको ठोस सिकाइ सिद्धान्तको प्रतिपादन गर्न सकेका छैनन् । कुनै बालबालिकाहरू असहज वातावरणमा कठिनतम् विषयवस्तु पनि सजिलै ग्रहण गर्न सक्दछन् भने कसैलाई साधारण विषयवस्तु बुझ्न धेरै समय, शैक्षिक सामग्री र उपयुक्त वातावरण एवम् शिक्षण प्रविधिको योजना र प्रयोग गर्नुपर्दछ । यसकारण बालबालिकाहरूमा देखापर्ने वैयक्तिक विभिन्नता, आवश्यकता, चाहना एवम् त्यसलाई पूरा गर्ने उत्प्रेरणा (कार्यक्षमता बढाउने) र पुनर्बल प्रदान गर्ने शिक्षकको गहन र महत्त्वपूर्ण भूमिका रहन्छ ।

शिक्षण ज्यादै जटिल प्रक्रिया हो । विविधतामा अवस्थित कक्षाकोठामा निर्देशित सिकाइ उपलब्धिअनुरूप बालबालिकाहरूको व्यवहार प्रदत्त गराउन बहुतै मिहिनेत गर्नुपर्ने देखिन्छ । यसैले शिक्षणलाई पेशागत क्रियाकलाप भएको फरक क्षेत्र पनि मनिन्छ । यसका लागि शिक्षकमा पेशाप्रतिको उच्च लगाव हुनुपर्दछ भने प्रत्येक बालबालिकालाई बुझेर शिक्षण गर्नुपर्दछ । सम्पूर्ण दक्षताहरू बालबालिकाको प्रदर्शित व्यवहार, शिक्षण विधिहरूको प्रयोग, विषयवस्तुको जानकारीलाई पाठ्यक्रमले निर्दिष्ट गरेका उपलब्धिहरूसँग तालमेल गरेर बालबालिकाहरूको कुन-कुन क्षेत्रमा के-कस्ता विकासात्मक उपलब्धि देखापरेका छन् र कमजोरी कुनकुन क्षेत्रसँग सम्बन्धित छन् पत्ता लगाई आवश्यक सहयोग गर्नुपर्दछ । यसैले शिक्षकको सम्बन्ध प्रत्येक विद्यार्थी र उनीहरूले हासिल गर्नुपर्ने उपलब्धि, समयअनुसारको आवश्यकताका विभिन्न पक्षसँग छ जो कक्षाकोठामा शिक्षकद्वारा प्रदर्शित उत्तम प्रयोगिक अभ्यासमा निर्भर गर्दछ ।

कक्षाकोठा ज्यादै व्यस्त स्थल हो जहाँ विभिन्न क्रियाकलापमा बालबालिकाहरू व्यस्त हुन्छन् । शिक्षकले बालबालिकाको विभिन्न क्रियाकलापहरूमा बढोत्तर गर्ने सहयोगात्मक भूमिका निर्वाह गर्नुपर्ने हुन्छ भने सबैलाई सन्तुष्टि र खुसीयाली बनाउन सक्नुपर्दछ । यसका लागि शिक्षकमा व्यवस्थापकीय र पेशागत दक्षताका सीप हुनुपर्दछ । प्रस्तुत एकाइमा यिनै विषयवस्तु समावेश गरी बालबालिकाको चौतर्फी विकास (शारीरिक, मानसिक, सामाजिक, सम्वेगात्मक एवम् भाषा) मा शिक्षकको भूमिकालाई प्रष्ट्याउन खोजिएको छ ।

बालबालिकाहरूमा विभिन्न प्रकारका दृश्य र अदृश्य अन्तरनिहित प्रतिभाहरू हुन्छन् । यिनीहरूलाई कार्य क्षेत्रमा उतार्ने र व्यवहारमुखी बनाउन कक्षाकोठाको वातावरण घरेलु हुनुपर्दछ भने शिक्षक सहयोगी मित्र एवम् अभिभावकको रूपमा प्रस्तुत हुन सक्नुपर्दछ ।

## ४. एकाइको उद्देश्य

यस पाठको अन्त्यमा प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्नेछन्-

१. प्राथमिक तहका बालबालिकाहरूको विकासमा टेवा पुऱ्याउन शिक्षकको भूमिका प्रस्तुत गर्न ।

## ५. एकाइ सामग्री

शिक्षकको भूमिकासम्बन्धी चार्टहरू, कार्डबोर्ड, मार्कर पेन, टेप, कैंची, गम

## ६. मुख्य क्रियाकलापहरू

| | समय |
|---|---|
| (क) उपयुक्त वातावरण प्रदान गर्ने<br>(ख) सुरक्षा प्रदान गर्ने<br>(ग) विविध क्रियाकलापका अवसर प्रदान गर्ने | ३ घण्टा |
| (घ) प्रजातान्त्रिक तवरले व्यवहार गर्ने<br>(ङ) समान व्यवहार गर्ने<br>(च) वाञ्छनीय व्यवहारलाई पुनर्बल प्रदान गर्ने | ३ घण्टा |
| (ज) विद्यार्थीमा स्व-अभिव्यक्तिका लागि अवसर प्रदान गर्ने<br>(झ) खेलकुद अवसर प्रदान गर्ने<br>(ञ) समाज स्वीकृति र उपयोगी ढाँचामा संवेगात्मक शक्ति प्रयोग गर्न पथ प्रदर्शन/निर्देशन गर्ने | ४ घण्टा |

## ७. विस्तृत क्रियाकलाप

### ७.१ प्राथमिक विद्यालय उमेर समूहका बालबालिकाहरूको विकासमा टेवा पुऱ्याउन शिक्षकको भूमिका

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. बालबालिकाहरूको विकासमा शिक्षकले गर्न सक्ने कार्यहरू/भूमिकाहरू छलफल गराउने । | १. सबैले आ-आफ्नो समूहमा छलफल गरी शिक्षकको कार्यहरू/भूमिकाहरू कस्तो हुनुपर्दछ भन्नेबारे विभिन्न बुँदाहरू टिपोट गर्ने । |
| २. प्रत्येक समूहलाई एउटा-एउटा कार्डबोर्ड वितरण गर्ने । समूहमा छलफल गराई कार्डबोर्डमा बुँदाहरू टिप्न लगाई सबैले देख्ने गरी प्रस्तुतीकरणको लागि तयार गर्न लगाउने । | २. छलफलको आधारमा समूह प्रस्तुतीकरण तयार गर्ने । |
| ३. सबै समूहहरूले प्रस्तुतीकरण गरी सकेपछि त्यसमा उपयुक्त र अनुपयुक्त बुँदाहरू कुन-कुन छन्, उपयुक्त वा ठीक उत्तरलाई रेजा दिइ कालोपाटीमा टिप्ने । | ३. छलफल गर्ने, प्रश्नोत्तर गर्ने र प्रशिक्षकलाई सघाउने । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| ४. छलफलबाट सही ठहऱ्याइएका भूमिकाहरूको चार्ट तयार गर्न लगाउने र प्रत्येक भूमिका वर्णन गर्न लगाउने । | ४. चार्ट तयार गर्ने छलफल गर्ने र नबुझेको ठाउँमा प्रश्न गर्ने ।<br>**शिक्षकको भूमिकासम्बन्धी चार्टको नमूना**<br>**सम्भाव्य उत्तर**<br>**समूह 'क' बाट**<br>(क) कक्षाकोठामा उपयुक्त सामाजिक वातावरण बनाउनु पर्दछ । जस्तै:<br>• आमा/बाबुको जस्तै व्यवहार<br>• प्रजातान्त्रिक वातावरण<br>• साथी सङ्गतजस्तै<br>• हिचकिचाहट नहुनु<br>• निडर प्रस्तुत हुनु<br>• आत्मविश्वास<br>• प्रश्नोत्तर, छलफलमा सहभागी हुनु, आदि<br>• सबै क्रियाकलापमा समान सहभागिता गराउनु<br>**समूह 'ख' बाट**<br>(ख) उचित कक्षा व्यवस्थापन<br>• उचित प्रकाश, हावाको व्यवस्था<br>• फर्निचरको व्यवस्थापन<br>• विद्यार्थीको बसाइ व्यवस्थापन<br>• शैक्षिक सामग्रीको व्यवस्थापन<br>• सुरक्षित<br>**समूह 'ग' बाट**<br>(ग) क्रियाकलापहरूको योजना<br>• सिलसिलेवार क्रियाकलाप<br>• योजनाबद्ध सिकाइ<br>• खेलकुद र अन्य सहक्रियाकलापको उचित प्रयोग<br>• आराम गर्ने, खेल्ने, पढ्ने आदि समय वर्गीकरण<br>• विद्यार्थीकेन्द्रित प्रविधिको प्रयोग<br>• सबैको क्रियाकलापमा सहभागिता<br>• कार्यपरक क्रियाकलापमा जोड<br>**समूह 'घ' बाट**<br>(घ) शिक्षक व्यवहार<br>• साथी, अभिभावकको व्यवहार<br>• समान रूपमा सहयोग गर्ने |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| | • होच्याउने, साथीको माझमा नराम्रो हुने गरी व्यवहार प्रदर्शन नगर्ने<br>• सकारात्मक पुनर्वल प्रदान गर्ने<br>• कमजोर विद्यार्थीलाई उपयुक्त स्थान दिनुपर्ने<br>• विशेष लक्षित समूहका बालबालिकालाई ध्यान दिने<br>• प्रजातान्त्रिक व्यवहार प्रदर्शन गर्ने<br>• सबैलाई बोल्ने अवसर प्रदान<br>• सृजनशीलता विकास गर्ने<br><br>**समूह 'ङ' बाट**<br>(ङ) विद्यार्थी व्यवस्थापन<br>• बसाइ व्यवस्थापन<br>• समूह निर्माण<br>• सामुहिक कार्यमा सरिक<br>• नेतृत्व चयनको व्यवस्था<br>• कार्यविभाजन |
| ५. प्रशिक्षार्थीबाट वर्णन भएको चार्टमाथि अस्पष्ट भएका र थप गर्नुपर्ने विषयवस्तुबारे छलफल गर्न सबैलाई सहभागी गराउने र छलफलबाट प्राप्त भएका बुँदाहरू टिपोट गर्ने । | ५. छलफलमा भाग लिने, थप बुँदाहरू थप्ने र चार्टलाई पूर्ण गराउने । |
| ६. बालबालिकामा निहित चञ्चलता, उत्सुकता, सृजनशीलता, खेलप्रियताजस्ता व्यक्तिगत विभिन्नताका गुणहरू विकसित गर्दै लैजान र रिसाउने, झोक्किने, डराउने, लजालुपनजस्ता गुणहरूलाई निरुत्साहित गर्न शिक्षकले कक्षाकोठालाई जीवन्त, रूचिकर, गतिशील हुने किसिमले व्यवस्थापकीय र शैक्षिकप्रद रूपमा विकास गर्नुपर्दछ भन्ने निचोडसहित शिक्षकको भूमिकाबारे निष्कर्षको रूपमा प्रस्तुत गर्न निर्देशन दिने । | ६. सबैले ध्यान दिएर सुन्ने र माथि प्रस्तुत गरिएको भूमिकाका निष्कर्ष निकाल्ने । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| ७. माथि प्रस्तुत गरिएको चार्टको निष्कर्षलाई पाठ्यक्रममा प्रस्तुत गरिएबमोजिम प्राथमिक विद्यालयका बालबालिकाहरूको विकासमा शिक्षकको भूमिकासम्बन्धी चार्टसँग दाँज्नको लागि पाठ्यक्रमबमोजिमको चार्ट र पहिले प्रस्तुत गरेको चार्ट दुबैलाई भित्तामा टाँस्ने र समूहमा छलफल गराई समान र फरक कुरा टिप्न निर्देशन दिने।<br><br>**बालविकासको लागि शिक्षकको भूमिकासम्बन्धी एकीकृत चार्टको नमूना:**<br>• बालविकासको लागि उपयुक्त वातावरणको तयारी गर्नुपर्दछ ।<br>• बालबालिकाले पूर्ण सुरक्षित छु भन्ने महशुस गर्नुपर्दछ ।<br>• सबै बालबालिकालाई क्रियाकलापमा समान रूपमा सहभागी गराउनुपर्दछ ।<br>• बालबालिकाहरूप्रति प्रजातान्त्रिक व्यवहार प्रदान गर्नुपर्दछ ।<br>• छात्र/छात्रालाई समान रूपमा व्यवहार गर्नुपर्दछ ।<br>• वान्छनीय व्यवहारलाई पुनर्बल दिनुपर्छ ।<br>• बालबालिकालाई स्वतन्त्र रूपमा अभिव्यक्ति गर्ने अवसर प्रदान गर्नुपर्छ ।<br>• खेलकुद र मनोरञ्जन गर्ने अवसर दिनुपर्दछ ।<br>• बालबालिकाहरूबाट प्रदर्शन गरिने सम्वेगहरूलाई उपयुक्त र सामाजिक मान्यताप्रद दिशातिर निर्देशन हुन सम्बलन गर्नुपर्छ । | ७. माथि प्रस्तुत गरिएको चार्ट र पाठ्यक्रमबाट निर्देशित चार्टबीच तुलना गर्ने, छलफल गर्ने र समष्टिगत रूपको चार्ट विकास गर्ने । |
| ८. प्रत्येक भूमिकाहरू कसरी सहज गराउन सकिन्छ भनी समूहमा छलफल गराउने । | ८. सहज गराउने उपायहरू छलफल गरी प्रशिक्षकको निर्देशनमा टिपोटसमेत गर्ने । |

# एकाइ - ३

समय - २८ घण्टा

## १. एकाइ शीर्षक

बालबालिकाहरूको सिकाइ

## २. एकाइ परिचय

संज्ञान (cognition) भनेको हामीले हाम्रो संसारलाई बुझ्न र सोच्न प्रयोग गर्ने शब्द हो । सिकाइ विभिन्न तत्त्वहरूमा निर्भर हुन्छ । यस्ता तत्त्वहरूमा अन्तर्दृष्टि, वातावरण, उमेर, अन्तरनिहित क्षमता र अनुभव प्रमुख मानिन्छन् । सिकाइ प्रक्रियामा प्रयोग हुने सामग्री र क्रियाकलापमा पनि ज्ञान सिकाइ निर्भर हुन्छ । सिकाइ प्रक्रियामा शिक्षकको भूमिका भनेको कक्षाशिक्षणका हरेक क्रियाकलापमा विद्यार्थीलाई उत्प्रेरित गरी सक्रिय बनाउन सक्नु हो । यसकारण विद्यार्थी कसरी सिक्छ भन्ने कुरा जान्नु, विश्लेषण गर्नु शिक्षकका लागि विशेष महत्त्वको कार्य हो । बालबालिकाहरूका सिक्ने शैली भिन्नाभिन्नै हुन्छ । कोही सुनेर, हेरेर, गरेर सिक्छन् भने अरू अन्य तरिकाले सिक्न सहज र छिटो मान्छन् । प्राथमिकस्तरका बालबालिकाहरूले प्राय:जसो भाषिक, सामाजिक र गणितीय सीपहरू घर वा समाजबाट पूर्वअनुभव लिएर विद्यालयमा आएका हुन्छन् । विद्यालयमा शिक्षक र शैक्षिक कार्यक्रमले ती अनुभवलाई टेवा दिदै अरू थप सीपको विकास गर्न उपयुक्त (appropriate) वातावरण बनाइ दिन्छ । बालबालिकाहरूले वैयक्तिक तथा अन्तरवैयक्तिक (interpersonal) सीपहरूको विकास गर्न अत्यन्त जरुरी छ । समान उमेरका विद्यार्थी र विभिन्न उमेरका विद्यार्थीका बीचमा कसरी प्रभावकारी शिक्षण गर्ने भन्ने समस्या पनि शिक्षकका लागि चुनौतिपूर्ण छ । शिक्षकले यस्ता विधि तथा सामग्रीहरूको प्रयोग गर्नुपर्छ जसबाट माथि उल्लिखित सबै प्रकार वा क्षमता विद्यार्थीले हाँसिल गर्न सकून । शिक्षकले सिकाइलाई कक्षा क्रियाकलाप मात्र नसम्झी विद्यार्थीको वैयक्तिक र स्थायी प्रतिभाको विकास सम्झनु पर्छ । यसको माध्यमले विद्यार्थीको जीवन निर्माण हुनुपर्छ । यसका लागि शिक्षकमा शिक्षणसम्बन्धी प्रयोग हुने विधि, कार्यनीति र सामग्रीको बारेमा पर्याप्त र स्पष्ट ज्ञान हुनु आवश्यक छ । एउटा सक्षम शिक्षकले र अति प्रभावकारी (highly effective) शैक्षिक कार्यक्रमको माध्यमबाट हरेक विद्यार्थीको अन्तर्निहित प्रतिभालाई प्रस्फुटित गर्नुपर्छ । अत: शिक्षकहरूलाई यिनै कुराहरूको जानकारी दिने अभिप्रायले यस एकाइको व्यवस्था गरिएको छ ।

## ३. एकाइको उद्देश्य

यस एकाइ प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्नेछन्:-

४.१ बालबालिकाहरूका सिकाइको विभिन्न शैलीहरू पहिचान र विश्लेषण गर्न ।

४.२ बालबालिकाहरूका विभिन्न सिकाइ शैलीलाई सहयोग पुऱ्याउन सक्ने क्रियाकलाप निर्माण गर्न ।

४.३ बालबालिकाहरूले सामाजिक, भाषिक तथा गणितीय सीप सिक्ने तरिका पहिचान गर्न र वर्णन गर्न ।

४.४ वैयक्तिक सहकार्य (cooperative) एवम् प्रतिस्पर्धात्मक कौशलहरू वर्णन गर्न ।

४.५ धारणाशक्ति (Retention) को प्रवृत्ति सिकाइको स्थानान्तरण वर्णन गर्नुका साथै यिनीहरूको महत्त्व वयान गर्न ।

## ४. शैक्षिक सामग्री

पत्ती (अक्षर, चित्र, शब्द), पोष्टर/चार्ट, मार्कर, newsprint, साइनपेन

## ५. मुख्य क्रियाकलापहरू

| | समय |
|---|---|
| ५.१ बालबालिकाहरूको सिकाइका शैलीहरूको पहिचान र वर्णन | २ घण्टा |
| ५.२ बालबालिकाहरूको विभिन्न सिकाइशैलीलाई सहयोग पुऱ्याउन सक्ने क्रियाकलाप निर्माण | २ घण्टा |
| ५.३ भाषिक सीपको सिकाइ वर्णन | २ घण्टा |
| ५.४ सामाजिक सीपको सिकाइ वर्णन | २ घण्टा |
| ५.५ गणितीय सीपको सिकाइ वर्णन | २ घण्टा |
| ५.६ वैयक्तिक सिकाइक्रम (Individualistic) र प्रतिस्पर्धात्मकको भूमिका वर्णन | ३ घण्टा |
| ५.७ धारणाशक्तिको प्रकृति र सिकाइको स्थानान्तरण वर्णन/महत्वहरूसमेत वर्णन | ३ घण्टा |

५.१ बालबालिकाहरूको सिकाइका शैलीहरूको पहिचान र वर्णन

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. सबैजनालाई एस्पेरान्तो (Esperanto) भाषा सिक्ने भनी जानकारी दिने । एस्पेरान्तो (Esperanto) भाषा युरोप (Europe) का विभिन्न भाषाबाट बनाइएको एउटा काल्पनिक भाषा हो । यो डाक्टर जाइमेन्होफले सिर्जना गरेको भाषा हो भनी जानकारी दिने । | १. प्रशिक्षार्थीहरू उत्सुक हुने । |
| २. तलको शब्दपत्ती (flashcard) देखाउने र उचारण गर्न लगाउने । उच्चारण गर्न प्रोत्साहन दिने ।<br><br>**muso**<br><br>सही उच्चारण 'मुसो' हो । जसले सही उच्चारण गर्छ, उनलाई पुरस्कृत गर्ने । (पुरस्कार ताली, स्याबासी वा मिठाइ हुन सक्छ) | २. सबै जनाले उच्चाहरण गर्ने । सही उच्चारण गर्ने व्यक्तिको पछिपछि उच्चारण दोहऱ्याउने । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
| --- | --- |
| सही उच्चारण गर्ने व्यक्तिताई दोहोऱ्याउन लगाउने । बाँकी सबैलाई उनको पछि दोहोऱ्याउन लगाउने) यो पत्तीलाई pocket chart मा राख्ने जहाँ सबैले देख्न सक्नेछन् । | |
| ३. अब यस शब्दको अर्थ (meaning) अन्दाज गर्न लगाउने ! (सही अर्थ हो 'छुचुन्द्रो') | ३. सबैजनाले सही अर्थ अन्दाज गर्ने प्रयास गर्ने । |
| यस पटक सही अर्थ अन्दाज गर्नेलाई पुरस्कृत नगरी हाल्ने । पहिला चित्र पत्ती देखाउने  | |
| यो चित्र पत्ती देखाएर 'मुसो' भन्ने । २/३ चोटी भन्ने र सबैलाई भन्न लगाउने । | |
| अब यो चित्र पत्तीलाई pocket चार्टमा शब्दको पत्तीको छेउमा राख्न लगाउने र सही अन्दाज गर्ने व्यक्तिलाई पुरस्कृत गर्ने । | |
| ४. अर्को शब्द पत्ती देखाउने र उच्चारण गर्न लगाउने । **Birdo** | ४. सबैजनाले सही उच्चारण गर्ने प्रयास गर्ने । |
| सही उच्चारण हो 'विर्डो' वा 'विर्दो' । सही उच्चारण गर्ने व्यक्तिलाई पुरस्कृत गर्ने । | |
| सही उच्चारण गर्ने व्यक्तिको पछिपछि अरू सबैलाई उच्चारण गर्न लगाउने । | सही उच्चारण गर्ने व्यक्तिको पछिपछि दोहऱ्याउने छन् । |
| ५. त्यसपछि सही अर्थ अन्दाज गर्न लगाउने । सही अर्थ 'चरो' हो । पहिला झैं पुरस्कार नदिने तर अर्को चित्र पत्ती देखाउने । | ५. सबैजनाले अर्थ अन्दाज गर्ने । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| <br>पत्ती देखाएर भन्ने 'बिर्डो'/'बिर्दो' र २/३ पटक सबैलाई भन्न लगाउने । त्यसपछि शब्दपत्तीसँगै यो चित्रपत्तीलाई पनि राख्ने ।<br><br>पहिलो व्यक्ति जसले यस शब्दको अर्थ अन्दाज गऱ्यो उनलाई पुरस्कृत गर्ने । | |
| ६. सबैलाई शब्दहरूमा उच्चारण र अर्थ अन्दाज केको आधारमा गरेको हो भनी सोध्ने । त्यसपछि muso को (i) उच्चाण गर्ने र अर्थको अन्दाज लगाउनेलाई सोध्ने । त्यसरी नै (ii) 'birdo' को पनि सोध्ने । | ६. सम्भावित उत्तर<br>• muso उच्चारण: अङ्ग्रेजी अक्षर (letter) र अक्षरसँगको ध्वनि वा शाब्दिक सहचार्य (sound or verbal association) को पूर्व ज्ञान ।<br>• अर्थ: नेपालीको 'मुसो' जस्तै ।<br>• birdo उच्चारण: अङ्ग्रेजी अक्षर र शाब्दिक सहचार्यको पूर्व ज्ञान ।<br>• अर्थ: अङ्ग्रेजीको 'bird' जस्तै भएकोले । |
| ७. यी दुई शब्दहरूमध्ये कुन चाहिं सम्झनु सजिलो होला ? भनी प्रश्न गर्ने । | ७. 'मुसो' किनकी नेपाली 'मुसो' जस्तै<br>• 'विर्दो'/'विर्डो' किनकि अङ्ग्रेजी 'bird' बाट आएको । |
| ८. यी अभ्यासहरूलाई बालबालिकाको सिकाइसँग कसरी सम्बन्धित गर्न सकिन्छ भनी प्रश्न गर्ने । | ८. बालबालिकाहरूले पनि घरमा, परिवारमा र समुदायमा सिकेको पूर्वज्ञान प्रयोग गरी सहजसँग सिक्ने आफ्नै रणनीति बनाउँछन् । |




| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
| --- | --- |
| ९. बालबालिकाहरूले कुन विधिबाट सिक्छन् ?<br>यो प्रश्न कालोपाटीमा लेख्ने र समूहमा छलफल गर्न लगाउने । त्यसपछि Newsprint मा लेखी समूहबाट एकजनालाई प्रस्तुत गर्न लगाउने । | ९. सम्भावित उत्तर<br>• हेरेर<br>• सुनेर<br>• पढेर<br>• छोएर<br>• गनेर<br>• सुँघेर<br>• विचार गरेर<br>• अन्दाज गरेर<br>• स्वाद लिएर<br>• खेलेर<br>• गाएर<br>• भनेर<br>• समूहमा सल्लाह गरेर<br>• गरेर इत्यादि |
| १०. प्रशिक्षार्थीहरूबाट प्राप्त उत्तरहरूमा छलफल गर्दै समूहमा वर्गीकरण गर्न लगाउने । जस्तै:<br>'अन्दाज गरेर, विचार गरेर, सल्लाह गरेर' लाई 'विचार गरेर' समूहमा राख्ने ।<br>त्यसपछि निष्कर्षलाई चार्ट (chart) मा लेख्न लगाउने, जस्तै:-<br><br> | १०. निर्देशनअनुसार समूहमा छुट्याउने र कार्डबोर्डमा चार्ट बनाउने । |
| सबैभन्दा राम्रो चार्ट कक्षाकोठाको भित्तामा टाँस्न लगाउने । सबैभन्दा राम्रो गर्ने समूहलाई प्रशंसा पनि गर्ने र सिकाइका शैलीहरू प्रशिक्षकले वर्णन गर्ने | प्रशिक्षकको निर्देशनबमोजिम प्रशिक्षार्थीले पनि वर्णन गर्ने । |







## ५.२ बालबालिकाहरूको विभिन्न सिकाइशैलीलाई सहयोग पुऱ्याउन सक्ने क्रियाकलापहरू निर्माण

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. बालबालिकाहरूको सिकाइशैलीलाई सहयोग पुऱ्याउने क्रियाकलापको सुची तयार गर्न लगाउने । सूची तयार गरेपछि उक्त सूचीलाई कालोपाटीमा लेख्न र प्रस्तुत गर्न लगाउने । | १. सम्भावित उत्तर<br>**हेरेर:**<br>• वस्तुहरू देखाएर<br>• चित्र देखाएर<br>• चार्ट, पोष्टर वा illustrations देखाएर<br>• video, film, slides देखाएर<br>• सम्बन्धित ठाउँमा लगी अवलोकन गर्न लगाएर इत्यादि ।<br><br>**सोचेर:**<br>• हिसाब गर्न लगाएर<br>•<br>• अन्दाज गर्न लगाएर<br>• तर्क पेश गर्न लगाएर<br>• भविष्यवाणी गर्न लगाएर<br>• सिर्जनात्मक कार्य गर्न लगाएर<br>• समस्याको समाधान गर्न लगाएर |
| २. प्रस्तुत छलफलबाट निस्केको निस्कर्षलाई निम्नानुसार चार्टमा लेख्न लगाई भित्तामा टाँस्ने<br><br>• चित्र एवम् वस्तुहरू देखाउने<br>• शैली सुहाउँदो खाना प्रस्तुत गर्ने<br>• कथा एवम् कविता सुनाउने<br>• विविध खेल सामग्रीहरू प्रदान गर्ने<br>• समूह निर्माण गर्ने<br>• चिन्तन गर्न सहायक सामग्रीहरू प्रदान गर्ने | |
| ३. माथिका क्रियाकलापहरू पालैपालो वर्णन गर्ने । | ३. प्रशिक्षकको निर्देशनमा प्रशिक्षार्थीले समेत वर्णन गर्ने र टिपोट पनि गर्ने । |

५.३ भाषिक सीपको सिकाइ

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
| --- | --- |
| १. सहभागीहरूलाई ५/६ समूहमा विभाजन गर्ने । हरेक समूहको एकजना व्यक्तिलाई बाकस वा कुनै भाँडोबाट एक टुक्रा कागज झिक्न लगाउने । त्यस कागजको टुक्रामा लेखिएको शीर्षक बारेमा एक मिनेटसम्म पालैपालो बोल्न लगाउने ।<br>शीर्षक जे पनि हुन सक्छ जस्तैः<br>– बालबालिकाको जीवनमा पोषणको महत्त्व<br>– बालबालिकाको जीवनमा नाचगानको महत्त्व<br>– बालबालिकाको जीवनमा प्रोत्साहानको महत्त्व<br>– बालबालिकाको जीवनमा खेलकुदको महत्त्व, इत्यादि ।<br><br>बाँकी सहभागीलाई मूल्याङ्कन गर्न लगाउने । मूल्याङ्कन गर्दा यी सीपहरूलाई ध्यान दिने-<br>– विषयवस्तुको ज्ञान<br>– प्रस्तुती<br>– शब्दको चयन<br>– रोचकता इत्यादि । | १. प्रशिक्षार्थीहरू समूहमा विभाजित भई निर्देशन वमोजिम गर्ने । |
| • शीर्षकअनुसार बोल्ने प्रशिक्षार्थीहरूलाई कक्षाबाहिर पठाउने र सबैभन्दा उत्तम एकजनालाई vote गर्ने । | • प्रशिक्षार्थीले vote गर्ने । |
| • बाहिर गएका व्यक्तिहरूलाई भित्र बोलाएर पुरस्कृत गर्ने । | • प्रशिक्षार्थीले निर्देशन वमोजिम गर्ने ।<br>(सबैको उस्तै योग्यता/अनुभव भएता पनि राम्रो र अझ राम्रो गर्नु आ-आफ्नो (individual difference) वैयक्तिक भिन्नताको कारण भएकोले हो भन्ने निस्कर्ष दिने ।) |
| • प्रश्न गर्नेः यस क्रियाकलापले के बताउँछ ? प्रशिक्षकले सहभागीहरूबाट प्राप्त उत्तरलाई समेट्तै निम्नानुसार निस्कर्ष दिने । | • आपसी छलफल गरी उत्तर बताउने । |
| २. भाषिक सीप के-के हुन् ? प्रश्न गर्ने क्रमबद्ध भन्न लगाउने । | २. सम्भावित उत्तर<br>• सुनाइ<br>• बोलाइ<br>• पढाइ<br>• लेखाइ |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
| --- | --- |
| ३. प्रशिक्षार्थीहरूलाई नयाँ भाषा सिक्ने भन्ने जानकारी दिने । यो चित्र पत्ती देखाउने र उच्चारण गर्ने  "मक" उनीहरूलाई २/३ चोटी दोहोऱ्याउन लगाउने । | ३. प्रशिक्षार्थीहरूले निर्देशनअनुसार गर्ने । |
| ४. यो पत्ती कालोपाटीमा टाँस्ने वा Pocket chart मा राख्ने ।  "म" यो पत्ती देखाएर सबैजनालाई 'म' भन्न लगाउने । २/३ चोटी दोहोऱ्याउन लगाउने । | ४. प्रशिक्षकको निर्देशनबमोजिम गर्ने । |
| ५. कालोपाटीमा वा pocket chart मा आँखाको चित्रको छेउमा राख्ने । ४.  "क" यो पत्ती देखाई 'क' भनी उच्चारण गर्ने र गर्न लगाउने । २/३ चोटी दोहोऱ्याएर यो पत्ती 'म' सँग राख्ने र  'मक' भनी उच्चारण गर्ने । उच्चारण गर्दा 'आँखा' को चित्रलाई पनि देखाउने । | ५. उच्चारण गर्ने । निर्देशनअनुसार गर्छन् । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| ६. यो चित्र देखाएर 'लक' भनी उच्चारण गर्ने र साथै सबैजनालाई उच्चारण (२/३ चोटी) गर्न लगाउने र कालोपाटीमा टाँस्ने ।  "लक" पाहा | ६. उच्चारण गर्ने । |
| ७. तलको चित्र पत्ती देखाउने:- 'ल' भनी उच्चारण गर्ने । सबै प्रशिक्षार्थीलाई २/३ चोटी गर्न लगाउने ।  'ल' त्यसपछि पाहाको चित्रको छेउमा टाँस्ने । | ७. निर्देशनबमोजिम गर्ने । |
| ८. त्यसपछि यो पत्ती देखाउने  'क' र पढ्न लगाउने । अब  र  सँगै राखेर  'लक' भनेर पढ्न लगाउने । पाहालाई देखाएर 'लक' भन्न लगाउने । | ८. प्रशिक्षार्थीले निर्देशनअनुसार गर्ने । |
| ९. अब ३ ओटा पत्ती लहरै राखेर यी अक्षरहरू चिन्न र पढ्न लगाउने ।  | ९. प्रशिक्षकको निर्देशनबमोजिम गर्ने । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| भाषिक खेल खेल्न लगाउने । हरेक समूहमा ३ ओटा पत्ती दिने। प्रशिक्षकले जुन चित्र देखाउँछ त्यस चित्रको शब्द उठाएर सबैलाई देखाउनुपर्छ। सही शब्द देखाएमा र सबैभन्दा पहिला देखाउनेलाई प्रशंसा, पुरस्कृत गर्ने ।<br><br>अब सबैजनालाई बायाँ हातले (दाहिने हात चल्नेलाई) र दाहिने हातले (बायाँ हात चल्नेलाई) चित्र कोरेर त्यसको छेउमा शब्दहरू लेख्न । सबैभन्दा राम्रो गर्नेलाई प्रसंसा/पुरस्कृत गर्ने ।<br>**Note:** यो काल्पनिक लिपी हो । | |
| १०. सबैजनालाई यो पाठको चरण स्मरण गर्न लगाउने । | १०. प्रशिक्षार्थीहरूले चरणहरू बताउने ।<br>• चित्र देखाउने<br>• चित्रको नाम भन्ने<br>• चित्रको प्रतिनिधि गर्ने पहिलो अक्षर त्यसपछि अर्को अक्षर देखाउने र उच्चारण गर्ने<br>• दुई अक्षरहरू मिलाएर एउटा शब्द बनाई उच्चारण गर्ने<br>• शब्द र चित्रको सम्बन्ध देखाउने<br>• तिनै अक्षरहरू मिलाई शुद्ध शब्द बनाउने खेल खेल्ने<br>• चित्र बनाउने र शब्द लेख्ने<br>• प्रदर्शन गर्ने |
| ११. यी चरणहरूलाई आधार बनाई बालबालिकाहरूले शब्दहरू कसरी सिक्छन्, निष्कर्ष लेख्न लगाउने । | ११. निष्कर्ष लेख्नेछन्-<br>• बालबालिकाहरूलाई शब्द सिकाउँदा शब्दलाई वस्तुसँग सम्बन्ध देखाउनुपर्छ । धारण (Retention) दीर्घकालिन बनाउनका लागि निरन्तर अभ्यास गराउनुपर्छ । यसैगरी विदेशी शब्दहरू सिक्दा मातृभाषामा अनुवाद गरी सम्बन्ध देखाउन पनि सकिन्छ । सम्बन्ध देखाएर सिक्नु सिकाउनु verbal association हो । |


| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १२. सबैलाई एउटा खेल खेल्ने भनी जानकारी दिने ।<br><br>सबै समूहमा ८ ओटा शब्द पत्तीहरू सिलबन्दी खाममा दिने:<br><br>हामी \| छ \| मुख \| मेरो<br>एउटा \| आँखा \| सँगै \| बाट<br><br>यो खेल निम्नानुसार खेलाउने:-<br>- यो खेलको लागि १ मिनेट समय दिने ।<br><br>प्रशिक्षकले 'सुरू' भनेपछि हरेक समूहले खाम खोली पत्ती फिजाई एउटा शुद्ध वाक्य बनाउनुपर्ने ।<br><br>जसले पहिला सक्छ, हात उठाउने वा कुनै सङ्केत दिन भन्ने ।<br><br>सबैले शब्द पत्तीबाट हात हटाउन लगाउने र आ-आफ्ना वाक्य पढेर सुनाउन लगाउने ।<br><br>जसले पहिला हात उठायो, त्यस समूहको वाक्य शुद्ध भएको खण्डमा विजयी घोषित गर्ने ।<br><br>अन्यथा जुन समूहको वाक्य शुद्ध छ त्यही समूहलाई विजयी घोषित गर्ने ।<br>प्रशंसा वा पुरस्कृत गर्ने । | १२. खेल खेल्न उत्सुक हुने । प्रशिक्षकको निर्देशनबमोजिम गर्ने । |
| १३. माथिको अभ्यासअनुसार बालबालिकाहरूले वाक्य कसरी सिक्छन् भनी प्रश्न गर्ने । | १३. सम्भावित उत्तर<br>• शब्दहरूलाई क्रमबद्ध मिलाएर |
| १४. प्रशिक्षकले यो निष्कर्ष बताउने-<br>बालबालिकाहरूले शब्दहरूको श्रृङ्खलाबद्ध जोडाइको आधारमा वाक्यरचना हुन्छ भन्ने कुरा सिक्छन्, जसलाई chaining भनिन्छ । | |
| १५. भाषिक सीप सिकाइमा अभ्यास (practice) को स्थान वयान गर्ने । | १५. अभ्यासको स्थान प्रशिक्षकको निर्देशनमा वयान समेत गर्ने । |

## ५.४ सामाजिक सीपको सिकाइ

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. प्राथमिक उमेरका बालबालिकाहरूले सिक्ने सामाजिक सीपहरू केके हुन् ? भनी प्रश्न गर्ने । | १. अपेक्षित उत्तर<br>● लुगा लगाउन र स्याहार गर्न<br>● किताब कलम टुङ्गोमा राख्न<br>● साथीसँग मिलिजुली बस्न र पढ्न<br>● शिक्षकलाई र ठूलो मानिसहरूलाई आदर गर्न<br>● साना उमेर वा कक्षाका भाइबहिनीहरूलाई माया गर्न<br>● कक्षाकोठा सफा राख्न र सुन्दर बनाउन<br>● घर आँगन सफा राख्न<br>● इमान्दार र उत्तरदायी हुन इत्यादि । |
| २. प्रशिक्षार्थीहरूबाट प्राप्त उत्तरहरूलाई समेट्तै सामाजिक सीपहरू लेखिएको चार्ट प्रस्तुत गर्ने र अध्ययन गर्न लगाउने । | २. प्रशिक्षार्थीहरूले चार्ट अध्ययन गर्ने । अस्पष्ट भएका बुँदाहरूमा आपसी छलफल गरी स्पष्ट हुने । |
| ३. यी सीपहरू कसरी सिक्छन् ? भनी प्रश्न गर्ने र हरेक समूहलाई कुनै २/३ ओटाको सीपको बारेमा उत्तर दिन लगाउने । | ३. सम्भाव्य उत्तर:<br>● घरमा आमाबाबुले सिकाउँछन्<br>● साथीहरूबाट सिक्छन्<br>● media बाट सिक्छन्<br>● अरू मानिसबाट सिक्छन्<br>● नक्कल गर्छन्<br>● विद्यातयमा सिक्छन् इत्यादि । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| ४. प्रशिक्षार्थीहरूका उत्तरबाट कुनै एउटा सीप छानी विभिन्न उपायहरूमध्ये एउटा उपाय यो पनि हुन सक्छ भनी उदाहरण दिने, जस्तै: लाम (queue) लाग्नु। प्राय:जसो विद्यार्थी जो पहिलोचोटी विद्यालय आउँछ, उनीहरूलाई बानी बसाल्न गाह्रो हुन्छ। विद्यालयको गाडी चढ्दा पहिला चढ्नको लागि धकाल्दै पस्छन्। खलासीले वा मनिटर (monitor) ले त्यस्ता विद्यार्थीलाई नियन्त्रण गर्नको लागि लाइनमा बस्न सल्लाह दिन्छ। नमान्दा हकार्छ र मान्दा स्यावासी दिन्छ। विद्यालयको चमेना गृह (canteen) मा पनि लाइन नलागी अगाडि किन्न जानेलाई सबैजनाले हकार्छन्। विद्यालयमा सबैजना लाइनमा उभिएको देख्दा आफु पनि उभिने गर्छ। त्यसपछि विद्यालयमा त्यस्तो सम्बन्धित अवस्थामा पनि लाइनमा उभिने गर्छ र अरूलाई पनि लाइनमा उभिन सल्लाह दिन्छ। यसको समीक्षा निम्नवमोजिम गर्ने:-<br><br>प्राय:जसो बालबालिकाहरूले सामाजिक सीप यी ३ प्रकारले सिक्छन्, जस्तै- पहिलो अरूको व्यवहार अवलोकन (observe) गरेर। दोस्रो, अरूले गरेको नक्कल (imitate) गरेर। तेस्रो उसको सबलिकृत (reinforced) प्रतिक्रिया बारम्बार अभ्यास (practice) गरेर। | ४. प्रशिक्षकबाट प्रस्तुत उदाहरण ध्यानपूर्वक सुन्ने। अस्पष्ट भएका कुरामा पालैपालो प्रश्न सोधी स्पष्ट हुने। महत्त्वपूर्ण बुँदाहरू टिपोट गर्ने। |
| ५. यस्ता बालबालिकाहरू कुनै पसलमा सामान किनेर पैसा तिर्ने ठाउँमा भीड भयो भने के गर्लान् ?<br>प्रश्न गर्ने। | ५. सम्भावित उत्तर<br>• आफू अगाडी जान प्रयास गर्ला।<br>• सबैलाई तिर्न दिएर आफू पछि तिर्ला।<br>• सबैलाई लाइनमा उभिने सल्लाह देला र आफू पनि उभिएला। |
| ६. प्रशिक्षकले निस्कर्ष निकाल्ने:<br>प्राय:जसो कुनै पनि कुरा सबलीकृत (reinforced) भइ बानी बनेपछि सकरात्मक रूप नै लिन्छ। त्यसैले आफु लाइनमा बस्छ र अरूलाई पनि लाइनमा बस्ने सल्लाह दिन्छ। | ६. प्रशिक्षकबाट प्रस्तुत सारांशमा सहमत जनाउने। |
| ७. सामाजिक सीप सिक्ने उपायहरू पुन: वयान गर्ने। | ७. प्रशिक्षकको निर्देशनमा सबैले पालैपालो वयान गर्ने। |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. प्रशिक्षार्थीहरूलाई प्रश्न सोध्ने-<br>कक्षा १ को बालबालिकालाई सङ्ख्याको धारणा (१-९) कसरी सिकाउन सकिन्छ ? | १. सम्भावित उत्तर<br>● १,२, ..., ९ सम्म भन्न लगाउने र लेख्न लगाउने ।<br>● वस्तु र अङ्कको सम्बन्ध (association) देखाएर, जस्तैः- एउटा वस्तु देखाएर एक भन्न लगाउने ।<br>● त्यसपछि एउटा वस्तु देखाएर, १ अङ्क कालोपाटीमा लेखी अङ्क देखाई १ भन्न लगाउने ।<br>● यसरी नै २-९ सम्मको धारणा सिकाउने । |
| २. प्रशिक्षकले निस्कर्ष दिने:-<br>वास्तविक वस्तुहरू गन्न लगाएर वा चित्रमा देखाइएका वस्तुहरू गन्न लगाएर अङ्कको ज्ञान दिन सकिन्छ, जुन अर्थपूर्ण हुन्छ । यसले स्मरणलाई मजबुत बनाउँछ । | |
| ३. Association को अर्थका बारेमा समीक्षा गर्ने । | ३. समीक्षा टिपोट गर्ने । |
| ४. अङ्क र चित्र भएको चार्ट देखाउने र यसमा देखाउन वा भन्न खोजेको कुरा सोध्ने । | ४. सम्भावित उत्तर:-<br>● प्रत्येक समूहमा १/१ ओटा वस्तु छन् ।<br>● १ अङ्कको ज्ञान दिन विभिन्न वस्तुको उदाहरण दिन सकिन्छ ।<br>● चार्टको प्रयोगबाट अङ्कको ज्ञान दिन सकिन्छ इत्यादि । |



| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| ५. निष्कर्ष बताउने<br>एउटा वस्तु वा चिजको लागि प्रयोग गरेको अङ्क अरू वस्तु वा चिजलाई पनि प्रयोग गर्न सकिन्छ । | ५. प्रशिक्षकद्वारा प्रस्तुत निष्कर्षमा सहमत हुने । |
| ६. माथीको अङ्क र फूल भएको चार्ट देखाउने, पढ्न लगाउने र यस चार्टले भन्न खोजेको कुरा बताउन लगाउने । | ६. चार्ट अवलोकन अध्ययन गर्ने । चार्टले देखाउन खोजेको कुरा बताउने, जस्तै-<br>• चार्टले अङ्कको ज्ञान दिन मद्दत गर्छ ।<br>• अङ्क वा चित्र (फूल) को ढाँचाले कुन ठूलो कुन सानो अङ्क स्पष्ट देखाउँछ ।<br>• अङ्कको बीचमा फरक छुट्याउन (differentiate) सहज हुन्छ, जस्तै- ५ भन्दाले १-४ भन्दा ठूलो र ६-९ भन्दा सानो देखाउँछ । |

| | |
|---|---|
| ❀ | १ |
| ❀ ❀ | २ |
| ❀ ❀ ❀ | ३ |
| ❀ ❀ ❀ ❀ | ४ |
| ❀ ❀ ❀ ❀ ❀ | ५ |
| ❀ ❀ ❀ ❀ ❀ ❀ | ६ |
| ❀ ❀ ❀ ❀ ❀ ❀ ❀ | ७ |
| ❀ ❀ ❀ ❀ ❀ ❀ ❀ ❀ | ८ |
| ❀ ❀ ❀ ❀ ❀ ❀ ❀ ❀ ❀ | ९ |

| | |
|---|---|
| ७. निस्कर्ष दिने:-<br>बालबालिकाहरूले गणितीय सीपअन्तर्गत सङ्ख्यासम्बन्धी ज्ञान दुई तरिकाले सिक्छन्:-<br>(क) सामान्यीकरण गरेर (generalization) र<br>(ख) फरक छुट्याएर (differentiate) | ७. प्रशिक्षकद्वारा प्रस्तुत निष्कर्षमा अस्पष्ट भएका कुराहरूमा प्रश्नोत्तर एवम् आपसी छलफल गरी स्पष्ट हुने । |

### ५.६ वैयक्तिक सिकाइ (Individualistic) र प्रतिस्पर्धाको भूमिका

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. तपाईंहरूले विद्यालयमा पढ्दा सिक्ने तरिकामा र अहिले तालिममा सिक्ने तरिकामा के फरक पाउनु हुन्छ ? प्रश्न गर्ने | १. सम्भावित उत्तर<br>विद्यालयमा:<br>• आफै सिक्ने वा व्यक्तिगत सिकाइ (individual learning)<br>• अलिअलि छलफल गर्ने<br>**तालिममा**<br>• Pair work गर्ने<br>• सामुहिक कार्य गर्ने<br>• व्यक्तिगत कार्य गर्ने<br>• प्रतिस्पर्धा गर्ने<br>• छलफल गरी प्रस्तुत गर्ने |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| | • खेल खेल्ने<br>• नाटक गर्ने इत्यादि । |
| २. नेपालको प्राय:जसो विद्यालयहरूमा कस्तो किसिमको सिकाइलाई जोड दिइन्छ ? प्रश्न गर्ने । साथै तालिममा नि ? प्रश्न गर्ने । | २. सम्भाव्य उत्तर:-<br>व्यक्तिगत (individual) सिकाइलाई जोड<br>• युगल कार्य (pair work)<br>• सामुहिक कार्य<br>• व्यक्तिगत कार्य |
| ३. निस्कर्ष दिने<br><br>सिकाइ २ किसिमले गर्न सकिन्छ: व्यक्तिगत (individualistic) र सहकार्य (cooperative) | ३. अस्पष्ट भएमा प्रश्न सोधी स्पष्ट हुने । |
| ४. व्यक्तिगत सिकाइ (individualistic learning) मा के फाइदा देख्नुहुन्छ ? प्रश्न गर्ने | ४. सम्भावित उत्तर<br>• व्यक्तिले आफ्नै गतिमा सिक्न सक्छ ।<br>• स्वतन्त्र रूपले आफूलाई विकास गर्न सक्छ ।<br>• आफै हौसला (inspiration) सिर्जना गर्छ ।<br>• आफ्नै मेहनत (effort) ले सिक्छ ।<br>• अरूसँग संकोच नमानी सिक्छ ।<br>• आफ्नै इच्छाअनुसार सिक्छ इत्यादि । |
| ५. निष्कर्ष दिने:-<br>स्वाध्यायन सर्वोत्तम शिक्षा हो । (Self education is the best education.) | ५. निष्कर्षमा आपसी छलफल गरी स्पष्ट हुने । |
| ६. सहकार्य सिकाइ (Coopeative Learning) मा के फाइदा छ ? प्रश्न गर्ने । | ६. सम्भावित उत्तरहरू<br>• समूहका प्रत्येक व्यक्ति सामूहिक सफलताको लागि मरिमेट्ने गर्छन् ।<br>• हरेक व्यक्तिले समूहका अरु सदस्यहरूजस्तै सोच्ने र महशुस गर्छन् ।<br>• आफ्नो व्यवहार समुहको व्यवहारअनुरूप वदल्ने गर्छन् ।<br>• कामको बाँडफाँडमा मद्दत गर्छ ।<br>• उत्तरदायित्वको विकास गर्छ ।<br>• सामाजिक व्यवहार कायम गर्छ ।<br>• समूहका सदस्यहरूले दिएको मान्यता र आदरले व्यक्तिले आत्मविश्वास बढाउने गर्छ । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| | • भातृत्वको विकास गर्छ ।<br>• जीवनसँग सकारात्मक सम्बन्ध राख्छ ।<br>• प्रजातान्त्रिक मूल्य र मान्यताको विकास, कदर र संरक्षण गर्छ ।<br>• वैयक्तिक (personal) तथा अन्तरवैयक्तिक (interpersonal) सीपको विकास गर्छ । |
| ७. निस्कर्ष दिने<br>सामाजिक सीपहरूको विकास गर्न सबैभन्दा राम्रो माध्यम group dynamics हो । यी सीपहरूले समाजलाई राम्ररी बुझ्नमा टेवा दिनको साथै हरेक व्यक्तिलाई प्रजातान्त्रिक नागरिक बन्नको लागि तयारी गर्छ । | ७. प्रशिक्षकद्वारा प्रस्तुत निस्कर्षमा स्पष्ट हुने । |
| ८. प्रशिक्षकले एउटा प्रतिस्पर्धात्मक खेलका लागि प्रशिक्षार्थीहरूलाई तयार हुन भन्ने । खेलमा सबैलाई प्रतिस्पर्धा गराउने र जित्नेलाई पुरस्कार दिइनेछ भनेर पनि सुनाउने ।<br>प्रतिस्पर्धाको नियम यसप्रकार छन्-<br>• सबैजनाले यस कक्षा कोठाभित्र बसेका व्यक्तिहरूसँग आफूलाई दजाइ फरक लेख्नुपर्ने ।<br>• समय मात्र १ मिनेट दिइने ।<br>• प्रशिक्षकले 'सुरू' भनेपछि मात्रै लेख्ने<br><br>सबैभन्दा धेरै फरक लेख्नेलाई प्रशंसा वा पुरस्कृत गर्ने ।<br>यस खेलले के बताउँछ ? अरूभन्दा धेरै फरक लेख्नुको कारण के हुन सक्छ ? प्रश्न गर्ने । | ८. सम्भावित उत्तर<br>• उमेर<br>• वर्ण<br>• शिक्षा<br>• इच्छा<br>• पालनपोषण<br>• चाहना<br>• बनौट (शारीरिक) इत्यादि ।<br><br>• छिटो लेख्न सक्नु<br>• छिटो बुझी अघि बढ्न सक्नु<br>• पुरस्कारको प्रभाव पर्नु<br>• जित्ने इच्छा हुनु<br>• अनुभवी हुनु |
| ९. निष्कर्ष दिने<br>हरेक व्यक्ति अर्को व्यक्तिसँग दुरुस्त हुन सक्दैन (अथवा व्यक्तिगत भिन्नता छ) । हरेकको आफ्नै किसिमको विशेषता (प्रतिभा) हुन्छ । आफ्नै तरिकाले सिक्छ । | ९. निष्कर्ष टिपोट गर्ने । |

## ५.६ सहकार्य सिकाइ (cooperative learning) र प्रतिस्पर्धाको भूमिका

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. समूहमा तलको कथाको शीर्षक छान्न लगाउने र उचित शीर्षक दिने । समय ५-१० मिनेट दिने । सबैभन्दा राम्रोलाई पुरस्कृत गर्ने ।<br><br>एकदिन एउटा स्यालले दुम्सीलाई सोध्छ- "तिम्रो कतिओटा बुद्धि (brains) छ ?" दुम्सीले अति अचम्म मान्छ; "कतिओटा बुद्धी ? अवश्य पनि मेरो एउटा मात्रै छ ।" स्यालले धाक लाउँदै भन्छ- "मेरो ७-७ ओटा छन् ।" दुम्सीले पत्याउँदैन र भन्छ- "यदि यो सत्य हो भने तिमीले देउतास्थानमा गएर कसम खानुपर्छ ।"<br><br>दुम्सी र स्याल भोलीपल्ट वनभित्र जान्छन् । दुम्सीले स्याललाई सिकारीले थापेको पासो नजिक लान्छ र भन्छ- "अब आँखा बन्द गर र दायाँ खुट्टा अगाडी सारेर कसम खाउँ यो पवित्र स्थानमा ।"<br><br>स्यालले खुट्टा अगाडि बढाउँछ त पासोमा पर्छ र चिच्याउँछ- "मलाई मद्दत गर ।" दुम्सीले भन्छ- "मलाई मद्दत गर्न अति मन छ तर के गर्ने मेरो त एउटा मात्रै बुद्धी छ, भ्याउँदैन । तिम्रो ७-७ ओटा बुद्धीले काम गरन ।" स्यालले भन्छ- "मलाई कमसेकम उपाय त सिकाइदेउ । मैले झुट बोले, माफ गर ।" दुम्सीलाई माया लाग्छ र उपाय सिकाइदिन्छ ।<br>सबै समूहको कथाको शीर्षक सुन्ने र मतदान (vote) गरेर उत्कृष्टलाई पुरस्कृत गर्ने । अरूलाई स्याबासी दिने । | १. सबै समुहले कथा पढ्छन् र त्यसको शीर्षक छनोट गर्ने । समूहगत रूपमा कथाको शीर्षक बताउने । |
| २. सिकाइमा प्रतिस्पर्धा र पुरस्कारको व्यवस्था किन गरिन्छ ? प्रश्न गर्ने । | २. सम्भावित उत्तरहरू<br>• प्रेरणा गर्छ ।<br>• आलस्य हटाउँछ ।<br>• रोचक बनाउँछ ।<br>• पढाइमा ध्यान केन्द्रित गर्छ ।<br>• पुरस्कार पाउने इच्छा जगाउँछ ।<br>• सफलता पाउने इच्छा जगाउँछ ।<br>• तार्किक शक्ति बढाउँछ ।<br>• सृजनात्मक शक्ति बढाउँछ इत्यादि । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| ४. निष्कर्ष दिने:-<br>प्रतिस्पर्धाले प्रेरणा जगाउंछ, यो समूहमा पनि गर्न सकिन्छ। सिकाइमा कुनै न कुनै प्रकारले प्रेरणा हुनु अत्यन्त आवश्यक छ। | ४. महत्त्वपूर्ण बुँदाहरू टिपोट गर्ने। |
| ५. व्यक्तिगत प्रतिस्पर्धा (Individual compention) र सहकार्य प्रतिस्पर्धा (cooperative competition) मा के फरक छ ?<br>कुन किसिमको प्रतिस्पर्धा तपाईंहरू बालबालिकासँग प्रयोग गर्नु उचित देख्नुहुन्छ ? प्रश्न गर्ने। | **सम्भावित उत्तरहरू**<br>• दुवैको उद्देश्य एउटै हो- प्रेरणा गर्नु।<br>• व्यक्तिव्यक्तिबीच प्रतिस्पर्धा कहिलेकाँही असमान हुनजान्छ, जसले व्यक्तिलाई त्रसित (threaten) गर्न सक्छ वा<br>• (Intimidate) गर्न सक्छ।<br>• सामुहिक प्रतिस्पर्धमा सफलता वा असफलता दुबै बाँड्न सकिने भएकोले threatening वा intimidating हुने सम्भावना कम हुन्छ।<br>• सामुहिक प्रतिस्पर्धामा सबैले उत्तिकै गतिमा भाग नलिन सक्छन् र उत्तरदायित्व वहन नगर्न सक्छ। |
| ६. निष्कर्ष दिने:-<br>बालबालिकाको सिकाइमा दुबै किसिमको प्रतिस्पर्धाको उत्तिकै महत्त्व छ। त्यसैले दुबै किसिमको सिकाइको पनि उत्तिकै महत्त्व छ। | |

## अवलोकनको लागि तयारी तथा अवलोकन

जबसम्म कक्षामा गएर बालबालिकाको अध्ययन तथा शिक्षण गरिदैन तबसम्म शिक्षकले आफ्नो विषयवस्तुको चयन र सरलताको साथै प्रभावकारी रणनीतिको मूल्याङ्कन गर्न सक्तैन । यी फारम तथा पाठ नमुनाको लागि मात्र हो । शिक्षकले पाठ वा फारम तयार गर्दा विषय, कक्षा वा बालबालिकाको क्षमता, कक्षाकोठाको स्थिति र के उद्देश्यले अवलोकन गरिने हो स्पष्ट हुनुपर्छ र सोअनुसार तयार गर्न आवश्यक पर्छ ।

## बालबालिकाहरूको सिकाइबारे जानकारी लिने क्रियाकलापहरू

**(कक्षा १ को लागि)**

(बालबालिकाहरूको कक्षाकोठामा अवलोकन)

---

यो क्रियाकलाप शिक्षकले विद्यालयमा गएर गर्नुपर्दछ । प्रत्येक कक्षाबाट १ जना केटा र १ जना केटी छान्ने र उनीहरूको अनुहारको विवरण लेख्ने, जस्तै- उनीहरू राम्रोसँग स्याहार सुसार र हेरचाह गरिएको जस्ता देखिन्छन् वा देखिन्नन् ? उनीहरूको उमेर र उनीहरूको पाठप्रतिको प्रतिक्रिया र सहपाठीहरूप्रतिको प्रतिक्रिया महत्वपूर्ण हुन्छ । यी विवरण लेखिसकेपछि प्रत्येक बालकले प्रत्येक वैकल्पिक मिनेटमा के गरिरहेको छ निरीक्षण गर्नुपर्दछ । यसप्रकार तपाईंले १ मिनेट केटो के गरिरहेको छ हेर्नुहुनेछ र अर्को मिनेट केटी के गरिरहेकी छ, हेर्नुहुनेछ र उनीहरूको क्रियाकलापहरूको नोट गर्नुहुनेछ । ३० मिनेटको समाप्तिपछि तपाईंले अवलोकन गर्नुभएका क्रियाकलापहरूलाई सारांशमा लेख्नुहोस् । तपाईंले आफ्नो सारांशमा तपाईंको विचारमा बालकहरूले निरीक्षण अवधि ३० मिनेटभित्र के-के कुराहरू सिकेजस्तो लाग्छ सो उल्लेख गर्नुहोस् ।

(संलग्न- कक्षाअवलोकन फारम)

# कक्षाअवलोकन फाराम

| | |
|---|---|
| मिति: | कक्षा: |
| समय: | पाठ: |

| | |
|---|---|
| केटो<br>विवरण: | केटी<br>विवरण: |

| समय | क्रियाकलाप | समय | क्रियाकलाप |
|---|---|---|---|
| | | | |

| | |
|---|---|
| सारांश: | सारांश: |


## बालबालिकाहरूको सिकाइबारे जानकारी लिने क्रियाकलापहरू
## (कक्षा २ को लागि)
### (बालबालिकाहरुले लम्बाइ र क्षेत्रफलबारे सिकिरहेको कार्यको अवलोकन)

यो क्रियाकलाप पियाजे (Piaget) ले केटाकेटीहरू कसरी सोचाइ (thinking) को विकास गर्दछन् भन्नेबारे पत्ता लगाउन गरेको अनुसन्धानको आधारमा गरिएको हो। Pre-operational children (२ देखि ७ वर्षसम्मका बालकहरू) एकभन्दा बढी कुराहरूमा एकपटकमा विचार गर्न सक्तैनन्। यस कार्यक्रमको लागि निम्नलिखित सामग्रीहरू तयार गर्नुपर्दछ-

- समान गोलाइ र लम्बाइको दुईओटा लट्ठी वा रूखका साना हाँगा (छेस्का)
- एक टुक्रा कागज
- १२ ओटा सलाइको काँटी

तपाईंले बालकलाई सोध्नुभएको प्रश्न र बालकले तपाईंलाई दिएको उत्तरलाई टिप्नुहोस् र तिनलाई आफ्नो रिपोर्टमा उल्लेख गर्नुहोस्। ५ देखि ७ वर्ष उमेरका २/३ जना विद्यार्थीसँग मित्रता कायम गर्नुहोस् अथवा आफ्नो सोही उमेरका भाइ र बहिनीलाई सोध्नुहोस्। उनीहरूलाई तलको puzzle देखाउनुहोस्।

तपाईंसँग भएको दुईओटा लट्ठीलाई कागजमा चित्रमा देखाएझैं गरी parallel रूपमा राख्नुहोस्। बालकसँग कुरा गरी ती दुई लट्ठी समान लम्बाइका छन् भन्ने कुरा स्थापित गर्नुहोस्। त्यसपछि एउटा लट्ठीलाई भित्र 'ख' मा जस्तै अलिकति दाहिनेतिर सार्नुहोस्।


(क)


(ख)

तपाईंलाई बच्चाले दिएको उत्तर आश्चर्यजनक लाग्न सक्छ। Pre-operational stage का केही बालकहरूले सारिएको लट्ठी लामो छ भन्नेछन्। त्यस्ता बालकले लम्बाइबारेको ज्ञान नसिकेको देखिन्छ। यसको मतलब उसले लम्बाइ कुनै वस्तुको गुण हो र यो गुण उसको स्थान परिवर्तन हुँदैमा परिवर्तन हुँदैन भन्ने कुरा बुझेका हुँदैनन्।

तपाईंले बालकको उत्तरलाई जस्ताको त्यस्तै स्वीकार गर्नुपर्ने छ। तपाईंले उसलाई नरम किसिमले प्रश्न गर्दै उसलाई आफ्नो कुरा भन्न लगाउनुपर्ने छ तर उसलाई ऊ गल्ती छ भन्ने कुरा भन्नु हुँदैन। तपाईंले गरेका वर्णनले उसलाई कुनै फरक पार्दैन। बालकले समय बित्दै जाँदा यो तथ्यलाई राम्रोसँग बुझ्ने छ।


## बालकको सिकाइको अवलोकन फारम

**(कक्षा ३)**


१२ ओटा सलाईको काँटीलाई चित्र 'ग' मा जस्तै मिलाएर राख्नुहोस् । यसरी मिलाएर राखिएको काँटीलाई कमिलाको बाटो हो भन्नुहोस् । बालकहरूले बाटोको रूपमा कमिलालाई दुबै बाटोबाट हिँड्दा बराबरी हिड्नुपर्छ भन्ने कुरा बुझ्नेछन् ।

चित्र 'घ' मा जस्तै सलाईको काँटीलाई केही मिलाएर राख्नुहोस् । बालकले दुबै कमिलाले हिड्नुपर्ने बाटोको दूरीको बारेमा के भन्ने छ ? उसलाई कुन कमिला बढी थाक्छ भनेर प्रश्न गर्नुहोस् ।

तपाईंले बालकलाई गरेको प्रश्न र उसको उत्तरलाई नोट गर्नुहोस् ।




(ग)




(घ)

# बालकको सिकाइको अवलोकन फारम
## (कक्षा ४)


सामान्य कागज वा कार्डबार्डको २० से.मी. × १५ से.मी. को दुई टुक्रा कागज लिनुहोस् । (यो करीब नियमित रूपमा विद्यालयमा प्रयोग गरिने अभ्यास पुस्तिकाको नापो बराबरको हुने भएकोले सो कापीको दुई पाना लिए पनि हुन्छ)



चित्र 'ङ'




चित्र 'च'




चित्र 'छ'

ती दुई समान आकारका कागजताई खप्ट्याएर राख्नुहोस् ताकि तिनीहरू चित्र 'ङ' जस्तै देखिनुपर्छ । केटाकेटीले ती दुबै टुक्रा कागज बराबरी नापोका छन् भन्ने कुरा स्वीकार गरेको हुनुपर्दछ । ती दुईमध्ये एक टुक्रा कागजताई चित्र 'च' मा देखाइएजस्तै चीनो लगाएको ठाउँमा काट्नुहोस् । काटिएका (च्यातिएका) दुईटुक्रा बराबर हुनुपर्दछ भन्ने जरुरी छैन । ती दुई टुक्रा कागजलाई फेरी चित्र 'छ' मा जस्तै गरी मिलाएर राख्नुहोस् । अब बालकलाई चित्र 'छ' को कागजको नयाँ आकारबारे उसको धाराण सोध्नुहोस् । चित्र 'छ' को कागजको आकार सुरुको चित्र 'ङ' को बराबरी छ । बालकलाई उसको उत्तरलाई पुष्ट्याई गर्न प्रोत्साहित गर्नुहोस् ।

यी तीन puzzle झुक्याउने खालको चित्रबारे बालकहरूको प्रतिक्रिया समावेश गरी एउटा रिपोर्ट तयार पार्नुहोस् । रिपोर्टमा यी दुई कुरा समावेश भएको हुनुपर्दछ:

१. तपाई र बातकबीचको संवाद (प्रत्येक चित्रको बारेमा) तपाईको प्रश्न बालकहरूको उत्तर

२. बालकको उत्तरबाट के थाहा पाउन सकिन्छ भन्नेबारे टिप्पणी गर्ने । यसको लागि तपाईंले बाल मनोविज्ञानको पुस्तक पढ्नु जरुरी हुनेछ ।

# बालकको सिकाइको अवलोकन फाराम


## (कक्षा ५)

विभिन्न उमेरका विभिन्न केटाकेटीहरू कसरी puzzle सिक्छन् भन्ने कुरा अवालोकन गर्न बालकको घर वा स्कूल दुबै ठाउँ उपयुक्त हुन्छ । सर्वप्रथम तपाईंले कुनकुन केटाकेटीको अवलोकन गर्ने हो त्यसबारे निर्णय गर्नुहोस् । तिनीहरूको उमेरअनुसार puzzle को कठिनाइको निर्धारण गर्नुपर्दछ । तपाईंको एकाघरका भाइबहिनीहरू अवलोकनको निमित्त राम्रो उम्मेद्वार हुन सक्छन् ।


यो प्रयोगले बालकहरूको jigsaw puzzle गर्ने क्षमतामा कसरी अन्तर आउँछ भन्ने देखाउँछ । यो बालकको उमेरको बुद्धिमा मात्र नभई learning style मा पनि भर पर्दछ ।

**(क) अवलोकन सामग्रीहरू**

(१) साधारण कार्डबोर्डको ५ टुक्राबाट बनेको puzzle




(२) साधारण कार्डबोर्डको १० टुक्राबाट बनेको puzzle



**३. चित्रसहितको १० टुक्रा कार्डबोर्डमा तयार पारिएको चित्र**

यदि तपाईं साना केटाकेटीसँग काम गर्दै हुनुहुन्छ भने चित्र ठूलो अर्थात् २० से.मी. × १० से.मी. को हुनुपर्दछ । ठूला केटाकेटी (८ देखि १० वर्ष) को लागि puzzle सानै (१२ से.मी. × ८ से.मी.) भए हुन्छ ।



**(ख) अवलोकन तरिका**

१. दुई वा दुईभन्दा बढी केटाकेटी भएमा उनीहरू puzzle समायान गर्न लागेको समय नाप्नुहोस् ।

(क) ५ टुक्रावाला puzzle (ख) १० टुक्रावाला puzzle (ग) चित्रवाला puzzle

२. सबै केटाकेटीलाई प्रत्येक puzzle फेरी गर्न लगाउनुहोस् र सो गर्न कति समय लाग्यो सो को नोट गर्नुहोस् ।

३. तेस्रोपटक सबैलाई puzzle गर्न लगाएर समय नोट गर्नुहोस् ।

४. माथीको क, ख, ग फेरी अर्को दिन पनि दोहोऱ्याउनुहोस् ।

**(ग) तपाईंको समयको नाप (measurements) लाई रिपोर्ट गर्नुहोस् ।**

प्रत्येक बालकको लागि तल दिएजस्तै टेबल तयार पारी नतिजा देखाउनुहोस् ।

मितिः बालकको नामः उमेरः

| | ५ टुक्रे puzzle | | | १० टुक्रे puzzle | | | चित्रसहितको puzzle | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो प्रयास | दोस्रो प्रयास | तेस्रो प्रयास | पहिलो प्रयास | दोस्रो प्रयास | तेस्रो प्रयास | पहिलो प्रयास | दोस्रो प्रयास | तेस्रो प्रयास |
| पहिलो दिन | | | | | | | | | |
| दोस्रो दिन | | | | | | | | | |

**(घ) Measurement को व्याख्या**

तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्:-

१) के विभिन्न बालकहरूले दिइएको puzzle भिन्नभिन्न समयमा गरे ? के तपाईं यसलाई उनीहरूको शारीरिक विकासको अवस्था (stage of development) र उनीहरू सिकाइको तरिका (learning style) को आधारमा व्याख्या गर्न सक्नुहुन्छ ?

२) एकचोटी puzzle गरिसकेपछि के दोहोऱ्याएर सोही puzzle गर्दा बालकमा आएको सुधारमा पनि पृथकता भेट्नुभयो ? यसलाई उनीहरूको शारीरिक विकासको अवस्था (stage of development) र सिकाइको तरिका (learning style) को आधारमा व्याख्या गर्नुहोस् ।

समय - ३ घण्टा

## प्रतिवेदन (Report) को तयारी

Report लेखनको लागि अवलोकन फारममा मूल्याङ्कन गरेको विषयवस्तु तथा peer observation बाट प्राप्त information, तथ्य (facts) लाई समेत ध्यान दिनु उचित हुन्छ । Report writing का केही चरणहरू छन् जसले गर्दा लेखनकार्य सहज बनाउन मद्दत गर्छ । एउटा नमुना यस प्रकार छः-

### प्रतिवेदन लेखनका चरणहरू

१) परिचय

२) अध्ययनको उद्देश्य

३) अध्ययनविधि

४) अध्ययनको सीमा

५) वर्तमान अवस्थाको समिक्षा

६) समस्या र समाधानका उपायहरू

समय - १ घण्टा

## प्रतिवेदन प्रस्तुती तथा छलफल

अवलोकन, Report writing पछि प्रस्तुती र छलफल हुन्छ यो शिक्षणको प्रभावकारिता मापनमा अति आवश्यक छ । यसबाट शिक्षकलाई आगामी पाठ पढाउनमा समूहबाट आएको पृष्ठपोषणले महत्त्वपूर्ण सहयोग गर्छ ।


## सिकाइमा धारण र स्थानान्तरण


जुन कुरा पहिला नै सिकिसकेको छ, त्यसलाई स्मरण गर्नु नै स्मृति हो । स्मृतिलाई ४ प्रकारमा वर्गीकरण गर्न सकिन्छ । तत्कालिक स्मृतिमा सूचनाहरू केही क्षणका लागि मात्र सञ्चय हुन्छ भने अल्पकालिन स्मृतिमा करीब २० सेकेन्डसम्म हुन्छ । सिकाइमा अति आवश्यक पर्ने दीर्घकालिन स्मृति हो किनकि यो लामो समयसम्म सञ्चय हुनाले स्थायी रूपमा रहन्छ ।

स्मृतिका चार प्रक्रियाहरू (एकाग्रता, स्मरण वा धारण, प्रत्याह्वान र चिन्हारी) मध्ये धारण एउटा हो । धारण शक्ति प्रत्येक व्यक्तिमा जन्मजात हुन्छ । यो शक्ति व्यक्तिको प्रेरणा, रूचि तथा संवेगमा भरपर्छ । धारणकै कारण सिकेका कुराहरू प्रत्याह्वान र चिन्हारी गर्न सम्भव हुन्छ । यसलाई प्रभाव पार्ने तत्त्वहरू अर्थपूर्ण तरिकाले सिकेका विषयवस्तु, धारण शक्तिलाई दृढ बनाउने किसिमका सिकाइविधि, मस्तिस्कको रचना, शारीरिक तन्दरूस्ती र मानसिक तयारी हुन् । दीर्घकालिन धारणको लागि धेरै तत्त्वमध्ये निरन्तर अभ्यासको जरुरी पर्छ ।

धारणशक्तिबाट एक विषय वा परिस्थितिमा सिकेको सीप, ज्ञान र अनुभवलाई अर्को विषयमा वा परिस्थितिमा उपयोगमा ल्याउनलाई स्थानान्तरण भनिन्छ । सिकाइका स्थानान्तरण सामान्यतया ३ प्रकारका हुन्छन् । पहिला सिकेको अनुभवले नयाँ सिकाइमा मद्दत पुऱ्याउनेलाई सकारात्मक स्थानान्तरण भनिन्छ । जुन अनुभवले नयाँ सिकाइमा बाधा पुऱ्याउँछ, त्यस्तालाई नकारात्मक स्थानान्तरण भनिन्छ । शुन्य सिकाइ स्थानान्तरणमा पहिलाको अनुभवले न मद्दत पुऱ्याउँछ न बाधा नै । सिकाइमा सकारात्मक स्थानान्तरण भएको खण्डमा कुनै पनि नयाँ ज्ञान वा सीप सिक्नुमा सहज हुने भएकोले अति महत्त्वपूर्ण सावित हुन्छ ।

१. धारण शक्तिको अर्थ पहिचान र महत्त्व वर्णन

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. सबैजनालाई पहिला गरिसकेको क्रियाकलापको परीक्षा लिने ।<br><br>**परीक्षा समय:** ६ मिनेट<br><br>(क) यो चित्रहरूका नाम esperanto भाषामा लेख्न लगाउने<br><br><br>(छुचुन्द्रोको चित्र)<br><br><br>(चराको चित्र) | १. निर्देशनअनुसार परीक्षा दिनेछन् । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| (ख) यी चित्रहरूका नाम काल्पनिक लिपिमा लेख्ने र नेपालीमा ती शब्दका उच्चारण गर्न लगाउने ।<br><br>(मक)<br><br>(लक)<br><br>( मक )<br><br>( लक ) | |
| २. सबैले सकेपछि समूहमा एक अर्कामा कापी साट्ने र उत्तर जाँच्ने। त्यसपछि फिर्ता दिने। सबैजनाको सही उत्तरको तालिक राख्ने। सबैभन्दा बढी शुद्ध भएको उत्तरलाई त्यस्तो हुनुको कारण दिन लगाउने । | २. उत्तर नमिलेको कारण:<br>• धारणको कमी<br>• पहिला सिकेदेखि फेरी सिकाइ नदोऱ्याएको<br>• ती शब्द र लिपी जीवनमा कुनै अर्थ नरहेको<br>• सिक्ने इच्छा नभएको |
| ३. त्यसरी नै सबैजनाले उत्तर नमिलाएको कारण सोध्ने । | ३. सम्भाव्य उत्तर:<br>निरन्तर अभ्यास नभएको |
| ४. धारणको अर्थ वयान गरी दिने<br>• धारणको महत्त्व वर्णन गर्ने । | ४. वयान गरेको विषयवस्तु टिपोट गर्ने र समीक्षा गर्ने । |

२. धारण शक्ति बढाउनको लागि गरिने क्रियाकलाप

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. सबैजनालाई परीक्षा लिने भनी जानकारी दिने । सबैले यी ५ शब्दहरू स्मरण गरेर लेख्नुपर्ने छ। समय २ मिनेट स्परणको लागि दिने ।<br>(i) kowtow<br>(ii) emission<br>(iii) pensive<br>(iv) pow-wow<br>(v) storm | १. प्रशिक्षार्थीहरू यी ५ शब्दहरू स्मरण गर्नेछन् । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| यी शब्दहरूको अर्थ नबताउने ।<br>शब्द पत्तीहरू हटाउने/तुकाउने । | |
| २. यी ५ शब्दहरू लेख्न लगाउने । समय २ मिनेट दिने । लेखेको उत्तर समूहमा एकले अर्कोको जाँच्ने र फिर्ता दिने । प्रशिक्षकले सबैभन्दा बढी/धेरै उत्तर कतिजनाले लियो त्यसको तालिका राख्ने, जस्तै:<br>सही उत्तर: ५, ४, ३, २, १<br>उत्तर सङ्ख्या: | २. प्रशिक्षार्थीहरूले शब्दहरू लेख्ने । |
| ३. फेरी ती ५ शब्दहरू pocket chart मा प्रदर्शन गर्ने र स्मरण गर्न लगाउने । यसपटक ती शब्दहरूका उच्चारण र अर्थसमेत प्रशिक्षार्थीहरूलाई सुनाइ दिने ।<br>kowtow: काउटाउ: टाउँकोले भुई छोएर ढोग्नु<br>emission: इमिशन: धुँवा फेक्नु (मोटरले इत्यादिले)<br>pensive: पेन्सीम: गहिरो सोच (thinking)<br>pow-wow: पाउवाउ: सभा र छलफल<br>storm: स्टम/स्टर्म: आँधी<br>(स्मरण गर्ने समय ३ मिनेट दिने) | ३. शब्दहरू pocket chart मा देखाउने । |
| ४. त्यसपछि फेरी ती ५ ओटा शब्द pocket चार्टबाट हटाएर लेख्न लगाउनुपर्छ । (समय ३ मिनेट) । सही उत्तरको तालिका राख्न क्रियाकलाप 'ग' मा उल्लिखित भएजस्तै । | ४. प्रशिक्षार्थीले निर्देशनअनुसार गर्ने छन् । नतिजा प्रत्येकले थाहा पाउने । |
| ५. अब फेरी ती ५ शब्द समूहमा २/२ जनाको युगल जोडी बनाई एक अर्कालाई जाँच्न लगाउने । | ५. निर्देशनअनुसार गर्ने । |
| ६. ५ वा ६ मिनेटपछि फेरी ती शब्दहरूको मूल्याङ्कन गरी नतिजाको तालिका राख्ने । (क्रियाकलाप 'ग' मा उल्लिखित गरेअनुसार) | ६. प्रशिक्षार्थीहरूले परीक्षा दिनेछन् र आ-आफ्नो नतिजा थाहा पाउने । |
| ७. चोटी राखेको तालिकालाई दज्याउने । अवश्य पनि नतिजामा केही सुधार आएको हुनैपर्छ; प्रश्न गर्ने- यो नतिजाले के बताउँछ ? किन सुधार आयो होला ? | ७. सम्भावित उत्तरहरू<br>• धेरैचोटी अभ्यास<br>• ३ किसिमले अभ्यास गर्नाले |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| | ● शब्दहरूका उच्चारण थाहा भएकाले धारणमा मद्दत<br>● शब्दहरू अर्थाएकोले स्मरणमा मद्दत<br>● पूर्वअनुभवको मद्दत<br>● स्मरण गर्न दिएको समय हरेक चोटी लम्बिएकोले |
| ८. निस्कर्ष दिने-<br>धारणशक्ति बलियो वा दीर्घकालिन बनाउनको लागि प्रशस्त अभ्यास र सहज सिकाइ हुनुपर्छ। | ८. प्रशिक्षकबाट प्रस्तुत निष्कर्षमा सहमत हुने। |
| ९. सिकाइ स्थानान्तरणको परिचय दिने। | ९. परिचय समीक्षा गर्ने। |
| १०. सिकाइमा सकारात्मक स्थानान्तरणको परिचय दिन तलको क्रियाकलाप गर्ने:-<br>(क) पहिलाको पाठ स्मरण गर्न लगाउने। लक (पाहा) र मक (आँखा) सिकाउँदा शब्दको धारण दिदाका चरणहरू स्मरण गर्न लगाउने र भन्न लगाउने। | १०. चरणहरू बताउने:-<br>● चित्रपत्ती देखाएर त्यसको नाम उच्चारण गर्ने<br>● त्यो शब्द कुनकुन अक्षरले बन्छ ती अक्षरहरू मिलाएर शब्द बनाउने र चित्र र शब्दको सम्बन्ध (relate) देखाउने |
| (ख) प्रश्न गर्ने-<br>यो तरिकाको चरणहरू नेपाली भाषा सिकाउनलाई कतिको मद्दत पुग्न सक्छ ? वा अन्य भाषा ? | आ-आफ्ना विचार व्यक्त गर्नेछन्। |
| (ग) प्रश्न गर्ने-<br>यसरी नै कुनै एक विषय वा परिस्थितिमा सिकेको सीप, ज्ञान र अनुभवलाई अर्को विषय र अनुभवमा प्रयोगमा आउने उदाहरण के हुन सक्ला ? यसको महत्त्व के छ ? प्रस्तुत गर्न लगाउने। | **सम्भावित उत्तरहरू**<br>● टाइपराइटर जान्नाले, कम्प्युटरको किबोर्ड चलाउन मद्दत गर्ने।<br>● हिसाबको सिकाइले विज्ञान र भूगोलको सिकाइमा मद्दत गर्ने।<br>● नेपाली मादल बजाउन जान्नेले अरू मादल बजाउन सिक्ने। |
| **निस्कर्ष दिने-**<br>यदि पहिला सिकेको सीप, ज्ञान र अनुभवले नयाँ सिकइमा मद्दत पुग्छ भने त्यस्तो अवस्थालाई सकारात्मक सिकाइ स्थानान्तर भनिन्छ। नयाँ सिकाइ अर्थपूर्ण बनाउँछ। | |

३. सिकाइमा नकारात्मक स्थानान्तरण

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
| --- | --- |
| १. सबैलाई नेपाली भाषा र अङ्ग्रेजी भाषाको तुलना गर्न लगाउने । अङ्ग्रेजी भाषा सिक्नमा नेपाली भाषाको प्रभाव कस्तो हुन सक्ला भनी प्रश्न गर्ने ? | १. सम्भावित उत्तर<br>● केही मद्दत<br>● धेरै बाधा |
| २. नेपाली भाषाले अङ्ग्रेजी सिक्नमा बाधा पुग्न सक्ने क्षेत्रहरू औंल्याउन लगाउने-<br><br>प्रश्न गर्ने-<br>माथि उल्लिखित भाषाका अलावा अरूमा बाधा पुग्ने क्षेत्रहरू के हुन सक्छ ? | २. बाधाहरू<br>● उच्चारणमा<br>● व्याकरणमा<br>● लेखाइमा<br>● बोलाइमा (लयमा)<br>बाधाहरू<br>● Right hand drive गरी रहेको चालकले left hand drive गर्नुपर्दा सहज नहुनु<br>● Manual गाडी चालकलाई automatic गाडी चलाउनमा सहज नहुनु<br>● अरबी अक्षर दायाँबाट बायाँ लेख्ने हुँदा नेपाली लेख्न गाह्रो हुने । |
| ३. निस्कर्ष दिने-<br><br>यदि पहिलाको सिकाइले नयाँ सिकाइमा बाधा दिन्छ, त्यस्तोलाई नकारात्मक सिकाइ स्थानान्तरण भनिन्छ । | ३. प्रशिक्षकबाट प्रस्तुत निष्कर्षहरूका बारेमा छलफल गरी स्पष्ट हुने । महत्त्वपूर्ण बुँदाहरू टिपोट गर्ने । |

४. शुन्य सिकाइ स्थानान्तरण

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
| --- | --- |
| १. सबैलाई फेरि काल्पनिक लिपी सिकेो स्मरण गर्न लगाउने । | १. प्रशिक्षकको निर्देशनबमोजिम गर्ने । |
| २. प्रश्न गर्ने-<br><br>काल्पनिक लिपीले नेपाली भाषा लेखनलाई के कति टेवा दियो वा दिएन ? | २. सम्भाव्य उत्तर:-<br>दिएन किनकि-<br>● लेखनशैलीमा फरक<br>● लिपी फरकफरक भएको<br>तर नेपालीमा कुनै बाधा नपुगेको |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| प्रश्न गर्ने-<br>यस्तो अवस्था अरु केकेमा हुनेछ ? | • कम्प्युटर सिक्नु र मोटर चलाउन सिक्नुमा<br>• नैतिक शिक्षा र चित्रकला विषय सिकाइमा |
| ३. निष्कर्ष दिने<br>यदि एक विषय वा परिस्थितिमा सिकेको सीप वा अनुभवले अर्को विषया वा परिस्थितिमा न त वाधा वा मद्दत पुऱ्याउँछ भने त्यसलाई शुन्य स्थानान्तरण भनिन्छ । | ३. आपसी छलफल गरी स्पष्ट हुने । |
| ४. अन्त्यमा सिकाइमा स्थानान्तरणको महत्त्व समूहमा लेख्न लगाई प्रस्तुत गर्न लगाउने । | ४. प्रस्तुत गर्ने र प्रशिक्षकको मद्दतबाट अन्तिम निष्कर्ष टिपोट गर्ने । |

# एकाइ - ४

समय - ५ घण्टा

## १. एकाइ शीर्षक

बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउनका लागि प्रयोग गरिने उत्प्रेरणाका तरिकाहरू (सिकाइमा उत्प्रेरणाको भूमिका)

## २. एकाइ परिचय

मानिसको व्यवहारमा आउने स्थायी परिवर्तन नै सिकाइ हो । मानिसहरू दिन प्रतिदिन केही न केही नयाँ कुराहरू सिकिरहेका हुन्छन् । तर समान परिस्थितिमा पनि कोही छिटै र धेरै कुराहरू सिक्दछन् भने कोही ढिलो र थोरै सिक्दछन् । एकजना बालक/बालिकाले आफ्नो व्यवहारमा किन परिवर्तन ल्याउँछ ? के-कस्ता तत्वहरूले उसलाई आफ्नो व्यवहारमा परिवर्तन ल्याउन सघाएका हुन्छन् ? वा के चिजले बालबालिकाहरूमा सिक्ने कार्य गर्न लगाउँछ ? बालबालिकाको सिकाइमा उत्प्रेरणाको भूमिका रहन्छ । उत्प्रेरणा एक आन्तरिक शक्ति हो, जसले मानिसमा क्रिया उत्पन्न गराउँछ, जबसम्म उसले उद्देश्य हासिल गर्दैन तबसम्म उ क्रियाशील भइरहन्छ । शिक्षकले बालबालिकाहरूमा सिक्ने उत्प्रेरणा जगाउनको लागि उनीहरूमा जाँगरिलोपन, फूर्ति, जागरण, सिघ्र उत्तर दिने गुण कायम गराउँदै उनीहरूको शैक्षणिक उद्देश्यहरू प्राप्तिका लागि उत्प्रेरणा जगाउने कार्य गर्नुपर्छ । प्रोत्साहन नतिजाको ज्ञान, प्रशंसा, पुरस्कार आदि दिएमा उनीहरू अझै बढी सिक्नका लागि उत्प्रेरित हुन्छन् । यसर्थ बालबालिकाहरूको सिकाइमा प्रगति गर्नका लागि उत्प्रेरणाको भूमिका एवम् कार्यहरू पहिचान गर्दै उपयुक्त तरिका प्रयोग गर्न शिक्षकहरू सक्षम हुनुपर्दछ । प्रस्तुत एकाइमा यिनै विषयहरू समावेश गरिएका छन् ।

## ३. एकाइको उद्देश्य

यस एकाइको अध्ययनपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्ने हुनेछन्-

१) बालबालिकाहरूको सिकाइ दरिलो बनाउन उत्प्रेरणाको भूमिका वयान गर्न ।
२) बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउन प्रयोग गरिने उत्प्रेरणाका तरिकाहरू वर्णन गर्न ।
३) उत्प्रेरणालाई विद्यार्थीको सिकाइमा प्रयोग गर्ने तरिका बताउन ।

## ४. शिक्षण सामग्री

न्यूज प्रिन्ट कागज, मार्करपेन, विद्यार्थीको अर्थवोध हुने चित्रहरू

## ५. मुख्य क्रियाकलाप

| मुख्य क्रियाकलाप | समय |
|---|---|
| ५.१ सिकाइ र उत्प्रेरणाको सामान्य अर्थ बताउन | १ घण्टा |
| ५.२ बालबालिकाको सिकाइ प्रभावकारी बनाउन उत्प्रेरणाको भूमिकाहरू वयान | २ घण्टा |
| ५.३ बालबालिकाको सिकाइ प्रभावकारी बनाउनका लागि प्रयोग गरिने उत्प्रेरणाका तरिकाहरूको वयान | २ घण्टा |

५.१ बालबालिकाको सिकाइमा उत्प्रेरणाको भूमिका/कार्यहरू

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. प्रशिक्षार्थीहरूलाई बालबालिकाहरू कसरी सिक्दछन् भन्ने सम्बन्धमा तलका चित्रहरू प्रदर्शन गरी चित्रमा के देखिन्छ ? वर्णन गर्न लगाउने ।<br><br>(चित्र बनाउने) | १. चित्र अवलोकन गरी वर्णन गर्ने र तलका निष्कर्ष निकाल्ने ।<br>**सम्भावित उत्तरहरू**<br>● बालबालिकाहरू कुनै कुरा छोएर, स्पर्श गरेर, देखेर वा पढेर, कानले सुनेर, नाकले सुघेर र स्वाद लिएर नयाँ कुराको अनुभव गरी सिक्दछन् । |
| प्रशिक्षार्थीबाट आएका कुराहरूलाई प्रशिक्षकले बुँदागत रूपमा कालोपाटीमा टिप्दै जाने ।<br>● बालबालिकाहरू कुनै पनि कुरा छोएर वा स्पर्श गरेर, सुनेर, पढेर वा देखेर स्वाद लिएर, सुँघेर नयाँ कुरा सिक्दछ ।<br>● सिकाइ कसरी हुन्छ भन्ने कुरा त थाहा पायौं । अब सिकाइ केलाई भन्दछन् ? भन्नेबारे आ-आफ्नो समूहमा छलफल गराई निम्नानुसारको सार निकाल्ने ।<br>● "अनुभव र प्रशिक्षणबाट बालबालिका (मानिस) को व्यवहारमा आउने परिवतर्नलाई नै सिकाइ भनिन्छ ।" | आ-आफ्नो अनुभव एवम् विचारको आधारमा सिकाइको धारणाबारे राय व्यक्त गर्ने ।<br>**सम्भाव्य उत्तर**<br>● अनुभव र तालिमबाट व्यवहारमा आउने परिवर्तन नै सिकाइ हो । |
| २. तल एउटा सानो घटना दिएको छ, सहभागीहरूलाई छलफल गराई समान सिकाइ नहुनाको निष्कर्ष निकाल्न लगाउनुहोस् ।<br>"रीता, गीता र माया कक्षा ३ मा पढ्दछन्, उनीहरू एउटै समुदायबाट आएका हुन् । गीता सबैभन्दा बढी जान्नेछिन्, त्यसपछि माया अनि रीता । गीता उनीहरूभन्दा ५ महिनाले जेठी छिन् । माया रीताभन्दा ३ महिनाले जेठी छिन् । घरमा पनि उनीहरूका दाइ र दिदी पढेलेखेका छन् तर रीताको चाहिँ परिवारका कुनै सदस्यले पनि पढेका छैनन् । गीता पढाइमा बढी रूचि लिन्छिन्, कक्षामा र घरमा बढी अभ्यास गरिरहन्छिन् तर माया र रीताले पढाइमा त्यति ध्यान दिएको र गृहकार्य गरेको पाइँदैन ।" | २. उक्त घटना अध्ययन गरी छलफल गर्ने र आफ्नो समूहको राय व्यक्त गर्ने ।<br>**सम्भाव्य उत्तर**<br>बालबालिकाहरूमा समान सिकाइ नभई फरकफरक हुनाको कारण<br>● उमेरमा परिपक्वता<br>● उत्प्रेरणा, रूचि, अभ्यास<br>● तत्परता, व्यक्तिगत भिन्नता, घरायसी वातावरण आदि हुन् । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| **निष्कर्ष**<br>बालबालिकाको सिकाइलाई उनीहरूको परिपक्वता, उत्प्रेरणा, रूची, तत्परता, अभ्यास, उनीहरूको व्यक्तिगत भिन्नता, वातावरण (घरायसी) आदि तत्वले असर पारेका हुन्छन् । | |
| ३. उत्प्रेरणा बालबालिकाको सिकाइमा प्रभाव पार्ने एउटा महत्त्वपूर्ण पक्ष हो । तसर्थ हामी यसबारे छलफल गराउने ।<br>सर्वप्रथम यस समूहलाई निम्नलिखित प्रश्न सोध्नु:-<br>• तपाईंहरू यहाँ किन आउनु भएको छ ? तालिममा केके गर्नुहुन्छ ? तालिमपछि के गर्ने विचार छ ?<br>समूहमा छलफल गराई प्रशिक्षार्थीहरूबाट प्राप्त उत्तरको निम्नानुसार समीक्षा गर्ने-<br>• हो, तपाईंहरूको तालिमको उत्प्रेरणाको मुय स्रोत नै शिक्षण पेशा प्राप्ति हो जसका लागि तपाईहरू सक्रिय रूपमा तालिममा सहभागी भइरहनुभएको छ । तपाईंहरूको आवश्यकता, आकाङ्क्षा नै उत्प्रेरणा प्रक्रियाको प्रारम्भिक बिन्दु हो । तपाईंहरूलाई शिक्षण पेशाले उत्प्रेरणा जगाई आवश्यक बोध गराउँदै तालिममा सक्रिय सहभागी गराउन उत्प्रेरणा दिइरहेको छ । त्यसपछि शिक्षक पदमा आवेदन राखी मौखिक र लिखित परीक्षामा उत्तीर्ण गरी लक्ष्य हाँसिल गर्नुहुनेछ । | **सम्भाव्य उत्तर**<br>• हामीहरू यहाँ प्राथमिक शिक्षक पूर्वसेवाकालीन शिक्षक तालिम लिन आएका छौं ।<br>• यो तालिममा हामीहरूले प्रशिक्षकले गराउनु भएका प्रत्येक क्रियाकलापमा सक्रिय रूपमा सहभागी भई सुन्ने छलफल गर्ने, सामग्री बनाउने अनुभव आदानप्रदान गरी सिक्ने अभिनय गर्ने आशा राखेका छौं ।<br>• भविष्यमा हामी असल शिक्षक हुने आशा बोकेका छौं । |
| • उपरोक्त छलफलको आधारमा उत्प्रेरणा (motivation) भन्नाले केलाई बुझाउँछ ? यो किन आवश्यक छ ? छलफल गराउने । | • उत्प्रेरणा सम्बन्धमा आ-आफ्नो राय व्यक्त गर्ने ।<br>त्यस्तै यसको सिकाइमा के-कस्तो भूमिका छ छलफल गरी आ-आफ्नो राय व्यक्त गर्ने । |
| • प्रशिक्षार्थीबाट आएका कुरालाई बुँदागत रूपमा कालोपाटीमा निम्नानुसार अर्थबोध हुने गरी टिपेर राख्ने र आफ्नो निष्कर्ष निकाल्ने ।<br>- व्यक्तिको व्यवहार निर्देशित गर्ने आन्तरिक शक्ति<br>- सिकाइको उत्पादकत्व बढाउने तत्त्व | • प्रशिक्षकले बताएको कुरा टिपोट गर्ने । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
| --- | --- |
| - बालबालिकाको कार्यशक्तिलाई क्रियाशील गर्ने तत्त्व<br>- सिकाइको मुटु (heart of learning)<br>**निष्कर्ष**<br>उत्प्रेरणा एक मनो-शारीरिक अथवा आन्तरिक प्रक्रिया हो, जुन कुनै आवश्यकताको उपस्थितिमा पैदा हुन्छ र आवश्यकताको सन्तुष्टिका लागि गतिशील क्रिया प्रदर्शन गर्दछ ।<br>माथी दिइएअनुसार विद्यार्थी व्यवहार निर्देशन गर्न, सिकाइमा उत्पादकत्व बढाउन, कार्यप्रति क्रियाशील गराउन, कार्यप्रति रूचि जगाउन आदि विविध क्षेत्रमा उत्प्रेरणाको भूमिका रहन्छ भन्ने निष्कर्ष पनि दिने । | |
| ४. तल दिइएंबमोजिम एकजना शिक्षकको शिक्षण क्रियाकलापको परिस्थिति दिने ।<br>शिक्षक हरि कक्षा १ मा मेरो सेरोफेरो पाठ्यपुस्तकको घरपालुवा जनावर पाठ पढाउन निम्न क्रियाकलाप गर्दैछन्:-<br>• सर्वप्रथम कक्षामा प्रवेश गर्दा प्रश्न गर्छन् ।<br>• तिम्रो घरमा के के पालेका छौं ? भनी सबैलाई क्रमशः सोध्छन् र उत्तरलाई सफा अक्षरले कालोपाटीमा टिप्छन् ।<br>• तिनीहरूलाई एकछिन नजिकको गाउँमा लागी के-के पालेका छन् हेर्न लगाउँछन् ।<br>• उक्त समुदायमा हुने जनावरको चित्र टाँस्दै पहिचान गर्न लगाउँछन् ।<br>• बीचबीचमा जनावरको आवाज निकाल्ने र उनीहरूलाई उक्त जनावर पहिचान गर्न लगाउने खेल खेलाउँछन् ।<br>• जनावरसम्बन्धी सानासाना कथा भन्छन् ।<br>• घरमा भएका जनावरको चित्र बनाउन लगाउँछन् ।<br>• उनीहरूलाई जनावरका बारेमा विभिन्न प्रश्न गर्छन् ।<br>• सही उत्तर दिनेलाई पुरस्कृत गर्छन् ।<br>• अन्त्यमा घरमा गइ आफ्नो घरमा पालेका जनावरको सूची तयार गरी ल्याउन निर्देशन दिन्छन् । | ४. समूहमा अध्ययन, छलफल गरी प्रत्येक समूहले आ-आफ्नो समूहको धारणा व्यक्त गर्ने । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| शिक्षक हरिले कक्षालाई रोचक एवम् प्रभावकारी बनाउन के कस्ता उत्प्रेरणाका तरिकाहरू अपनाएका छन्, छलफल गरी बताउने । | |
| ५. विद्यार्थीहरूलाई कक्षामा सिक्नका लागि उत्प्रेरित गर्न तपाईंहरूले के-कस्ता क्रियाकलाप गर्नुभएको छ वा गर्नुहुन्छ ?<br>प्रशिक्षकले उनीहरूबाट आएका कुरालाई निम्नानुसार पाटीमा टिपेर प्रदर्शन गर्ने:-<br> | ५. सम्भावित उत्तरहरू समूहमा छलफल गरी बताउने ।<br>• प्रश्न गर्ने<br>• शैक्षिक सामग्री प्रदर्शन गर्ने<br>• कथा भन्ने<br>• गीत भन्ने<br>• कविता भन्ने<br>• अभिनय गर्ने<br>• पाठको उद्देश्य भन्ने<br>• खेल खेलाउने<br>• जोक, चुटकिला बताउने<br>• ठीक उत्तर दिनेलाई प्रोत्साहित गर्ने<br>• गलत उत्तर दिनेलाई सतर्क गराउने आदि । |
| ६. उत्प्रेरणा जगाउने उपर्युक्त तरिकाहरूबाहेक अन्य के कस्ता तरिकाहरू अपनाउन सकिन्छ होला ? उल्लेख लगाउने ।<br>प्रशिक्षकले सहभागीबाट आएका बुँदालाई न्यूज प्रिन्टमा टिप्ने । सहभागीहरूबाट नआएमा आफूले उक्त सम्भावित उत्तरका बुँदा बताई दिने । | ६. उत्प्रेरणा जगाउने अन्य तरिकाहरू भन्ने । |
| ७. प्रशिक्षार्थीहरूबाट प्राप्त बुँदाहरूलाई समेट्तै निम्नानुसारका बुँदाहरू प्रस्तुत गर्ने:-<br>विद्यार्थीलाई सिकाइमा जागृत गराउन<br>(क) बालबालिकाहरूलाई स्वतन्त्र सोच्न र कार्य गर्न अवसर प्रदान गर्नुपर्छ ।<br>(ख) शिक्षणको क्रममा सम्भव भएसम्म सकभर ठोस, तथ्य र उदाहरण दिई क्रियाकलाप प्रस्तुत गर्नुपर्दछ ।<br>(ग) बालबालिकाहरूलाई अपेक्षित सिकाइ उपलब्धिलाई व्याख्या गरी बताई दिन उनीहरूसँग अपेक्षित व्यवहारको आवश्यकताबारे छलफल गर्ने । | ७. प्रशिक्षकले प्रस्तुत गरेको ३ ओटा प्रमुख तरिकाहरू टिपोट गर्ने । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| - सिकाइको क्रममा Incentive प्रदान गर्ने<br>- सिकाइले हासिल गरेको उपलब्धिको जानकारी दिने ।<br>- प्रशंसा, पुरस्कार दिने ।<br>- प्रतिस्पर्धा र सहयोगको भावना अभिवृद्धि गराउने । | |
| ८. उपर्युक्तानुसार बुँदाहरूअनुसार ३-३ जनाको समूह बनाई प्रत्येक तरिकाअन्तर्गत अझै के कस्ता उत्प्रेरणासम्बन्धी क्रियाकलाप तयार गर्न सकिन्छ समूहमा छलफल गराउने र आफ्नो निष्कर्ष दिने । ती बुँदाहरूलाई शिक्षणमा कसरी प्रयोग गर्न सकिन्छ ? सोसमेत छलफल गराई समूहगत रूपमा प्रस्तुत गर्न लगाउने । | ८. प्रशिक्षार्थीहरू ३-३ जनाको समूहमा बसी प्रशिक्षकबाट दिइएको एउटा-एउटा बुँदा लिई छलफल गर्ने र समुहमा प्रस्तुत गर्ने ।<br>● प्रशिक्षकबाट आएको निष्कर्षलाई कापीमा टिपोट गर्ने ।<br>● उत्प्रेरणालाई कसरी कुनकुन अवस्थामा शिक्षणमा प्रयोग गर्न सकिन्छ भन्ने बारेमा समूह छलफल गरी प्रस्तुत गर्ने । |

## १. एकाइ शीर्षक

बालबालिकाहरूको सिकाइका लागि सबलीकरणको भूमिका

## २. एकाइ परिचय

बालबालिकाहरू सिकाइका क्रममा विभिन्न प्रतिक्रियाहरू व्यक्त गर्दछन्, उनीहरूले देखाएका ठीक प्रतिक्रियालाई पुरस्कार दिएमा सिकाइलाई निरन्तरता दिन्छन् । यहाँ ठीक प्रतिक्रियाका लागि दिएको पुरस्कारलाई Reinforcer भनिन्छ भने सबलीकरण दिने कार्यविधिलाई सबलीकरण (Reinforcement) भनिन्छ । पुनर्बल त्यो प्रक्रिया हो जसले बालबालिकाहरूलाई एक निश्चित प्रतिक्रिया पैदा गर्न शक्ति प्रदान गर्दछ । तसर्थ बालबालिकाहरूको सिकाइमा सबलीकरण एक सकारात्मक अवस्था हो । यस्ले उनीहरूमा कार्यसम्पादन गर्न झकझकाई रहन्छ । सबलीकृत प्रतिक्रियाहरू (Reinforced responses) विभिन्न उपयुक्त परिस्थितिमा दोहोऱ्याइरहन्छन् भने सबलीकृत नगरिएका प्रतिक्रियाहरू दिन छाड्छन् । बालबालिकाहरूलाई के-कस्तो अवस्थामा ठीक प्रतिक्रियाहरूलाई सबलीकरण कसरी दिनुपर्दछ भन्ने थाहा पाउन शिक्षकहरूलाई आवश्यक भएकाले यस विषयवस्तुमा प्रस्तुत एकाइमा छलफल गरिने छ ।

## ३. एकाइको उद्देश्य

यस एकाइको अन्त्यमा प्रशिक्षार्थीहरू निम्नलिखित कार्य गर्न सक्नेछन्-

४.१ बालबालिकाहरूको सिकाइमा सबलीकरणको भूमिका बताउन ।

४.२ बालबालिकाहरूको सिकाइ सुदृढ गर्न सबलीकरण दिने तरिका बताउन ।

४.३ सबलीकरणको शिक्षणमा प्रयोग गर्ने तरिका बताउन ।

## ४. शिक्षण सामग्री

न्यूजप्रिन्ट कागज, मार्कर, टेप, बोर्डमार्कर (चक)

## ५. मुख्य क्रियाकलाप

| मुख्य क्रियाकलाप | समय |
|---|---|
| ६.१ सबलीकरणको धारणा वयान गर्ने | - १ घण्टा |
| ६.२ सिकाइमा सबलीकरणको भूमिका | - ३ घण्टा |
| ६.३ सबलीकरण दिने तरिका र शिक्षणमा प्रयोग | - १ घण्टा |

## ६. विस्तृत क्रियाकलाप

६.१ सबलीकरणको धारणा

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. प्रशिक्षकले निम्नलिखित एउटा घटना बताउने र प्रश्न गर्ने:-<br>प्राथमिक विद्यालयको एकजना शिक्षिका रमाले बालबालिकाहरू सरसफाइ गरेर विद्यालयमा आएका छन् छैनन् भनी जाँच्न यसरी व्यक्तिगत सरसफाइको अवलोकन गरिन्:- | १. प्रशिक्षकले भनेका कुराहरू ध्यान दिएर सुनेर उत्तर दिने ।<br>**सम्भावित उत्तर**<br>• स्यावास<br>• धन्यवाद<br>• अति राम्रो |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| लुगा, कपाल, नङ, दाँत सफा गरी आएका बालबालिकाहरूलाई धन्यवाद, स्याबास, अति राम्रो भनी प्रशंसा गरिन्। सफा नभई आएका बालबालिकाहरूलाई कुनै प्रतिक्रिया नदिई बसालिन्। यसरी स्याबासी वा धन्यवाद पाएका बालबालिकाहरू नियमित रूपमा सफा भएर आएको पाइयो। क्रमश: अरू विद्यार्थीहरू पनि स्याबासी र धन्यवाद पाउन साथीजस्तै सफा भएर आउन थाले। | |
| • बालबालिकाहरूलाई पछि नियमित रूपमा सफा भएर आउन के कुराले सघायो ? | • उत्तर दिन प्रयास गर्ने |
| **निष्कर्ष:** <br>• बालबालिकाले देखाउने वा गर्ने ठीक कार्यलाई पछि निरन्तरता दिन शिक्षकले गर्ने प्रशंसा, धन्यवाद र पुरस्कार जनित कार्यविधि वा घटनाहरूलाई सबलीकरण (reinforcement) भनिन्छ। | • महत्त्वपूर्ण बुँदाहरू नोट गर्ने। |
| २. तपाईंहरूले शिक्षण गर्ने क्रममा बालबालिकाहरूले देखाएको ठीक प्रतिक्रियालाई नियमित रूपमा ठीक प्रतिक्रिया व्यक्त गराउन के कस्ता कार्यविधि सञ्चालन गर्ने गर्नुभएको छ भनी प्रश्न गर्ने। उनीहरूबाट आएका कुरालाई कालोपाटीमा बुँदागत रूपमा मिलाएर लेख्ने- | २. ध्यान दिएर सुन्ने र उत्तर दिने। <br>**सम्भावित उत्तर** <br>• ठीक मात्र भन्ने <br>• केही नबोल्ने <br>• बढी अभ्यास गराउने <br>• दोहोऱ्याउन लगाउने <br>• पृष्ठपोषण दिने आदि। |
| • पृष्ठपोषण एवम् नतिजाको ज्ञान गराउने कार्यविधिलाई पनि सबलीकरणको रूपमा लिन सकिन्छ। | |

६.२ सिकाइमा सबलीकरणको भूमिका

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. प्रशिक्षकले तल दिएको घटनाको अध्ययन गराई छलफल गराउने:- | १. प्रशिक्षार्थीहरू सानो समूहमा बसी आ-आफ्नो विचार व्यक्त गर्दै छलफल गरी समूहमा प्रस्तुत गर्ने। |


| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| शिक्षिका रमा र गीताले शिक्षणको क्रममा बालबालिकाहरूलाई प्रत्येक क्रियाकतापमा सहभागी गराउने गर्छिन्। उनीहरूलाई कक्षा कार्य गराउछिन्, शिक्षिका रमा कक्षा कार्यलाई तत्काल नै जाँची अङ्क समेत दिदै राम्रो गर्ने बालबालिकाको कपीमा 'धेरै राम्रो', 'राम्रो' जस्ता शब्द लेखिदिन्छिन्। साथै राम्रो गर्ने बालबालिकालाई सबैको अगाडि ल्याई सबैलाई ताली बजाउन लगाई धन्यवाद दिन्छिन्। अन्य दिन पनि सोहीअनुरूप क्रियाकताप गराउँछिन्। उनको कक्षाका सबै बालबालिकाहरूको उपलब्धि राम्रो छ। शिक्षिका गीता कपी जाँची केही दिनपछि दिन्छिन्, कपीमा राम्रो गर्नेलाई ठीक चिन्ह र गलत गर्नेलाई बेठीक चिन्ह मात्र लगाइदिन्छिन्। सबैलाई राम्रो भन्छिन्। राम्रो गर्नेलाई परीक्षामा पुरस्कृत गरिनेछ भन्छिन्। उक्त घटना प्रशिक्षकले बताइदिएपछि निम्न प्रश्न सोधी सानोसानो समूहमा छलफल गर्न लगाउने:- | |
| • शिक्षिका रमा र गीताले गरेका कार्यहरू के के हुन् ? | **सम्भावित उत्तरहरू**<br>• कक्षा क्रियाकतापमा बालबालिकाहरूलाई सहभागी गराउँछिन्।<br>• तत्काले कपी जाँच गरिदिन्छिन्।<br>• राम्रो गर्नेलाई तुरुन्तै सबैको अगाडि ताली बजाई स्याबासी दिलाउँछिन्।<br><br>शिक्षिका गीता<br>• कापी जाँची केही दिनपछि फर्काउँछिन्।<br>• सबैलाई राम्रो भन्छिन्।<br>• राम्रो गर्नेलाई परीक्षामा पुरस्कृत गरिनेछ भन्छिन् आदि। |
| • बालबातिकाको सिकाइ राम्रो र सुदृढ बनाउन कुन शिक्षिकाले गरेको शिक्षण क्रियाकलाप उपयुक्त होला, राम्रो हुनाका कारण केके हुन् ? | • उपर्युक्त शिक्षण क्रियाकलाप छनौट गर्न कारण पत्ता लगाउने। |
| • कुनको सिकाइ पछिसम्म दीर्घकालीन होला ? | • सहभागीहरू समूहमा छलफल गरी उत्तर दिने। |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
| --- | --- |
| २. सहभागीहरूबाट आएको उत्तरको आधारमा निम्न निस्कर्ष दिने:-<br><br>शिक्षिका रमाद्वारा गरिएको शिक्षण राम्रो छ, कारण -<br>बालबालिकाहरूले गरेको ठीक प्रतिक्रियालाई तत्काल सबलीकृत गरेमा राम्रो गर्न प्रेरित भई उक्त व्यवहार बारम्बार दोहोऱ्याउछन्। जसले सिकाइलाई सुदृढ गर्दछ, र दीर्घकालीन बनाउँछ।<br>प्रशिक्षकले सहभागीहरूलाई निम्न विशेषता भएका बालबालिकाहरूलाई कसरी सिकाइतिर अभिरूचि राखी सिकाइलाई दीर्घकालिन गराउन सकिन्छ भनी समूहकार्य गर्न लगाई प्रस्तुत गर्न लगाउने। छलफल गराउने । अध्ययन अध्यापनप्रति अभिरूचि नलिने, छिटै बिर्सने, विद्यालय जान नमान्ने, शिक्षकले पढाएको स्थिर भएर नसुन्ने, ध्यान नदिने आदि बालबालिकाहरू तपाईंको विद्यालयमा होलान्, तिनलाई सिकाइमा समाहित गर्न के कस्तो व्यवहार गर्नुहुन्छ किन ? समूहमा छलफल गराई प्रस्तुत गर्न लगाउने। | २. प्रशिक्षकद्वारा प्रस्तुत निस्कर्षया अस्पष्ट भएका कुराहरूमा आपसी छलफल, प्रश्नोत्तर गरी स्पष्ट हुने। महत्त्वपूर्ण बुँदाहरू टिपोट गर्ने।<br><br>प्रशिक्षार्थीहरूले प्रशिक्षकबाट दिइएको एउटा समस्या लिई समूहमा छलफल गरी प्रस्तुत गर्ने<br>समूहमा प्रस्तुत गरिएको विषयवस्तुमा आफ्नो तर्क दिने।<br>**सम्भावित उत्तरहरू**<br>(क) अध्ययन अध्यापनतिर अभिरूचि नलिने बालबालिकाहरूलाई निम्न व्यवहार गर्न गराउन सकिन्छ-<br>• शिक्षण गर्नुपूर्व राम्रो गरेमा, ध्यान दिएर सुनेमा प्रश्नको उत्तर राम्रोसँग दिएमा तिनीहरूलाई पुरस्कृत गरिनेछ भनी दिने पुरस्कार देखाउने।<br>• शिक्षणको क्रममा विशेष ध्यान दिई प्रश्नोत्तर गर्ने (उसको स्तरअनुसारको)<br>• बीचबीचमा स्याबासी दिने<br>• क्रियाकलापमा सहभागी गराउने।<br>• सम्झाउने<br>• फकाउने<br>• सतर्क गराउने<br>• पुरस्कृत गर्ने आदि। |

६.३ सबलीकरणका तरिकाहरू

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
| --- | --- |
| १. तपसिलका कुराहरू प्रस्तुत गर्ने र प्रशिक्षार्थीलाई सोको समीक्षा गर्न लगाउने:- | १. समीक्षा गर्ने। |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| शिक्षण सिकाइ प्रक्रियामा सबलीकरणको महत्त्वपूर्ण भूमिका रहेको तथ्य माथिको छलफलबाट स्पष्ट भइसकेको छ। बालबालिकालाई अध्ययन अध्यापनप्रति प्रेरित गराउँदै उनीहरूको कार्यसम्पादनमा प्रभावकारी बनाउन सकिन्छ। तर अनावश्यक समयमा अनुपयुक्त सबलीकरणले उल्टै प्रतिक्रियालाई शिथिल बनाउँदै लैजान्छ र सिकाइको प्रतिफल नकारात्मक बन्न सक्छ। त्यसैले कुन अवस्थामा के कस्तो प्रकारको सबलीकरण प्रयोग गर्दा सिकाइ प्रक्रिया प्रभावकारी हुन्छ भन्ने कुरा शिक्षकले बुझ्न अति आवश्यक छ। | |
| तलको प्रश्न सोध्ने-<br>तपाईंले शिक्षण गर्ने क्रममा बालबालिकाको सिकाइलाई प्रभावकारी र दीर्घकालीन गराउन के कस्ता सबलीकरणका तरिकाहरू अपनाउनु भएको छ ? | प्रशिक्षार्थीहरूले शिक्षणको क्रममा आफूले अपनाएका सबलीकरणका तरिकाहरू बताउने<br>**सम्भावित उत्तर**<br>• उनीहरूले गरेका कार्यको प्रशंसा गरेर<br>• स्याबास, धन्यवाद, धेरै राम्रो, राम्रो भनेर<br>• चकलेट, पेन्सिल पुरस्कार दिएर<br>• प्रमाणपत्र दिएर<br>• सबै साम उठाई परिचय गराई, ताली बजाई स्वागत आदि गरेर। |
| • सहभागीबाट आएका कुरालाई प्रशिक्षकले यसरी कालोपाटीमा प्रस्तुत गर्ने- | • महत्वपूर्ण बुँदाहरू टिपोट गर्ने। |




| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| २. बालबालिकाहरूलाई विभिन्न तरिकाबाट सबलीकरण दिन सकिन्छ। तर यस्ता माध्यमको प्रयोग कति पटक र कुन अनुपातमा गर्नुपर्छ भन्ने तथ्य ज्यादै महत्त्वपूर्ण हुन्छ भन्ने कुरा वोध गराई के तपाईहरूले सबलीकरणको प्रयोग गर्दा के कस्ता कुरामा ध्यान दिनुभएको छ ? प्रश्न सोध्ने। | २. सहभागीहरूले आ-आफ्नो अनुभव बताउने। |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| प्रशिक्षार्थीहरूबाट प्राप्त विचारहरूलाई निम्नानुसार समीक्षा गर्ने:-<br>**निश्चित अनुपातमा (Fixed ratio)**<br>यो बालबालिकाहरूले देखाएको प्रतिक्रियाको आधारमा प्रदान गरिने सबलीकरण हो, जस्तै: विद्यार्थीलाई सोधेको हरेक ५ ओटा प्रश्नको ठीक उत्तरमा सबलीकरण गर्नु ।<br><br>**विविध अनुपातमा (Variable ratio)**<br>यो प्रतिक्रियाहरूको निश्चितताअनुरूप सञ्चालन हुनु नपर्ने सबलीकरण हो । आवश्यकतानुसार कुनै समयमा ५ ओटा ठीक उत्तरमा त कुनै समयमा २ ओटा कुनैमा १ ओटा उत्तर मिलेमा सबलीकरण गरिन्छ । प्रत्येक तेस्रो अनि दशौं प्रतिक्रियाहरू र यस्तै अन्य प्रतिक्रियाहरूअनरूप पनि सबलीकरण गर्न सकिन्छ ।<br><br>**निश्चित अवधिमा (Fixed Interval)**<br>यसअनुसार निश्चित समय अवधिपछि उत्कृष्ट अङ्क ल्याउने बालबालिकाहरूलाई सबलीकरणको मौका प्रदान गरिन्छ, जस्तै: प्रत्येक त्रैमासिक परीक्षा वा वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने बालबालिकालाई पुरस्कार प्रदान गरिन्छ । यसैगरी २ दिनपछि, ५ दिनपछि, १० दिनपछि सबलीकरणको मौका दिन सकिन्छ । प्रत्येक ५ मिनेटमा पनि यस्तो मौका दिन सकिन्छ ।<br><br>**विविध अवधिमा (Variable Interval)**<br>सबलीकरणको अवधि निश्चित नभई भिन्नभिन्न भएमा त्यो अवधि कहिले आधा घण्टा, कहिले १५ मिनेट, कहिले १ घण्टाजस्ता अनिश्चित अवधि कायम गरी सबलीकरणको मौका दिइन्छ । | |
| • माथि समीक्षा गरिएका बुँदाहरू बुझे नबुझेको प्रश्न सोध्ने । | • आपसी छलफल गरी बढी स्पष्ट हुने । |
| • सबलीकरणका प्रत्येक तरिकाहरू चार समूहमा छलफल गराई प्रस्तुत गर्न लगाउने । | • समूहमा छलफल गरी प्रस्तुत गर्ने । |
| • प्रस्तुतीकरण समीक्षा गर्ने । | • समीक्षा नोट गर्ने । |

समय – ८ घण्टा

## १. एकाइ शीर्षक

व्यवहार परिमार्जन

## २. एकाइ परिचय

शिक्षा भनेको मानिसको व्यवहारमा परिवर्तन ल्याउने प्रक्रिया हो । शिक्षाको माध्यमबाट व्यक्तिको सर्वाङ्गिण विकास गर्ने लक्ष्यसमेत राखिएको हुन्छ । पाठ्यक्रम निर्माणको प्रक्रियामा बालबालिकाले कस्ता सिकाइउपलब्धि हासिल गर्ने भन्ने सम्बन्धमा निर्दिष्ट व्यवस्था गरिएको हुन्छ । अर्कोतिर स्वभावैले बालबालिकामा आफ्नै रूचि, बानी, स्वभाव एवम् विविध संवेगात्मक विशेषताहरू हुन्छन् । घर, परिवार, विद्यालय एवम् समाजले केही निश्चित व्यवहारको अपेक्षा बालबालिकाबाट गर्दछ । सोहीअनुरूप शिक्षा प्रणाली, पाठ्यक्रम, पाठ्यसमग्री एवम् सिकाइप्रक्रिया तय भएका हुन्छन् । यस पाठमा बालबालिकाका अपेक्षित व्यवहार र अवान्छित व्यवहार पहिचान गरी वान्छित व्यवहारलाई दीगो बनाउने र अवान्छित व्यवहारलाई मेटाउने तरिका पहिचान गरिने प्रयास गरिएको छ ।

## ४. एकाइका उद्देश्यहरू

यस एकाइको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नतिखित कार्यहरू गर्न सक्नेछन्-

(क) समाजीकरण प्रक्रियामा अवाञ्छित व्यवहार हटाई वाञ्छित व्यवहार स्थापना गर्न व्यवहार परिमार्जनको भूमिका प्रस्तुत गर्न ।

## ५. शैक्षिक सामग्री

मार्कर, साइन पेन, card, flip chart

## ६. मुख्य क्रियाकलापहरू

| मुख्य क्रियाकलापहरू | समय |
|---|---|
| (क) प्राथमिक उमेर समूहका बालबालिकाका बानी, व्यवहार, स्वभाव एवम् विशेषताहरू सामान्य छलफल गरी सङ्कलन र वाञ्छित तथा अवाञ्छित व्यवहारको सूची निर्माण | २ घण्टा |
| (ख) पुरस्कार तथा सबलीकरणको व्यवहार परिवर्तनमा रहेको भूमिका छलफल | २ घण्टा |
| (ग) व्यवहार परिवर्तनमा अनुगमनको भूमिका छलफल | २ घण्टा |

## ७. विस्तृत क्रियाकलाप

७.१ प्राथमिक उमेरका बालबालिकाको बानी, व्यवहार, स्वभाव एवम् विशेषताहरू वाञ्छित र अवाञ्छित व्यवहारको सूची निर्माण

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| १. कथा सुनाउने-<br>'एक महिला थिइन्, अधवैंसे। चाउचाउ उनलाई खुब मन पर्थ्यो। उनी शाकाहारी थिइन्। माछा, मासु, अण्डा केही नखाने। एकदिन उनलाई कसैले स्पष्ट गरिदियो कि चाउचाउमा त अण्डा मिसाएको हुन्छ। त्यो जानकारी पाएपछि उनको चाउचाउप्रतिको मोह भङ्ग भयो। उनले चाउचाउ खान च्वाट्टै छाडिन्।'<br>प्रश्न गर्ने-<br>यस कथाको मुख्य आसय के हो ?<br><br>**निष्कर्ष**:<br>नयाँ ज्ञान, सीपको, जानकारी एवम् दण्ड, पुरस्कार तथा संवलनको प्रयोगले मानिसको व्यवहार बानी, आदत तथा उसको रूचिमा परिवर्तन ल्याईदिन्छ। | १. कथा सुन्नेछन्।<br><br>सम्भाव्य उत्तर:-<br>• बानी परिवर्तन<br>• रूचि परिवर्तन<br>• सत्य कुराको जानकारीबाट व्यवहार परिवर्तन |
| २. तपाइंहरूले ४/५ वर्ष उमेरदेखि ११/१२ वर्ष सम्मका अर्थात प्राथमिक विद्यातय जाने केटाकेटी अनुभव गर्नु भएको छ। तपाईंहरूमध्ये पनि कसैका सो उमेरका केटाकेटी होलान्। अब अनुभवको आधारमा ती केटाकेटीमा के कस्ता रूचि, बानी, स्वभाव, प्रवृत्ति, क्षमता, प्रतिभा, इच्छित वा अनिच्छित व्यवहार रहेका हुन्छन्, आ-आफ्नो नोट बुकमा लेख्नुहोस्। क्रमैसँग नदोहोरिने गरी एक-एक बुँदा भन्नुहोस्।<br><br>सहभागीका बुँदा बोर्डमा टिप्दै जाने। निम्न बमोजिमको चार्ट तयार पारी प्रस्तुत गर्ने।<br><br>उक्त उमेरका केटाकेटीहरू-<br>समूहमा रहन मन पराउँछन् खेल्न मन पराउँछन् अँध्यारोसँग डराउँछन् ठूलाको नक्कल गर्छन् बाबुआमाले भनेकोभन्दा साथी समूहको कुरा मान्छन् नाँच्न गाउन मन पराउंछन् डर चिन्ता मान्छन्। साना भाइबहिनीप्रति माया र इर्ष्या, झगडालु, रिसाउने, झुठो बोल्ने, चकचक गर्ने, शान्त भएर बस्न नसक्ने, जिज्ञासु, अनेक प्रश्न गर्ने गर्छन्। | २. नोट बुकमा टिपोट गर्नेछन्।<br>जस्तै: चञ्चले हुन्छन्, डरपोक हुन्छन्, जिज्ञासु, लोभी, जिद्धिवाल, गुलियो मन पराउने, खेल्न मन पराउने, रिसाउने, कराउने, झगडा गर्ने आदि।<br><br>चार्ट अवलोकन गर्नेछन्। |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| सहभागीहरूलाई ४ समूहमा विभाजन गर्ने र बालबालिकामा देखिने माधिका लगायत अन्य वान्छित र अवान्छित व्यवहार र रूचिको छुट्टाछुट्टै सूची तयार पार्न लगाउने। समूह नेतामार्फत कक्षामा प्रस्तुत गर्न लगाउने। | ४ समूहमा विभाजित हुनेछन्।<br>समूह क - वान्छित व्यवहार<br>समूह ख - अवान्छित व्यवहार<br>समूह ग - वान्छित व्यवहार<br>समूह घ - अवान्छित व्यवहार<br>प्रत्येक समूहबाट आफ्नो कार्य क्षेत्र अनुसारको सूची समूह नेताले प्रस्तुत गर्नेछन्।<br>वान्छित व्यवहार<br>● सानालाई माया, जिज्ञासु, आज्ञाकारी, शान्त<br>अवान्छित व्यवहार<br>● चकचके, डराउने, ईर्ष्यालु, रिसहा, झुठो बोल्ने, बढी खेल्ने, पढ्न मन नगर्ने, हल्ला गर्ने, कराउने। |
| ३. निम्नलिखित कुरा सुनाइ प्रश्न गर्ने:-<br>मानौं, तपाइँ एक प्राथमिक शिक्षक हुनुहुन्छ। तपाइँले एक दिन कक्षा २ मा गएर शुरुमै तलका प्रश्नहरू राख्नुभयो (समूहमा)। ती प्रश्नहरूको जवाफ के आउला भनी अनुमान गर्नुहुन्छ?<br>बाबु नानीहरू हो, आज हामी<br>● पढ्ने कि खेल खेल्ने?<br>● पढ्नेलेख्ने कि कथा सुन्ने?<br>● पढ्ने कि गीत गाउने?<br>● हिसाब गर्ने कि चित्र बनाउने?<br>● कक्षामा बसेर पढ्ने कि घुम्न जाने?<br>● मिसले पढाएको सुन्ने कि तिमीहरू मिलेर एउटा नाटक/अभिनय गर्ने?<br>अब विचार गरौं<br>विद्यार्थीको रूचि कतातिर छ?<br>नोट:<br>बालबालिकाको रूचिलाई बुझेर सोहीअनुरूप शिक्षण गरेमा मात्र शिक्षण प्रभावकारी हुन्छ। | **सम्भाव्य उत्तरहरू**<br>● खेल खेल्ने, मिस।<br>● कथा सुन्ने, मिस।<br>● गीत गाउने, मिस।<br>● चित्र बनाउने<br>● घुम्न जाने।<br>● अभिनय गर्ने।<br>खेल, कथा, गीत, चित्र तथा घुमाइ फिराईतिर। |
| के यसको मतलब पढाइलेखाइ छाडेर विद्यालयमा खाली खेल खेलेर, कथा भनेर र गीत गाएर बस्ने हो त? | होइन होला। |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| शिक्षकको उद्देश्य र विद्यार्थीको रूचि ठ्याक्कै मिल्छ कि मिल्दैन ? | मिल्दैन |
| यस्तो अवस्थामा शिक्षकले के गर्नुपर्ला ? | छलफल गर्नेछन् । |
| • पाठ्यक्रममा निर्दिष्ट सिकाइउपलब्धी हासिल हुने गरी खेल डिजाइन गर्नुपर्छ र खेलविधि अत्याधिक प्रयोग गर्ने । | • खेल्ने रूचि अनुरूप चञ्चलताको उपयोग । |
| • भाषिक सीप एवम् अवधारणा स्पष्ट गर्न विषयवस्तुलाई कथाको रूपमा, घटनाको रूपमा तयार गरी शिक्षण गर्ने । | • रूचि अनुरूप कथा सुन्ने । |
| • विषयवस्तुलाई गीत वा कविताको रूपमा ढालेर अभ्यास गराउने । | • गीत कविता सुन्ने/गाउने रूचि अनुरूप/हल्ला गर्ने कराउने स्वभावको उपयोग । |
| • चित्रवर्णन, चित्रलेखन क्रियाकलाप सिकाइ उपलब्धि समेट्ने गरी सञ्चालन गर्ने । | • चित्र हेर्ने, लेख्ने रूचिको उपयोग । |
| • विद्यार्थीले अभिनय, भूमिका निर्वाह गर्न पाउने गरी क्रियाकलाप तयार पार्ने । | • नक्कल गर्ने स्वभाव र चञ्चलताको उपयोग । |
| • समूहमा कार्य गर्ने गरी क्रियाकलापको चयन गर्ने । | • समूहमा रहन मन पराउने स्वभावको उपयोग । |
| • सिकाइउपलब्धि समेट्ने गरी शैक्षिक भ्रमण विधिको प्रयोग गर्ने । | • चञ्चलता र घुमफिर गर्ने रूचिको उपयोग । |
| • सह-कार्यकलाप सञ्चालन गर्ने । | • प्रतिस्पर्धात्मक भावनाको उपयोग । |
| **निस्कर्ष:**<br>निर्धारित सिकाइउपलब्धी हासिल गर्न बालबालिकाको रूचिअनुसारको क्रियाकलाप छनौट गर्न सकिएमा शिक्षणसिकाइ बालकेन्द्रित र प्रभावकारी हुन्छ । | प्रशिक्षकबाट प्रस्तुत निष्कर्ष टिपोट गर्नेछन् । |
| **विद्यार्थीको रूचिअनुसारका केही कार्यकलापहरू**<br>**खेल**<br>(१) खेलबाट जोड सिकाउने - गणित<br>(२) सङ्ख्यामा खेलबाट गन्ती गर्न सिकाउने - गणित<br>(३) हिसाब दौड - गणित | सहभागीहरू सक्रिय भई खेल खेल्ने छन् । |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| (४) हिसाबसम्बन्धी puzzles - गणित<br>(५) 7up खेल - गणित<br>(६) ताली खेल - गणित<br>(७) शब्द/चित्र जोडा मिलाउ खेल - भाषामा<br>(८) I snap खेल - भाषामा<br>(९) Bingo खेल - भाषामा<br>(१०) हो/होइन - भाषामा<br>(११) अनुमान गर्ने खेल - भाषामा<br>(१२) फलफूल टोकरी - भाषामा<br>(१३) नदी किनारा - भाषामा<br>(१४) विभिन्न खेलहरू - शारीरिक शिक्षा | |
| **गीत/कविता**<br>कक्षा एकमा जोड सिकाउन<br>एउटा सफा पोखरीमा माछा धेरै थिए<br>पानीमाथि सात थिए चार तल थिए ।<br>माझी दाइले सबै माछा आफ्नो जालमा पाऱ्यो<br>अब भन माझी दाइले कति माछा माऱ्यो ? | प्रशिक्षार्थीहरू स्वर मिलाई गीतको अभ्यास गर्नेछन् । |
| कक्षा २ मा सामाजिक पढाउँदा<br>गाई भैंसी गोठ बस्छन् तबेलमा घोडा<br>कुकुर बस्छ टाँडमाथि भेंडा बाख्रा खोर ।<br>बाघ बस्छन् ओढारमा चरा बस्छन् गुँड<br>मानिस झैं जनावरका आ-आफ्ना घर । | |
| **गन्ती सिकाउन**<br>एक - लौरो टेक<br>दुई - आउ मेरा बुई<br>............................ | |
| **स्वास्थ्यसम्बन्धी**<br>झिङ्गा दाइ झिङ्गा दाइ, नसताउन हामीलाई<br>हामी सफा हुन्छौं अन्तै जाउ खानलाई<br>तिम्रो खुट्टा मुखमा, फोहोर किरा हुन्छन्<br>हामी साना नानीलाई तीनले हानी गर्छन् । | |

| प्रशिक्षक कार्यकलाप | प्रशिक्षार्थी कार्यकलाप |
|---|---|
| **गाईसम्बन्धी विषयवस्तु सिकाउन**<br>गाई हाम्रो पशु धन, गोठको शोभा गाई<br>गाईजस्तो अरू छैन गाउँघरलाई<br>गाई पाल्ने देश हाम्रो गाईलाई मान्छ<br>वर्षैं पिच्छे तिहारमा गाईको पूजा हुन्छ ।<br>घाँस पात, कुँडो, पराल, भुस्सा यसले खान्छ<br>अरुभन्दा तागतिलो दूध यसले दिन्छ ।<br>दूधबाट दही बन्छ, दहीबाट घिउ<br>दूध, दही, घिउ खाँदा राम्रो हुन्छ जीउ ।<br>गाईका काम धेरै हुन्छन्, कामधेनु गाई<br>गाई आमा पनि भन्छौं हामी गाईलाई<br>हामी गाईको माया गर्छौं गाईका धेरै गुन<br>यो राष्ट्रिय जनावर नेपालको धन<br>घर लिप्न चोख्याउन गोबर यसले दिन्छ<br>खेतबारीमा हाल्ने मल गोबरबाट हुन्छ ।<br>गुइँठो पारेपछि गोबर बाल्न पनि हुन्छ ।<br><br>**सारांश**<br>वास्तवमा चकचक गर्ने, चञ्चलता, शान्त भएर बस्न नसक्ने, हल्ला गर्ने, खेल्न बढी मन पराउने, समूह बनाउने, अनेकथरी प्रश्न गर्ने जस्ता व्यवहारहरू अवन्छित व्यवहार होइनन् । तर, गाँठी कुरा चाहिं यस्ता स्वभावको पूर्ण उपयोग हुने र सिकाइउपलब्धी पनि हासिल हुने गरी शिक्षण गर्ने सीप हो। यदि बालबालिकाहरू चञ्चले भएनन् भने शारीरिक विकास कसरी गराउने ?, हल्ला गर्न कराउनतिर रूचि राखेनन् भने बोलाइ सीप, लयबोधको सीप कसरी सिकाउने ? | |

१. **क्षेत्र**

व्यवहार परिवर्तन (Behaviour Modification)

२. **पाठ शीर्षक**

उत्प्रेरणाको प्रयोग गरिकाहरू

३. **पाठ परिचय**

सिकाइ भनेको व्यक्तिको व्यवहारमा आउने स्थायी परिवर्तन हो । एकजना विद्यार्थीले आफ्नो व्यवहार किन परिवर्तन गर्छ ? केके तत्त्वहरूले उसलाई आफ्नो व्यवहार परिवर्तन गर्न लगाउँछ ? अर्थात् केले विद्यार्थीहरूमा सिक्ने कार्य गर्न लगाउँछ ? फेरी कसैले त्यही परिस्थितिमा धेरै सिक्छन् र कसैले थोरै किन सिक्छन् ? यी सबै प्रश्नहरू विद्यार्थीको क्रियाकलाप गर्ने जीवशक्ति बढाउने र घटाउने तत्त्वहरूसित सम्बन्धित छ । ती तत्त्वहरूलाई उत्प्रेरणा भनिन्छ । एकजना शिक्षकले विद्यार्थीहरूको सिक्ने उत्प्रेरणा बढाउनको लागि विभिन्न कार्यहरू गर्नुपर्दछ । पहिलो, उसले विद्यार्थीहरूमा जाँगरिलोपना कायम राख्नुपर्दछ अर्थात् फुर्ति, जागरण र सुहाउँदो रूपमा तथा सिघ्रतासाथ उत्तर दिने गुणको तह कायम गर्नुपर्दछ । दोस्रो कुनै पाठ वा कक्षा वा परियोजना पूरा भइसकेपछि विद्यार्थीहरूले के गर्न सक्नेछन् भन्ने कुरा अर्थात् शैक्षणिक उद्देश्यहरूलाई प्रत्यक्ष रूपमा भनेर पनि उनीहरूको सिक्ने उत्प्रेरणा कायम गर्न सकिन्छ । यसका साथै विद्यार्थीहरूको उपलब्धिको आधारमा प्रोत्साहन जस्तै: नतिजाको ज्ञान, प्रशंसा, दोष र पुरस्कार दिएर उनीहरूलाई अझ बढी सिक्न र प्रयत्न गर्न लगाउँछ ।

४. **पाठको उद्देश्य**

यस पाठको अन्तमा प्रशिक्षार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्नेछन्-

४.१ बालबालिकाहरूको सिकाइमा उत्प्रेरणाको भूमिकाबारे बताउन ।

४.२ बालबालिकाहरूको सिकाइ राम्रो पार्न प्रयोग गर्नुपर्ने उत्प्रेरणा तरिकाहरूबारे वर्णन गर्न ।

५. **शिक्षण सामग्री**

प्रिन्ट कागज, मार्कर, hands-out

६. **क्रियाकलाप**


विद्यार्थीहरूको सिकाइ राम्रो पार्नका लागि प्रयोग गरिने उत्प्रेरणाका तरिकाहरू

७. **विस्तृत क्रियाकलापहरू**

७.१ विद्यार्थीहरूको सिकाइ राम्रो पार्नका लागि प्रयोग गरिने उत्प्रेरणाका तरिकाहरू

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| १. निम्नलिखित कुराहरू लेखिएको hand-out सबै प्रशिक्षार्थीहरूलाई बाँड्ने र एकजना प्रशिक्षार्थीलाई पढ्न लगाउने । | १. एकजना प्रशिक्षार्थीले प्रशिक्षकले दिएको hand-out सबैले सुन्ने गरी पढ्छन् । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
| --- | --- |
| धान काट्ने समय थियो । मलाई एउटा हँसिया बनाउनु परेको थियो । त्यसैले एउटा फलामको डल्लो लिएर म एउटा सीपयुक्त विश्वकर्माको ज्यासलमा गएँ । विश्वकर्माले मैले दिएको फलामबाट हँसिया बनाउनुभन्दा अगाडि फलामलाई राम्रोसँग नियालेर हेर्नुभयो । त्यसपछि उक्त फलामलाई आगोमा रातो हुने गरी तताउनुभयो र हथौडाले बेसरी कुट्नुभयो । फलाम फेरि चिसो भयो र जति कुटे पनि हँसियाको आकारमा आइपुगेन । त्यसैले फेरि आगोमा रातो हुने गरी तताउने र त्यसपछि हथौडाले कुट्ने काम भयो । काम हेर्दाहेर्दै मैले के कुरा थाहा पाएँ भने कुनै पनि फलामको डल्लोबाट आफ्नो इच्छा अनुसारको आकार निकाल्न फलामलाई रातो हुने गरी तताउनु पर्दो रहेछ र जति रातो हुने गरी तताायो त्यति कुट्न सजिलो र चाहिने आकारमा ल्याउन सजिलो हुने रहेछ । | |
| प्रशिक्षकले निम्नलिखित प्रश्न गर्ने "जसरी फलामको डल्लोलाई हँसिया बनाउनका लागि बारम्बार रातो हुने गरी तताउनुपर्छ" त्यसरी नै विद्यार्थीहरूलाई राम्रोसँग सिक्न दिनका लागि शिक्षकले कक्षामा विद्यार्थीहरूलाई के गर्नुपर्छ ? | निम्न प्रकारका उत्तरहरू दिन्छन् ।<br>**सम्भावित उत्तरहरू**<br>• कथा भन्नुपर्छ ।<br>• ध्यान जगाउनुपर्छ ।<br>• प्रश्नहरू सोध्नुपर्छ ।<br>• पुरस्कार दिनुपर्छ ।<br>• विद्यार्थीहरूले उत्तर दिइसकेपछि 'स्याबास', 'ठीक', 'राम्रो' भन्नुपर्छ ।<br>• चाहना जोगाउनुपर्छ । |
| २. तपाईंहरूले बताउनु भएका कुराहरूले (प्रशिक्षार्थीहरूले भनेका ठीक उत्तरहरूलाई दोहोऱ्याएर) विद्यार्थीको सिकाइमा असर पार्छ र यी कार्यहरू गर्नुलाई उत्प्रेरणा भनिन्छ भन्ने कुरा बताउने | २. प्रशिक्षकले भनेका कुरा सुन्छन् । |
| ३. फ्लिप चार्टको बीचमा वृत्त बनाई त्यसभित्र "उत्प्रेरणा" लेख्ने । | ३. प्रशिक्षकले लेखेको कुरा हेर्छन् । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ४. विद्यार्थीहरूलाई सिक्न उत्प्रेरित गर्न कक्षाके सुरुमा के गर्नुपर्दछ भनेर सोध्ने । प्रशिक्षार्थीहरूबाट आएका उत्तरहरू वृत्तको चारैतिर लेख्दै जाने ।<br>जस्तै:  | ४. निम्न उत्तर दिन्छन् ।<br>**सम्भावित उत्तर**<br>• प्रश्न गर्ने<br>• कथा भन्ने<br>• पाठको उद्देश्यहरू भन्ने<br>• शैक्षणिक सामग्रीहरू देखाउने<br>• उदाहरण भन्ने |
| **५. जसरी हँसिया बनाउन फलामलाई बीचबीचमा फेरि रातो हुने गरी तताउनुपर्छ त्यसरी नै विद्यार्थीहरूको सिक्ने उत्प्रेरणा कायम गरी राख्नलाई बीचबीचमा के के गर्नुपर्दछ भनेर प्रश्न गर्ने ।** | ५. निम्न उत्तर दिन्छन् ।<br>**सम्भावित उत्तरहरू**<br>• प्रश्न गर्ने<br>• ठीक उत्तर दिनेलाई प्रोत्साहन दिने (स्याबास, ठीक छ, हो आदि भनेर प्रशंसा गर्ने)<br>• चुट्किलाहरू भन्ने<br>• खेल खेलाउने<br>• गलत उत्तर दिनेलाई सतर्क गर्ने |
| ६. प्रशिक्षार्थीहरूले दिएका उत्तरहरूलाई कक्षामा छलफल गरी निम्न समूहमा राख्ने<br>• सोच्न र गर्न लगाउने<br>• कक्षा सुहाउँदो उपयुक्त उदाहरण दिने<br>• अपेक्षित उपलब्धिको बारेमा जानकारी दिने<br>• नतिजाको ज्ञान दिने<br>• प्रशंसा गर्ने<br>• प्रतियोगिताको भावना जगाउने<br>• सहयोगको भावना जगाउने | ६. छलफलमा भाग लिन्छन् र आफूले दिएका विभिन्न उत्तरहरूलाई विभिन्न समूहमा राख्न सहयोग गर्छन् । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ७. जोडक्रम सङ्ख्या र विजोड क्रम सङ्ख्याको आधारमा प्रशिक्षार्थीहरूलाई दुई समूहमा विभाजन गर्ने । जोड समूहको प्रत्येक विद्यार्थीलाई कक्षा पाँचको सामाजिक शिक्षा विषयअन्तर्गत "हाम्रो देश" भन्ने पाठ पढाउन भन्दा अगाडि र विजोड समूहलाई त्यही पाठ पढाउँदा बीच बीचमा विद्यार्थीहरूलाई उत्प्रेरित गर्नका लागि गर्नुपर्ने एकएक ओटा काम पाँच मिनेट भित्र सोच्न लगाएर आफ्नो कपीमा लेख्न लगाउने । | ७. प्रशिक्षकको निर्देशनअनुसार लेख्छन् । |
| ८. कालोपाटीमा बीचमा, धर्सो तानी दुई भागमा विभाजन गर्ने । दायाँ भागमा जोड समुह र बायाँ भागमा विजोड समूहलाई आफ्नो उत्तर लेख्न लगाउने । | ८. प्रत्येक प्रशिक्षार्थीले पालैपालो आफूले कापीमा लेखेको कार्य कालोपाटीमा लेख्छन् । |
| ९. अन्तमा प्रशिक्षकले प्रशिक्षार्थीहरूको ठीक र बेठीक उत्तर छुट्याई नतिजाको ज्ञान दिने | ९. प्रशिक्षार्थीहरूले नतिजाको ज्ञान प्राप्त गर्दछन् । |

### ७.२ व्यवहार परिवर्तनमा पुरस्कार र सबलीकरणको भूमिका

#### ७.२.१ सबलीकरणको धारणा

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| १. निम्नलिखित एउटा घटना बताउने र प्रश्न गर्ने ।<br>"प्राथमिक विद्यालयको एकजना शिक्षकले विद्यार्थीहरू सरसफाइ गरेर विद्यालयमा आएका छन्/छैनन् हेर्न लुगा, नङ, कपाल सबै जाँचेर हेर्छन् र सफा भएर आएका विद्यार्थीहरूलाई स्याबासी र धन्यवाद दिएछन् । अन्य सफा नभई आएका विद्यार्थीहरूलाई केही पनि भनेनछन् । स्याबासी र धन्यवाद पाएका विद्यार्थीहरू पछिपछि पनि सफा भएर आएको पाइयो ।"<br>प्रश्न सोध्ने-<br>विद्यार्थीहरूलाई पछिपछि पनि सफा भएर आउन के कुराले सघायो ? | १. प्रशिक्षकले भनेको कुरा सुन्छन् र उत्तर दिनेछन् ।<br>सम्भावित उत्तरहरू<br>• स्याबासीले<br>• धन्यवादले |
| निष्कर्ष:<br>ठीक प्रतिक्रिया वा ठीक कार्यलाई पछिपछि पनि गराउनका लागि शिक्षकले गर्ने प्रशंसा, शिक्षकले दिने धन्यवाद र पुरस्कार दिने कार्यविधिलाई सबलीकरण भनिन्छ भनेर बताउने । | प्रशिक्षकले दिएको निस्कर्ष नोट गर्नेछन् । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| २. विद्यार्थीहरूबाट कुनै प्रश्नको ठीक उत्तर आयो र आउँदा दिनहरूमा पनि त्यस्तै प्रश्नको ठीक उत्तर दिन लगाउनका लागि पुरस्कार दिनेबाहेक तपाईंहरूले अरु के-के गर्दै आउनुभएको छ भनेर प्रश्न गर्ने । <br><br> प्रशिक्षार्थीहरूले दिएका उत्तरलाई मिलाएर निम्नलिखित उत्तर दिने, जस्तै: <br><br> पृष्ठपोषण अर्थात् नतिजाको ज्ञानलाई पनि सबलीकरणको रूपमा लिइन्छ । | २. सोच्छन् र उत्तर दिन्छन् । <br><br> **सम्भावित उत्तरहरू** <br> • केही पनि नसक्ने <br> • "ठीक" मात्र भन्ने <br> • त्यही काम दोहोऱ्याउन लगाउने |

७.२.२ सिकाइमा सबलीकरणको भूमिका

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| १. कक्षाकोठाभित्रको सिकाइसम्बन्धी निम्न उदाहरण बताउने:- <br> एकजना अङ्ग्रेजी शिक्षकले कक्षा तीनका विद्यार्थीहरूलाई पकेट चार्ट र शब्दपत्तीहरू प्रयोग गरी तीनओटा शब्दहरू भएका अङ्ग्रेजी वाक्यहरू बनाउने तरिकाहरू सिकाउनु भएको रहेछ । यस क्रममा तीनजना विद्यार्थीहरूलाई कक्षाको अगाडि बोलाइयो र प्रत्येक विद्यार्थीलाई पाँचपाँचओटा शब्दपत्तीहरू दिइयो । अनि एकजना विद्यार्थीलाई भित्तामा झुण्डाइएको पकेट चार्टमा एउटा शब्दपत्ती राख्न र अन्य दुईजनालाई त्यस शब्दपत्तीसँग मिल्ने शब्दपत्ती ठीकठीक ठाउँमा राख्न निर्देशन दिइयो । विद्यार्थीहरूले शब्दपत्तीहरू ठीकठीक ठाउँमा राखे । शिक्षकले "ठीक/राम्रो" भनेर प्रशंसा गर्नुभयो । यसरी नै अन्य शब्दपत्तीहरू पकेट चार्टमा राखी बाँकी चारओटा वाक्यहरू बनाउन निर्देशन दिनुभयो । प्रत्येक वाक्य तयार भएपछि शिक्षकले विद्यार्थीहरूलाई "ठीक/राम्रो" भनेर भन्नुभयो । यी तीनजना विद्यार्थीहरूले अन्य दिनहरूमा पनि पकेट चार्टमा शब्दपत्तीहरू राखेर वाक्यहरू बनाउन निपूर्ण भए । | १. प्रशिक्षकले भनेका उदाहरण सुन्छन् । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| २. प्रशिक्षार्थीहरूलाई सात/आठ समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई माथिको जस्तो उदाहरण १५ मिनेटभित्र लेख्न लगाउने । | २. प्रशिक्षार्थीहरू समूहमा बसी उदाहरणहरू सोच्छन् र लेख्छन् । |
| ३. प्रत्येक समूह नेताबाट आफ्नो समूहले बनाएको उदाहरण प्रस्तुत गर्न लगाउने । | ३. प्रत्येक समूहको नेताले उदाहरण प्रस्तुत गर्छन् । |
| ४. प्रस्तुत उदाहरणमा सच्याउनुपर्ने भए सच्याउने । ठीक उदाहरण प्रस्तुत गर्नेहरूलाई प्रशंसा गर्ने र ठीक उत्तर नदिने समूहलाई पछि राम्रो गर्न प्रोत्साहन दिने । | ४. प्रशिक्षकले भनेअनुसार सच्याउँछन् । |
| ५. प्रस्तुत उदाहरणमा जस्तै विद्यार्थीहरूको ठीक प्रतिक्रिया बारम्बार किन दोहोऱ्याउने गर्छन् भनेर प्रश्न सोध्ने । | ५. उत्तर दिन्छन् । |
| ६. प्रशिक्षार्थीहरूले दिएको उत्तरहरूको आधारमा निस्कर्ष बताउने-<br>सबलीकृत प्रतिक्रियाहरू बारम्बार दोहोऱ्याउँदा सिकाइ सुदृढ हुँदै जान्छ । त्यसैले बालबालिकाहरूको सिकाइमा सबलीकरणले ठूलो भूमिका खेल्दछ । | ६. प्रशिक्षकले भनेको कुरा सुन्छन् । |
| ७. विद्यार्थीहरूले दिएका प्रश्नहरूको जवाफ ठीक भए तापनि शिक्षकले स्याबासी, धन्यवाद आदि केही पनि नदिएमा उनीहरूले त्यही प्रतिक्रिया दोहोऱ्याउँछन् वा दोहोऱ्याउँदैनन् भनेर प्रश्न गर्ने । | ७. उत्तर दिन्छन् ।<br>• दोहोऱ्याउन पनि सक्छन्, नदोहोऱ्याउन पनि सक्छन् ।<br>• दोहोऱ्याउँदैनन |
| ८. प्रशिक्षार्थीले दिएका उत्तरहरूको आधारमा सबलीकरण नगरिएका प्रतिक्रियाहरू दोहोऱ्याउँदैनन र त्यसैले ठीक प्रतिक्रिया दोहोऱ्याउन दिनको लागि सबलीकरण आवश्यक छ भनेर बताउने । | ८. एकजना प्रशिक्षार्थीले सबैले राम्ररी सुन्ने गरी पढ्छन् र अरूले सुन्छन् । |
| ९. प्राथमिक विद्यालयमा अध्यापन गर्ने शिक्षक 'क' र 'ख' को निम्नलिखित क्रियाकलापहरू एकजना विद्यार्थीहरूलाई पढ्न लगाउने । | ९. एकजना प्रशिक्षार्थीले सबैले राम्ररी सुन्ने गरी पढ्छन् र अरुले सुन्छन् । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| शिक्षक 'क' ले कक्षा १ को सेक्सन 'ए' र शिक्षक 'ख' ले त्यही कक्षाको सेक्न 'बी' मा विद्यार्थीहरूलाई जोडको बारेमा अध्यापन गरिसकेपछि दशओटा जोडको हिसाब गर्न लगाएछन् । विद्यार्थीहरूले सो काम पूरा गरेपछि दुबैजना शिक्षकले उक्त जोड मिल्छ मिल्दैन जाँची अङ्कसमेत दिएछन् र शिक्षक 'क' ले नतिजाको ज्ञान र राम्रो गर्ने विद्यार्थीहरूलाई पुरस्कार दिने कार्य पाँच दिनपछि मात्र गरेछन् । शिक्षक 'ख' ले परीक्षण गरिसकेपछि कापी विद्यार्थीहरूलाई तुरुन्त फर्काएछन् र मिल्ने उत्तर दिने विद्यार्थीहरूलाई पुरस्कार पनि तत्काल दिएछन् । | |
| निम्नलिखित प्रश्नहरू लेखिएको कार्डबोर्ड भित्तामा टाँस्न लगाउने र एकजना प्रशिक्षार्थीलाई पढ्न लगाउने ।<br><br>विद्यार्थीहरूको सिकाइ राम्रो र सुदृढ गर्न कुनचाहिँ शिक्षकको क्रियाकलाप राम्रो मान्नुहुन्छ ?<br>शिक्षक 'क' वा शिक्षक 'ख' ? राम्रो हुनाका कारणहरू केके हुन् ? | • एकजना प्रशिक्षार्थीले सबैले सुन्ने गरी पढ्छन् र अरूले सुन्छन् । |
| माथि उल्लिखित प्रश्नहरू प्रत्येक तीन तीनजना प्रशिक्षार्थीहरूको बीचमा छलफल गराई उत्तर लेख्न लगाउने । | प्रत्येक तीन तीनजना प्रशिक्षार्थीहरू एकआपसमा छलफल गरी उत्तर लेख्छन् ।<br>**सम्भावित उत्तरहरू**<br>• शिक्षक 'क' राम्रो<br>शिक्षक 'क' राम्रो हुनाका कारणहरू-<br>- उसले राम्ररी उत्तर जाँचेकाले<br>- उसले राम्रो पुरस्कार दिन सक्ने संभावना अझै रहेकोले<br>• शिक्षक 'ख' राम्रो<br>शिक्षक 'ख' राम्रो हुनाका कारणहरू-<br>- नतिजाको ज्ञान तुरुन्त दिएपछि सिकाइ सुदृढ हुन्छ ।<br>- विद्यार्थीले आफूले गरेको काम ठीक/बेठीक तुरुन्त थाहा पाउँछन् । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| | - पुरस्कृत हुनेले ठीक प्रतिक्रिया बारम्बार दोहोऱ्याउँछन् । |
| प्रत्येक समूहलाई आफ्नो उत्तर भन्न लगाउने । प्रशिक्षार्थीहरूले दिएको उत्तरको आधारमा निम्नलिखित निस्कर्ष निकाल्ने ।<br><br>• शिक्षक 'ख' राम्रो<br>• कारणहरू<br>विद्यार्थीहरूले गरेको ठीक प्रतिक्रियालाई तत्कालै पुरस्कृत गरेमा उनीहरूले त्यो प्रतिक्रिया बारम्बार दोहोऱ्याउँछन् र यसले सिकाइलाई सुदृढ गर्दछ । | • प्रत्येक समूहबाट एकएकजना प्रशिक्षार्थीले उत्तर भन्छन् । |
| १०. तल दिइएका एक एकओटा प्रश्न एकएक टुक्रा कागजमा लेखी पट्याउने ।<br><br>प्रशिक्षार्थीहरूलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्ने ।<br><br>प्रत्येक समूहको नेतालाई उक्त कागजको टुक्रा छान्न लगाउने र उक्त कागजमा लेखिएको प्रश्नको जवाफ १५ मिनेटभित्र लेख्न लगाउने ।<br><br>**प्रश्नहरू:**<br><br>• तपाईहरूले विद्यालयमा अध्यापन गर्नुहुँदा थाहा पाइ वा नपाई माथि दिइएका उदाहरणमा जस्तै सबलीकरणसम्बन्धी क्रियाकलाप गर्नुभएको हुनुपर्दछ । त्यसमध्ये दुईओटा राम्रो क्रियाकलाप संक्षेपमा लेख्नुहोस् ।<br><br>• प्राथमिक विद्यालयको शिक्षकलाई सबलीकरणको ज्ञान किन आवश्यक छ ? संक्षेपमा लेख्नुहोस् ।<br><br>• नतिजाको ज्ञान किन र कसरी दिनुपर्छ ? संक्षेपमा लेख्नुहोस् ।<br><br>• सबलीकरण दिने क्रियाकलापमा नतिजाको ज्ञान र पुरस्कारको बीचमा के फरक छ ? संक्षेपमा लेख्नुहोस् ।<br><br>यस्तै प्रकारका अन्य प्रश्नहरू दिने | १०. समूहमा विभाजित हुन्छन्, प्रत्येक समूहको समूह नेताले कागजको टुक्रा छानेर लिन्छन् र समूहमा छलफल गरी प्रश्नको उत्तर लेख्छन् । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ११. प्रत्येक समूहको नेतालाई आफ्नो समूहले तयार गरेको उत्तर पढ्न लगाउने | ११. समूह नेताले उत्तर पढ्छन् र अरुले सुन्छन् । |
| १२. उत्तर ठीक भएमा 'राम्रो', 'ठीक', 'धन्यवाद' भनेर सबतीकरण दिने । | १२. प्रशिक्षकले भनेका कुरा सुन्छन् । |
| १३. अन्त्यमा सिकाइमा सबलीकरणको भूमिका व्याख्या गरी दिने । | १३. भूमिका टिपोट गर्ने । |

# एकाइ – ६

**समय – ८ घण्टा**

१. **क्षेत्र**

बालबालिकाको समाजिकीकरण

२. **एकाइ शीर्षक**

समाजिकीकरणमा शिक्षक/विद्यालयको भूमिका

३. **एकाइ परिचय**

बालक जन्मने बेलामा एउटा जैविक प्राणी भएर जन्मन्छ । समाजमा बसेर जीवन यापन गर्दागर्दै ऊ सामाजिक प्राणी हुँदैजान्छ । समाजको योग्य नागरिक हुनका लागि उसले सामाजिक मूल्य र आदर्शहरूसँग परिचित हुँदै जान्छ । साथै उसले राम्रा बानीहरू/व्यवहारहरू, ज्ञान र सीप हासिल गरी एकजना सुसंस्कृत नागरिक हुने प्रयास गर्दछ । यसरी बालबालिकाहरूलाई समाजिकीकरण गर्नका लागि घर र समुदायले ठूलो भूमिका खेलेको हुन्छ । यसैगरी बालबालिकाहरूको समाजिकरणमा विद्यालयले पनि उत्तिकै भूमिका खेल्दछ । बालबालिकाहरूले विद्यालयमा अध्ययन गर्दागर्दै थाहा पाइ वा नपाई समाजमा जीवनयापन गर्नका लागि आवश्यक मूल्य र आदर्शहरू प्राप्त गर्दै जान्छन् र सोहीअनुसार व्यवहार गर्दै जान्छन् । यसर्थ बालबालिकाहरूलाई समाजपयोगी बनाउनका लागि विकास गर्नुपर्ने व्यवहार, ज्ञान र सीप हासिल गराउन शिक्षकहरू पनि त्यस्ता व्यवहार, ज्ञान र सीप प्रदान गर्न सक्षम हुनुपर्दछ । सक्षम शिक्षकहरूले बालबालिकाहरूको समाजिकरणमा ठूलो योगदान पुऱ्याउन सक्दछन् । प्रस्तुत पाठमा बालबालिकाहरूलाई समाजिकीकरण गर्नमा शिक्षक/विद्यालयले निर्वाह गर्ने भूमिकाको सम्बन्धमा चर्चा गर्न खोजिएको छ ।

४. **एकाइको उद्देश्यः**

यस एकाइको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्ने हुनेछन्-

१) समाजिकीकरणको धारणा व्यक्त गर्न ।

२) बालबालिकाहरूको समाजिकीकरणमा शिक्षक/विद्यालयको भूमिका व्याख्या गर्न ।

५. **शैक्षिक सामग्रीहरूः**

प्रोजेक्टर, ट्रान्सपरेन्सी, कार्डबोर्ड र चार्ट

६. **मुख्य क्रियाकलापहरू**

| | समय |
|---|---|
| ६.१ सामाजिकीकरणको धारणा | २ घण्टा |
| ६.२ बालबालिकाहरूको सामाजिकीकरणमा शिक्षक/विद्यालयको भूमिका | ४ घण्टा |
| ६.३ बालकेन्द्रित शिक्षण तरिकाहरू व्याख्या गर्न | २ घण्टा |

७. **विस्तृत क्रियाकलाप**

७.१ सामाजिकीकरणको धारणा

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| १. प्रशिक्षकले निम्न विवरणहरू लेखिएको ट्रान्सपरेन्सी, प्रोजेक्टरको माध्यमद्वारा वा कार्डबोर्डमा लेखी देखाउने र एकजना प्रशिक्षार्थीलाई पढ्न लगाउने । | १. एकजना प्रशिक्षार्थीले पढ्छन् र अरू सबै प्रशिक्षार्थीले सुन्छन् । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
| --- | --- |
| घर-परिवार, छिमेक र विद्यातयमा मिलेर बस्न जीवनयापन गर्न बालबालिकाहरूले के कस्ता व्यवहारहरू गर्न जान्नुपर्दछ ? | |
| २. ट्रान्सपरेन्सीमा उल्लिखित प्रश्नको उत्तर पाउन प्रशिक्षार्थीहरूलाई समूह समूहमा विभाजन गरी प्रत्येक समूहले गर्नुपर्ने निम्नलिखित कार्यहरू बताउने ।<br>• समूहमा एकजना Repporteur छान्नुपर्ने<br>• एकजना समूह नेता छान्नुपर्ने<br>• ट्रान्सपरेन्सीमा उल्लिखित प्रश्नको बारेमा समूहमा भएको छलफलको आधारमा Rapporteur ले ५ देखि १० ओटा बुँदाहरू टिप्नुपर्ने । | २. समूहमा बसेर आफूले गर्नुपर्ने कामहरूबारे सुन्नेछन् । |
| ३. प्रत्येक समूहका सदस्यहरू एकै ठाउँमा बस्न लगाउने र सो कार्य २० मिनेटभित्र गर्न लगाउने । | ३. आ-आफ्नो समूहमा बसी छलफल गर्छन्, छलफलबाट आएका कुराहरू बुँदागत रूपमा Rapporteur ले कार्डबोर्डमा लेख्छन् । |
| ४. प्रत्येक समूह नेतालाई भित्तामा कार्डबोर्ड टाँस्न लगाई प्रस्तुत गर्न लगाउने । | ४. प्रत्येक समूह नेताले भित्तामा कार्डबोर्ड टाँसी कार्डबोर्डमा लेखिएका बुँदाहरू पढ्छन् ।<br>**सम्भाव्य उत्तरहरू:**<br>• आमाबाबुले भनेको मान्ने<br>• शिक्षकहरूलाई आदर गर्ने<br>• आफूभन्दा तल्लो कक्षाका विद्यार्थीहरूलाई माया गर्ने<br>• आमाबाबुलाई मद्दत गर्ने<br>• विद्यालयमा कक्षाहरू सफा गर्ने<br>• आफू पनि खेल्ने र अरूलाई पनि खेल्न दिने<br>• मिलीजुली काम गर्ने र मिलीजुली खेल्ने<br>• कक्षामा शिक्षक प्रवेश गर्दा उठेर आदर गर्ने<br>• आफूभन्दा ठूलोलाई नमस्कार गर्ने<br>• ईश्वरको प्रार्थना गर्ने<br>• दिनदिनै विद्यालय जाने<br>• रिसलाई नियन्त्रण गर्ने<br>• साथीहरूलाई गृहकार्य गर्न मद्दत गर्ने<br>• सत्य कुरा बोल्ने, झुठो नबोल्ने<br>• छरछिमेकमा भइरहेको विकास निर्माणको काममा श्रमदान गर्ने<br>• नबुझेका कुरा शिक्षक र अभिभावकहरूसित सोध्ने |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ५. प्रत्येक कार्डबोर्डमा लेखिएका बुँदाहरू एकजना समूह नेतालाई पढ्न लगाउने । छलफलको आधारमा ठीक बुँदामा रेजा चिन्ह र बेठीक र दोहोरिएको बुँदाहरूमा क्रस (×) चिन्ह राख्ने । एकजना प्रशिक्षार्थीलाई कार्डबोर्डमा निम्न अनुसारको कोठा बनाउन लगाई त्यसको बायाँतिरको कोठामा प्रत्येक समूह नेताले रेजा चिन्ह लगाइएका मुख्यमुख्य बुँदाहरू सार्न निर्देशन दिने । | ५. प्रत्येक समूह नेताले आ-आफ्नो कार्डबोर्डमा लेखिएका बुँदाहरू पढेर कुन ठीक, कुन बेठीक र कुन दोहोरिएको छ भन्ने कुरा छलफल गरी बताउँछन् । |
| सामाजिकीकरणको लागि प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूले विकास गर्नुपर्ने मूल्य, आदर्श र विश्वासहरू<br>• आफूपनि खेल्ने र अरूलाई पनि खेल्न दिने<br>• आफूभन्दा ठूलो व्यक्तिलाई आदर गर्ने र सानोलाई माया गर्ने<br>• मिलिजुली काम गर्ने<br>• कक्षामा शिक्षकले प्रवेश गर्दा उठेर आदर गर्ने<br>• विद्यालयको नियम पालन गर्ने<br>• समयमा विद्यालय जाने र गृहकार्य गर्ने<br>• ईश्वरको प्रार्थना गर्ने<br>• साँचो बोल्ने र झुठो नबोल्ने<br>• रिसलाई नियन्त्रण गर्ने | |
| माथि उल्लिखित बुँदाहरूमध्येबाट सामाजिक मूल्य र आदर्शहरू, सामाजिक विश्वासहरू, व्यक्तित्त्व विकाससित सम्बन्धित बुँदाहरू छुट्याउने । | |
| **निष्कर्ष:**<br>समाजिकीकरण भनेको एउटा यस्तो प्रक्रिया हो, जसद्वारा बालबालिकाहरूले आ-आफ्नो समाजको साँस्कृतिक मूल्यहरू, विश्वासहरू र आदर्शहरू प्राप्त गर्दछन् । समाजमा आफ्नो के स्थान छ र आफूले अरूसित कसरी व्यवहार गर्नुपर्दछ भन्ने कुरा सिक्दछन् र आ-आफ्नो व्यक्तित्वको विकास गर्दछन् । | |

## ७.२ बालबालिकाहरूको सामाजिकीकरणमा शिक्षक/विद्यालयको भूमिका

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| १. घरपरिवारमा छरछिमेकमा साथीहरूसँग र विद्यालयका साथीहरूसँग मिल्नका लागि प्राथमिक विद्यालय उमेरका बालबातिकाहरूमा हुनुपर्ने कुराहरूको बारेमा ७.१ को ५ नं. क्रियाकतापमा तयार पारेको चार्ट टाँस्ने र एकजना प्रशिक्षार्थीलाई पढ्न लगाउने । | १. एकजना प्रशिक्षार्थीले सबैले सुन्ने गरी पढ्छन् । |
| उक्त चार्टको दायाँतिरको माथिल्लो कोठामा चार्टमा दिए अनुसारको शीर्षक लेख्ने । | प्रशिक्षकले चार्टमा लेखेको कुरा अवलोकन गर्छन् । |

| समाजिकीकरणको लागि प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूले गर्नुपर्ने मूल्य, आदर्श र विश्वासहरू | समाजिकीकरणका लागि शिक्षक/विद्यालयले गर्नुपर्ने कार्यहरू |
|---|---|
| – | |
| – | |
| – | |
| – | |
| – | |
| – | |
| – | |
| – | |
| – | |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| २. चार्टमा उल्लेखित विद्यार्थीमा हुनुपर्ने प्रत्येक कुरा विकास गर्न विद्यालय वा शिक्षकले के गर्नुपर्छ, छलफल गरी चार्टमा लेख्ने । | २. चार्टमा उल्लिखित विद्यार्थीहरूमा विकास गराउनुपर्ने प्रत्येक कुराको लागि शिक्षक वा विद्यालयले गर्नुपर्ने कार्यहरू बताउँछन् ।<br>**सम्भाव्य उत्तरहरू:**<br>● नक्कल गरेर<br>● सजाय दिएर<br>● शिक्षकले सम्झाएर<br>● पुरस्कार दिएर<br>● खेलेर<br>● अन्तरक्रिया गरेर<br>● समूहमा काम गरेर |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ३. विद्यार्थीहरूमा उत्लेखित प्रत्येक मूल्य र आदर्श विकास गराउनका लागि शिक्षक वा विद्यालयले गर्नुपर्ने चार्टमा लेखिएका विभिन्न उत्तरहरूमध्ये छलफल गरी उपयुक्त उत्तरमा रेजा चिन्ह लगाउने ।<br>**उपयुक्त उत्तरहरू**<br>• अन्तरक्रिया गराएर<br>• विभिन्न खेल खेलाएर<br>• राम्रो व्यवहारलाई पुरस्कृत गरेर<br>• सांकेतिक पुरस्कार दिएर<br>• सांकेतिक दण्ड दिएर<br>• समूहमा क्रियाकलाप गराएर<br>• बालकेन्द्रित शिक्षण अपनाएर<br>• कक्षामा विभिन्न प्रकारले बस्ने व्यवस्था मिलाएर | ३. विद्यार्थीहरूमा प्रत्येक मूल्य र व्यवहारको ढाँचा विकास गराउनका लागि चार्टमा लेखिएका विभिन्न उत्तरहरू मध्ये उपयुक्त उत्तर छानी वा आवश्यक भएमा सुधार गरी बताउनेछन् । |
| ४. विद्यार्थीहरूमा आवश्यक मूल्यहरू र आदर्शहरू विकास गर्नका लागि शिक्षक वा विद्यालयले गर्नुपर्ने सबै कार्यहरू चार्टमा लेखिसकेपछि एकजना प्रशिक्षार्थीलाई पढ्न लगाउने । | ४. चार्टमा लेखिएका कुराहरू एकजना प्रशिक्षार्थीले सबैले सुन्ने गरी पढ्नेछन् । |
| ५. तल दिइएको भनाइहरू भएको कार्डबोर्ड भित्तामा झुण्ड्याउने र एकजना प्रशिक्षार्थीलाई पढ्न लगाउने ।<br><br>विद्यालयमा शिक्षकहरू र साथीहरूसित मिलेर बस्नको लागि बालबालिकाहरूले स्वीकृत व्यवहारका ढाँचाहरू अनुरूप व्यवहार गर्न सिक्दछन् । विद्यालयमा बालबालिकाहरूले गर्नुपर्ने त्यस्तो व्यवहारका ढाँचाहरूका उदाहरणहरू के के हुन सक्दछन् ? | ५. एकजना प्रशिक्षार्थीले पढ्छन् र अरूले सुन्छन् । |
| ६. प्रत्येक प्रशिक्षार्थीलाई माथिको प्रश्नको उत्तरका बारेमा एक एकओटा उदाहरण ५ मिनेटभित्र आ-आफ्नो कापीमा लेख्न लगाउने । | ६. प्रशिक्षार्थीहरू सम्भावित उत्तरहरू आ-आफ्नो कापीमा लेख्छन् ।<br>• विद्यालय पोशाक लगाएर आउने<br>• सफासुग्घर भएर आउने<br>• शिक्षक कक्षामा प्रवेश गर्दा उठ्ने |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| | • परीक्षामा अर्काको नक्कल नगर्ने र चिट नचोर्ने<br>• शिक्षकलाई नमस्कार गर्ने<br>• कक्षामा प्रश्न गर्नुअगाडि हात उठाई शिक्षकको अनुमति लिने<br>• शिक्षक कक्षामा भएको बेलामा कक्षामा प्रवेश गर्न शिक्षकसँग अनुमति लिने<br>• कक्षाका आफूभन्दा सानालाई माया गर्ने |
| ७. प्रशिक्षार्थीहरूले कालो पाटीमा लेखेका ठीक उत्तरहरूमा रेजा (✓) चिन्ह लगाउने, सच्याउनुपर्ने भएमा सच्याउने र बेठीक उत्तरमा क्रस (×) चिन्ह लगाउने । ठीक उत्तरहरूलाई लवाइखवाइ, अभिवादन गर्ने तरिकाहरू र गर्नैपर्ने व्यवहारहरूमा विभाजन गरिदिने । | ७. प्रशिक्षार्थीले प्रशिक्षकलाई सहयोग गर्छन् । |
| ८. निम्न प्रश्नहरू भएको कार्डबोर्ड भित्तामा झुण्ड्याउने र ती प्रश्नहरूमा दिइएका दुईओटा विकल्पमध्ये कुन राम्रो र त्यो विकल्प राम्रो हुनाको कारणहरू बताउन लगाउने ।<br>(क) राम्रो व्यवहार गर्न दिन राम्रो व्यवहार गरेपछि पुरस्कृत गर्न वा गलत व्यवहार गर्नेलाई दण्ड दिनु राम्रो हुन्छ ?<br>(ख) ठीक व्यवहारलाई दोहोऱ्याउन दिन पुरस्कारको रूपमा वस्तु दिनु राम्रो कि साङ्केतिक पुरस्कार दिन राम्रो हुन्छ ?<br>(ग) तपाईंको घरमा बालकले भनेजस्तै तपाईं गर्नुहुन्छ कि तपाईंले सोचेजस्तै बालकलाई गराउनुहुन्छ ? | ८. प्रशिक्षार्थीहरू प्रश्न पढ्छन् र उत्तर लेख्छन् र पालैपालो उत्तर बताउँछन् । |
| ९. प्रशिक्षार्थीहरूको उत्तरको आधारमा ठीक बेठीक छुट्याउने र आवश्यकताअनुसार सच्याउने । | |

## ७.३ बालकेन्दित शिक्षण

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| १. "पढेर हैन परेर जानिन्छ" प्रस्तुत भनाइ राख्दै यस भनाइको आसय के होला भनी प्रश्न गर्ने ।<br><br>**निष्कर्ष:**<br>हो, शिक्षकले दिएको उपदेशात्मक शैलीको शिक्षणले भन्दा बालबालिकाहरू आफैले केही गरेर (छलफल गरेर, समस्या समाधान गरेर, खेलेर आदि) व्यवहारिक रूपमा अभ्यास गर्ने अवसर पाएमा सिकाइ प्रभावकारी हुन्छ । | १. पढेरभन्दा व्यवहारमा अनुभव गरेर धेरै ज्ञान, सीप हासिल गरिन्छ भन्ने बारेमा छलफल गर्नेछन् । |
| २. कक्षा एकको ताराबाजी लै लै पाठ कसरी शिक्षण गर्ने होला ?<br><br>प्रशिक्षार्थीहरूको जवाफलाई समेट्दै प्रश्न गर्ने-<br>• यी क्रियाकलाप बालकेन्द्रित भए कि भएनन् ?<br>यसलाई अझ बढी बालकेन्द्रित बनाउन के गर्नुपर्ला ?<br>• मामा, माइजु, डोली, सोली घोडा भएको चित्र प्रदर्शन गर्दै प्रश्नोत्तरको माध्यमबाट चित्र वर्णन गराउने ।<br>• मामा आए घोडा भन्दा घोडा हिँडेजस्तो, माइजु आइन डोली भन्दा डोली बोकेजस्तो, बुबुमाम सुपुक्क भन्दा खाना खाएजस्तो आदि अभिनय गर्दै अभिनयको साथमा गाउन लगाउने । मामा, माइजु, भान्जीको भूमिका निर्वाह क्रियाकलाप गराउने | • गीत गाएर सुनाउने<br>• गाउन लगाउने<br>• ताली बजाउन लगाउने<br><br>• प्रशिक्षक सँगसँगै अभिनयात्मक ढङ्गबाट ताराबाजी लै लै गीत अभ्यास गर्नेछन् ।<br><br>• भूमिका निर्वाहमा सहभागी हुनेछन् । |
| ३. एकजना अङ्ग्रेजी पढाउने शिक्षकले आफ्ना विद्यार्थीलाई ५० ओटा अङ्ग्रेजी शब्द र तीनका नेपाली अर्थ पाठ्यपुस्तकबाट सङ्कलन गरी कण्ठ गर्न लगाउनुभयो ।<br>अर्को अङ्ग्रेजी शिक्षकले त्यही शब्दसूची विद्यार्थीलाई दिएर भन्नुभयो- "अर्को हप्ता कक्षामा spelling contest गर्ने, शब्दहरू यसै सूचीबाट सोधिनेछ, धेरै मिलाउन सक्नेलाई house competition मा छनौट गर्ने ।" | ३. प्रशिक्षकद्वारा प्रस्तुत उदाहरण ध्यानपूर्वक सुन्नेछन् । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| प्रश्न गर्ने-<br>● कुन चाहिँ शिक्षकको शिक्षण तरिका प्रभावकारी छ ? किन ? | दोस्रो शिक्षकको<br>कारण:<br>● प्रतिस्पर्धात्मक बनाइनु<br>● उत्प्रेरकको प्रयोग (छनौट)<br>● खेलको शैली हुनु |
| ४. एक शिक्षकले ज्यामिति पढाउँदा विभिन्न लम्बाइका सरलरेखा कोरेर विद्यार्थीलाई स्केलको प्रयोग गरी सेन्टीमिटरमा नाप पत्ता लगाउन लगाउनुहुन्छ । अर्को शिक्षकले विद्यार्थीहरूलाई स्केलको प्रयोग गरी उनीहरूको डेस्क, बेन्चको लम्बाइ चौडाइ, गणित किताबको लम्बाइ चौडाइ नाप्न लगाउनुहुन्छ ।<br><br>प्रश्न गर्ने-<br>● कुन चाहिँ तरिका बढी रोचक र सक्रिया वातावरणमा हुन्छ होला ? | ● दोस्रो |
| ५. "धुम्रपानबाट हुने हानी नोक्सानी" विषयवस्तु शिक्षण गर्न दुई शिक्षकले भिन्नभिन्न तरिका अपनाए" ।<br><br>पहिलो-<br>● धुम्रपानबाट हुने हानी नोक्सानी बुँदागत रूपमा बोर्डमा लेख्दै वयान गर्ने ।<br>हानी नोक्सानी<br>- खोकी लाग्ने<br>- मुख गन्हाउने<br>- पैसा खर्च हुने<br>- औंला र ओंठ कालो हुने<br>- फोक्सो खराव हुने<br>- क्यान्सर रोग लाग्ने<br><br>दोस्रो-<br>● चुरोट, सुर्ति, खैनीको साँच्चिकै वस्तु वा चित्र देखाउने<br>● चुरोट खाइरहेको दुब्लो खिनौरो मान्छेको फोटो देखाउने | ५. प्रशिक्षकबाट प्रस्तुत उदाहरणहरू ध्यानपूर्वक सुन्नेछन् । नबुझेको कुरा प्रश्न गरी सोध्नेछन् । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| • "धुम्रपान स्वास्थ्यका लागि हानिकारक छ" भन्ने चुरोटको खोलमा लेखेको सबै विद्यार्थीलाई देखाउने ।<br>• चुरोट धेरै खाएर रोगी भई दु:ख पाएर मरेको मानिसको काल्पनिक कथा सुनाउने ।<br>• अन्तमा धुम्रपानका बेफाइदा विद्यार्थीहरूलाई नै भन्न लगाउने । | |
| कुन चाहीं शिक्षण तरिका बढी बालकेन्द्रित छ ?<br>• कारण समेत बताउनुहोस् । | • दोस्रो ।<br>• कारण भन्नेछन् । |
| ६. सहभागीहरूलाई ४/४ जनाको समूहमा विभाजन गर्ने । प्रत्येक समूहलाई बालकेन्द्रित हुने गरी १५ मी. समयको लागि शिक्षण गर्ने पाठयोजना निर्माण गर्न लगाउने । योजना निर्माणमा प्रशिक्षकले पृष्ठपोषण प्रदान गर्ने । योजना तयरि भएपछि प्रत्येक समूहबाट एकएक जनालाई प्रदर्शन शिक्षण गर्न लगाउने । | ६. प्रशिक्षार्थीहरू समूहमा विभाजित हुनेछन्:-<br>**समूह** — **विषयवस्तु**<br>समूह 'क' — ह्रस्व, दीर्घको अभ्यास<br>समूह 'ख' — पोसिला खानेकुरा<br>समूह 'ग' — मेरो परिवार<br>समूह 'घ' — पानीको उपयोगिता<br>समूह 'ङ' — कागज दाजे कविता<br>समूह 'च' — कस्ताकस्ता घर<br><br>समूहमा कार्य गर्नेछन् । योजना र आवश्यक शैक्षिक सामग्री तयार पार्नेछन् । टोली नता (प्रदर्शन शिक्षणका लागि) छनौट गर्नेछन् । प्रत्येक समूहबाट एकएक जनाले प्रदर्शन शिक्षण गर्नेछन् । |
| प्रदर्शन शिक्षणको क्रममा केही सहभागीहरूलाई अवलोकनकर्ता (observer) र केही सहभागीलाई विद्यार्थीको भूमिका गर्न लगाउने ।<br>अवलोकनका लागि निम्न अवलोकन फारम प्रयोग गर्ने । | केही सहभागीले अवलोकनकर्ता र केहीले विद्यार्थीको भूमिका निर्वाह गर्नेछन् । |

शिक्षकको नाम:-

| क्र.सं. | क्रियाकलाप | धेरै | सामान्य | न्यून |
|---|---|---|---|---|
| १. | रूचिपूर्णता | | | |
| २. | विद्यार्थी सक्रियता | | | |
| ३. | शिक्षक सक्रियता | | | |
| ४. | विद्यार्थीको लागि उपयोगिता | | | |
| ५. | सिर्जनात्मकता | | | |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ७. बालकेन्द्रित शिक्षण प्रयोगद्वारा बालबालिकाहरू कसरी समाजिकरणको प्रक्रियामा बढ्दछन् ? अन्तिम निस्कर्ष दिने । | ७. निस्कर्षको समीक्षा गर्नेछन् । मुख्यमुख्य बुंदाहरू टिपोट गर्नेछन् । |

समय - ८ घण्टा

## १. एकाइ शीर्षक

विशेष प्रकृतिका बालबालिकाहरूको विशेषताहरू (प्रतिभाशाली र पिछडिएका बालबालिकाहरू)

## २. एकाइ परिचय

प्राथमिक शिक्षालाई आधारभूत शिक्षाको रूपमा लिइन्छ । प्राथमिक शिक्षाको सर्वसुलभ र गुणात्मकता विकास गर्नको लागि सरकारी क्षेत्रबाट विभिन्न प्रयासहरू भैरहेका छन् । तथ्याङ्कबाट के देखिन्छ भने अझै २०% केटाकेटीहरू विद्यालय शिक्षाबाट वञ्चित छन् । विद्यालय शिक्षाको उपलब्धिस्तर पनि कम छ । यसमा अपाङ्गता र पिछडिएका समूहहरूको लक्षित समुदायको ठूलो सहभागिता छ । यसको लागि विशेष प्रकृतिका केटाकेटीहरू जसमा विभिन्न प्रकृतिका अपाङ्ग विद्यार्थीहरू, समाजमा पिछडिएका कमजोर पारिवारिक परिवेशका बालबालिकाहरूलाई विशेष रेखदेख र व्यवस्थापनको आधारमा अध्ययन अध्यापन हुनुपर्दछ । प्रतिभाशाली बालबालिकाहरू साधारण बालबालिकाहरूलाई भन्दा उच्च बौद्धिक क्षमताका विषयवस्तुमा थप भार भए पनि हुन्छ । तर सबै केटाकेटीहरूको सिकाइको स्तर, सिक्ने क्षमता, सिक्ने अभिरूचि एकैनासको हुँदैन । कसैलाई थोरै समयमा धेरै कुरा सिकाउन सकिन्छ, जसलाई तीक्ष्ण प्रतिभाका केटाकेटी पनि भन्ने गरिन्छ भने कसैलाई धेरै समय दिएर, विशेष शिक्षण विधि, शैक्षिक सामग्रीहरूको प्रयोग गर्दा पनि सिकाउन गाह्रो पर्न जान्छ । यसमा विभिन्न प्रकृतिका अपाङ्गता भएका विद्यार्थीहरू, जस्तै- कान कम सुन्ने वा बहिरा (सुस्त श्रावण भएका), सुस्तमनिस्थिति भएका, अन्धा, शारीरिक अपाङ्ग, सिकाइ क्षमता कम भएका र सामाजिक रूपमा पिछडिएका वर्गका बालबालिकाहरू पर्दछन् । यस्ता बालबालिकाहरूलाई अन्य साधारण एवम् साङ्ग विद्यार्थीहरू सरह सहजै र साधारण वातावरणमा अध्यापन गराउन समस्या पर्न जान्छ । प्राथमिक तहमा शिक्षकलाई यी बालबालिकाहरूको बारेमा जानकारी हुन सकेको खण्डमा शिक्षण सिकाइ प्रभावकारी बनाउन टेवा पुग्छ । यसै किसिमले पिछडिएका जनसमुदायबाट आउने बालबालिका र हल्का अपाङ्ग बालबालिकाहरूलाई विद्यालयको वातावरणसँग सामन्जस्यता स्थापित गराउन सकिएन भने दैनिक शैक्षिक क्रियाकलाप रूचिपूर्ण र सहभागितामूलक हुन सक्दैन । अर्को शब्दमा भन्दा पिछडिएका समुदाय र हल्का अपाङ्ग बालबालिकाहरूको भाषास्तर, संस्कार, चाहना, सहपाठीको व्यवहार आदि पक्ष सकारात्मक भएन भने विद्यालयको शिक्षा रूचिकर हुँदैन । यसर्थ उनीहरूको आवश्यकतालाई बुझी उचित कक्षाकोठाको व्यवस्थापन, मायाममता, उत्प्रेरणा, शिक्षण प्रविधि, विषयवस्तुको छनौट एवम् योजनाहरूको निर्माण गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउनुपर्दछ । प्रस्तुत पाठमा यिनै प्रकारका विशेष प्रकृतिका बालबालिकाहरूको विशेषताहरूलाई केलाइएको छ, जसले शिक्षकलाई कक्षाकोठामा अध्ययन, अध्यापनमा सहयोग पुऱ्याउनेछ ।

## ३. एकाइको उद्देश्य

यस एकाइको प्रशिक्षणपछि प्रशिक्षार्थीहरू निम्नलिखित कार्यहरू गर्न सक्नेछन्-

१) विशेष प्रकृतिका बालबालिकाहरू पहिचान गरी वर्गीकरण गर्न ।

२) विशेष प्रकृतिका बालबालिकाहरूको विशेषताहरू पहिचान गरी वर्णन गर्न ।

३) विशेष प्रकृतिका बालबालिकाहरूको विकासका लागि शिक्षकले ध्यान दिनुपर्ने कुराहरू वर्णन गर्न ।

## ४. शिक्षण सामग्रीहरू

चार्टहरू (विशेष अवस्थाका बालबालिकाहरूको वर्गीकरण र विशेषताहरूको चार्टहरू), कार्डबोर्डहरू, विशेष प्रकृतिका बालबालिकाहरूको चित्र, मार्कर पेन, साइन पेन, टेप, कैंची, गम आदि ।


## ५. मुख्य क्रियाकलाप

| | | समय |
|---|---|---|
| (१) | विशेष प्रकृतिका विद्यार्थीहरूको वर्गीकरण | २ घण्टा |
| (२) | विशेष प्रकृतिका विद्यार्थीहरूका सामान्य विशेषताहरू पहिचान र वर्णन | ४ घण्टा |
| (३) | विशेष प्रकृतिका विद्यार्थीहरूको विकासमा शिक्षकले ध्यान दिनुपर्ने कुराहरू वर्णन | २ घण्टा |

## ६. विस्तृत क्रियाकलाप

६.१ विशेष प्रकृतिका विद्यार्थीहरूको वर्गीकरण र पहिचान

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| १. विशेष प्रकृतिका बालबालिकाहरूको चित्र प्रदर्शन गरी प्रशिक्षकले आ-आफ्नो परिवेशमा रहेका विभिन्न विशेष प्रकृतिका बालबालिकाहरूको वर्गीकरण गर्न निर्देशन दिने । | १. सबैले प्रशिक्षकको निर्देशनअनुसार विभिन्न प्रकृतिका विशेष बालबालिकाहरूको वर्गीकरण गरेर सूचि तयार गर्ने । |
| २. वर्गिकरण गरिएका विशेष प्रकृतिका बालबालिकाहरूबीच तुलना गर्न लगाउनको लागि समूहमा छलफल गर्न लगाई सोबारे कार्डबोर्डमा टिप्न लगाउने । | २. समूहमा छलफल गर्ने, सबै प्रकारका विशेष प्रकृतिका बालबालिकाहरूको बीच तुलना गर्ने र कार्डबोर्डमा प्रस्तुतीको लागि टिप्ने । |
| ३. समूह नेतालाई आ-आफ्नो समूहको छलफलका बुँदा प्रस्तुत गर्न लगाउने र अन्यलाई प्रस्तुतीकरणमा छलफल गर्न लगाउने । | ३. समूह नेताले प्रस्तुतीकरण गर्ने र अरूले छलफलमा सक्रिय सहभागी हुने । |
| ४. प्रशिक्षार्थीहरूबाट प्रस्तुत गरिएका बुँदाहरू ठीक भए नभएको एकिन गरी ठीकलाई सही (✓) र गलत उत्तरलाई क्रस (×) चिन्ह लगाउने । | ४. छलफलमा सहभागी हुने र प्रशिक्षकको निर्देशन वमोजिम गर्ने ।<br>**सम्भाव्य उत्तर**<br>• तीक्ष्ण बुद्धि भएका प्रतिभाशाली<br>• पिछडिएका विशेष लक्षित समुदायका विद्यार्थीहरू<br>• शारीरिक अपाङ्ग विद्यार्थीहरू<br>• सुस्तमनस्थितिका विद्यार्थीहरू<br>• सुस्त श्रवण भएका विद्यार्थीहरू<br>• अन्धा विद्यार्थीहरू |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ५. प्रस्तुत गरिएका विभिन्न विशेष आवश्यकता भएका बालबालिकाहरूको वर्गीकरण गरी प्रमुख समूहमा राख्न निर्देशन दिने। यसका लागि समूहमा छोटो छलफल गरी आ-आफ्नो समूहको धारणा कालोपाटीमा टिप्न लगाउने।<br><br>**वर्गीकरणको चार्ट**<br> | ५. वर्गीकरण गर्ने प्रयास गर्ने र कालोपाटीमा एकजनाले टिप्ने। |
| ६. प्रस्तुत गरिएको चार्टको आधारमा प्रतिभाशाली, पिछडिएका समुदायका र अपाङ्ग बालबालिकाका पहिचान गर्ने आधारहरू केके हुन सक्छन् भन्ने प्रश्न गरी समूहमा ५ मिनेट छलफल गर्न लगाई कालोपाटीमा टिपोट गर्न एकजनालाई बोलाउने। | ६. छोटो छलफल गर्ने र पहिचान गर्ने बुँदाहरू कालोपाटीमा टिप्ने-<br><br>**सम्भाव्य उत्तर**<br>● थोरै समयमा धेरै सिक्ने क्षमता<br>● साथीहरूसँग बस्ने, मिल्ने क्षमता नहुनु<br>● अपाङ्ग देखिनु<br>● कमजोर भाषा, हिचकिचाहट<br>● उच्च बौद्धिक क्षमता |
| ७. प्रस्तुत गरिएका बालबालिकाहरूमध्ये अपाङ्गताका प्रकारहरूमा पनि विभिन्न खालका अपाङ्ग हुन्छन् कि भनी छलफल गराउने, जस्तै-<br>● हल्का<br>● मध्यम<br>● उच्च/तीव्र | ७. प्रशिक्षकको निर्देशन बमोजिम छलफल गरी बुँदाहरू प्रस्तुत गर्ने।<br><br>**सम्भाव्य उत्तर**<br>● पढाउन सकिने<br>● पढाउन नसकिने |
| ८. प्रशिक्षार्थीलाई अपाङ्गताको वर्गीकरण गरी सकेपछि पठनपाठनमा सहभागी गराउन सकिने खालका पिछडिएका समुदायका र अपाङ्गहरू कुन प्रकृतिका हुन्छन् वर्णन गर्न लगाउने। | ८. सहभागीले छलफल गरी उत्तर बताउने।<br><br>**सम्भाव्य उत्तर**<br>● हल्का खालका अपाङ्गहरू<br>● पिछडिएका समुदायका बालबालिकाहरू |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ९. कुनै पनि व्यक्ति वातावरणको कारणले पनि अपाङ्ग हुन सक्छ । हल्का खालका अन्धा, बहिरा र सुस्तमनस्थितिका बालबालिकाहरू, शारीरिक अपाङ्ग र पिछडिएका जनसमुदायका बालबालिकाहरूलाई उपयुक्त वातावरणमा विद्यार्थीकेन्द्रित शिक्षण प्रविधिको प्रयोग गरी शिक्षण गरे सिकाउन सकिन्छ । अपाङ्ग र पिछडिएका बालबालिकालाई माया, ममता, स्नेह मात्र होइन केही गर्नुपर्छ भन्ने भावना र जीवनोपयोगी शिक्षाको लागि उत्प्रेरणाको ज्यादै महत्त्व हुन्छ । यसैगरी प्रतिभाशाली विद्यार्थीहरूको प्रतिभालाई पहिचान गरेमा कक्षाकोठाको शिक्षण सिकाइमा उनीहरूको सक्रियता र उपयोग गरी सहपाठी शिक्षण गर्न सहयोग गर्दछ भने देशकै लागि योगदान दिन सक्ने सृजनशील नागरिक तयार गर्न सकिन्छ भन्ने निष्कर्ष बताउने । | ९. प्रशिक्षकको निष्कर्षलाई ध्यानपूर्वक सुन्ने र नबुझेमा प्रश्नोत्तर गर्ने । |

६.२ विशेष प्रकृतिका बालबालिकाहरूका विशेषताहरू

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| १. सबै प्रशिक्षार्थीलाई सानो साइजको एकएक कार्डबोर्ड दिने र विभिन्न प्रकारका विद्यार्थीहरूको एक-एक ओटा विशेषता लेख्न लगाउने । | १. सबैले विशेष प्रकृतिका विद्यार्थी र लक्षित समुदायका विद्यार्थीहरूका छुट्टाछुट्टै एकएक ओटा विशेषता कार्डबोर्डमा लेख्ने । |
| २. प्रशिक्षकले माथी वर्गीकरण गरिएको चार्टलाई भित्तामा टाँस्ने र सोही ठाउँमा मिल्दो विशेष आवश्यकता भएका विद्यार्थीको विशेषता लेख्न लगाउने । | २. प्रशिक्षकको निर्देशनअनुसार सबैले लेखेका विशेषताहरूलाई विशेष आवश्यकता भएका बालबालिकाहरूको क्षेत्रअनुसार समूहमा वर्गीकरण गरी प्रत्येक क्षेत्रअन्तर्गत पर्ने विशेषताहरू निर्देशनअनुसार लेख्ने । |
| ३. प्रत्येक समूहका समूह नेताबाट आ-आफ्नो समूहबाट टाँसिएको चार्ट प्रस्तुतीकरण गर्न लगाउने र अन्यलाई छलफल, प्रश्नोत्तर गर्न लगाई सही गलत ठम्याउने । | ३. समूह नेताले प्रस्तुतीकरण गर्ने अन्य सहभागीले छलफलमा भाग लिने, प्रश्नोत्तर गर्ने । |
| ४. सबै समूहबाट प्रस्तुत गरिएका विशेषताहरू ठीक गलत एकिन गरी ठीकलाई रातो रङ्गको चिन्ह र गलतलाई कालो रङ्गको मार्करले चिन्ह लगाउने र एक चार्टको रूपमा निम्नानुसार उत्तरहरू प्रस्तुत गर्नेः- | ४. सक्रिय रूपमा छलफलमा सहभागी हुने र नबुझेको र चित्त नबुझेको ठाउँमा प्रतिप्रश्न गरी स्पष्ट हुने । |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| विशेषताहरू<br>• कमजोर मानसिक अवस्था भएकाले देखेका सुनेका कुराहरू पनि अभिव्यक्त गर्न नसक्नु<br>• साथीसंगतिहरूसँग मेलमिलाप गर्न नसक्नु<br>• अस्वभाविक सामाजिक व्यवहार<br>• असाधारण उचाइ<br>• शिक्षण सिकाइमा शान्त हुन नसक्नु<br>• शरीर सन्तुलन नहुनु<br>• भाषिक विकासमा कमजोर<br>• वोली र भाषामा समस्या<br>• पढाइ र तार्किक शक्ति कमजोर<br>• दिक्क मान्नु<br>• विस्तृतिकरण, विश्लेषण क्षमतामा कमी<br>• कक्षाकोठामा कानेखुसी गर्नु<br>• सजिलै उठबस, हिड्डुल गर्न असमर्थ<br>• विषयवस्तुप्रति ध्यानाकर्षण गर्न नसक्नु<br>• चर्को स्वर<br>• मौखिक अभिव्यक्तिमा कमजोर<br>• छड्के हेर्नु<br>• अप्ठारा विषयमा कमजोर<br>• नजिक या टाढा हेर्न नसक्नु<br>• वाक्यगठनमा समस्या<br>• चञ्चलपन<br>• छिटो र सरल सिकाइ<br>• विभिन्न प्रायोगिक र तार्किक विषयवस्तुको प्रस्तुती<br>• राम्रो स्मरण शक्ति<br>• भाषास्तर उच्च<br>• अप्ठ्यारा मानसिक कार्य समाधान गर्न सक्षम<br>• गहिरो अभिरूचि<br>• उच्च वौद्धिक क्षमता<br>• छिटो र स्पष्ट विश्लेषण शक्ति | |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ५. विभिन्न विशेषतालाई कुन क्षेत्रअन्तरगत पर्दछन् सिलसिलाबद्ध र भाषिक स्पष्टता र सरल बनाई कालोपाटीमा चार्टको रूपमा प्रस्तुत गर्ने । | ५. छलफलमा भाग लिने र प्रशिक्षकलाई वर्गिकरण गर्न, भाषिक स्पष्टता गर्न सहयोग गर्ने । |

**विशेष आवश्यकता भएका बालबालिकाहरूको वर्गिकरण र विशेषता**

**पिछडिएका समुदायका बालबालिका**
- अस्वाभाविक व्यवहार
- साथीसँग मेलमिलाप गर्न नसक्नु
- भाषिक विकास कमजोर
- पढाइमा दिक्क मान्नु
- एक्लै बस्नु
- अप्ठ्यारा विषयमा कमजोर
- कमजोर वाक्यगठन

**प्रतिभाशाली विद्यार्थी**
- छिटो र सरल सिकाइ
- तार्किक र प्रयोगिक विषयवस्तुको प्रस्तुती
- उच्च स्मरणशक्ति
- उच्च भाषास्तर
- अप्ठारा मानसिक समस्या समाधान गर्ने क्षमता
- उच्च बौद्धिक क्षमता
- उच्च विश्लेषण शक्ति
- सृजनशील शक्ति
- गहिरो अभिरूचि

**अपाङ्ग बालबालिका**
- कमजोर मानसिक अवस्था
- असाधारण शारीरिक वृद्धि र विकास
- शारीरिक सन्तुलन नहुनु
- पढाइमा शान्त नहुनु
- चकचक गर्नु
- कमजोर तार्किक शक्ति
- शरीरका अङ्ग कमजोर हुनु
- चर्को स्वर उच्चारण
- अप्ठ्यारो विषयमा कमजोर
- नजिक टाढा हेर्नु

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| ६. प्रस्तुत गरिएका विशेषताहरूलाई छोटकरीमा निम्नानुसार समूहकृत गर्ने ।<br><br>विशेष आवश्यकता भएका बालबालिकाहरूका विशेषताको वर्गीकरण (पाठ्यक्रम वमोजिम)<br>• मानसिक क्षमताको आधारमा पाइने विशेषताहरू<br>• मिलनसारितासम्बन्धी विशेषताहरू<br>• सिकाइको गतिसम्बन्धी विशेषताहरू<br>• उत्सुकतासम्बन्धी विशेषताहरू<br>• शब्दभण्डारको क्षमताजनित विशेषताहरू<br>• पढाइ र तार्किक विशेषताहरू<br>• सामन्यीकरण गर्न सक्ने विशेषताहरू<br>• प्रगति इच्छुक विशेषताहरू | ६. दुबै चार्टलाई विश्लेषण गरी के-के भिन्नता र समानता देखिए, केलाउने फरक र भिन्न देखिएका बुँदामाथि छलफल गर्ने । समूहकृत गरिएका विशेषताहरू वर्णन गर्ने । |

## ६.३ विशेष प्रकृतिका बालबालिकाको विकासमा शिक्षकले ध्यान दिनुपर्ने कुराहरू

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
| --- | --- |
| १. माथि उल्लिखित विभिन्न क्षेत्रका अपाङ्ग, लक्षित समुदाय र तीक्ष्ण बुद्धि भएका केटाकेटीहरू एउटै कक्षाकोठामा राखी अध्यापन गराउँदा शिक्षकले कुनकुन क्षेत्रका विद्यार्थीको लागि के-कस्ता पक्षहरूमा विचार पुऱ्याउनुपर्दछ भन्ने प्रश्न राख्दै प्रशिक्षार्थीहरूलाई आ-आफ्नो अभ्यास पुस्तिकामा टिप्न लगाउने र ती बुँदाहरूलाई आ-आफ्नो समूहमा छलफल गर्न लगाउने। | १. विभिन्न क्षेत्रअनुसार शिक्षकले ध्यान दिनुपर्ने कुरा व्यक्तिगत रूपमा टिपोट गरी आ-आफ्नो समूहमा छलफल गर्ने । |
| २. समूहमा छलफल भएका बुँदाहरू कार्डबोर्डमा टिप्न लगाई समूह नेतालाई प्रस्तुत गर्न लगाउने र अन्यलाई प्रस्तुतीकरणमा छलफल गर्न लगाउने । | २. समूह छलफलबाट आएका निष्कर्षहरू कार्डबोर्डमा टिप्ने र समूह नेताले प्रस्तुतीकरण गर्ने साथै अन्यले छलफलमा भाग लिने, प्रश्नोत्तर गर्ने ।<br><br>**सम्भाव्य उत्तर**<br>• अपाङ्गताको क्षेत्र पहिचान गर्ने<br>• अपाङ्गताअनुसार कक्षा व्यवस्थापन गर्ने<br>• अपाङ्गताअनुसार शिक्षण सिकाइ प्रविधिको प्रयोग<br>• उचित शिक्षक व्यवहार<br>• विशेष ख्याल गर्ने<br>• उपयुक्त सम्बलन दिने<br>• शिक्षण सामग्रीको पर्याप्त प्रयोग<br>• दोहोऱ्याई अध्यापन गर्ने<br>• तीक्ष्ण विद्यार्थीलाई अन्य थप क्रियकलापमा सहयोग गर्ने गराउने ।<br>• योजनाबद्ध सिकाइ<br>• घरायसी वातावरणको अध्ययन<br>• वैयक्तिक विवरण तयार गर्ने<br>• सरलताबाट जटिलतातिर शिक्षण गर्ने<br>• माया ममता पर्याप्त दिने<br>• घरेलु वातावरण बनाउने |

| प्रशिक्षक क्रियाकलाप | प्रशिक्षार्थी क्रियाकलाप |
|---|---|
| | • नेतृत्वको जिम्मा दिने (तीक्ष्ण)<br>• सहपाठी शिक्षण गर्ने (तीक्ष्ण)<br>• समान अवसर दिने<br>• उपयुक्त कक्षा व्यवस्थापन गर्ने |
| ३. प्रशिक्षार्थीहरूबाट प्रस्तुत शिक्षकले ध्यान दिनुपर्ने कुराहरूलाई सही र सरल रूपमा कालोपाटीमा क्रमबद्ध र व्यवस्थित रूपले लेख्ने, प्रशिक्षार्थीसँग छलफल गर्ने र कुनकुन कुराहरू कुन क्षेत्रअन्तरगत पर्दछन्, छोटकरीमा सङ्केतमा लेख्ने । | ३. छलफलमा सहभागी हुने, प्रशिक्षकलाई सरल वाक्य बनाउन सहयोग गर्ने, सङ्केतहरू उल्लेख गर्नेबारे सहयोग गर्ने र आ-आफ्नो अभ्यास पुस्तिकामा टिपोट गर्ने । |